# शिक्षक

www.teacher.org.np

अंक ५ ०५ –

मङ्सिर २०६७

पर्सा जिशिकामा अख्तियार पृ. १६
प्रअ: संसारकै उत्तम पद पृ. २२
स्कूलबाट राजनीति धपाउने उपाय पृ. २६
गभर्नरका सन्तोषी गुरु पृ. ४६
भूगोलको भुमरी पृ. ५०




## अप्रेसन गणित!

नयाँ नयाँ पाठ्यक्रम
पुराना पुराना शिक्षक

– पृष्ठ ३०




Corporate Office (home tv):
Lalitpur-3, Pulchowk, Nepal. P.O.Box No: 20939. Tel: 5009240. Fax: 5009070.
E-mail: help@hometvnepal.com, booking@hometvnepal.com URL: www.hometvnepal.com

Toll Free No. 16600110101


A Complete Solution for School And Montessori
playgro
TM
AN ISO 9001:2000 CERTIFIED COMPANY
KIDS
Bringing Excellence To Child
BIBHUSHI INTERNATIONAL
MULTIPURPOSE COMPANY PVT. LTD.
(Opp. Chahana International Academy)
Saat Talle, Kapan, Kathmandu, Nepal
Tel: +977-1-4812514, 2297165
E-mail: bimcprivateltd@gmail.com
BIRLA TYRES
We Deal In:
Chemoleums Lubricants, Birla Tyres
School & Montessori Playing Materials
CHEMOLEUMS


BAJAJ
Distinctly Ahead
जिम्मेवार Rider हरूको Powerful मोटरसाइकल
BAJAJ
pulsar
भन्छन् - POWER ले मान्छेलाई
CORRUPT बनाउँछ ।
तर POWER सँगै जिम्मेवारी
बढ्छ । मसँग पनि POWER छ र
मैले यो POWER लाई जिम्मेवारीका
साथ सदुपयोग गर्न जानेको छु ।
POWER छ भने
जिम्मेवार बनौं ।

# शिक्षक मासिक

जिप्रका ल्पु दर्ता नं ५३/०६५/०६६

वर्ष ३ पूर्णाङ्क ३२

मङ्सिर २०६७
Nov-Dec 2010


# अप्रेसन गणित !




धेरैजसो विद्यार्थी, अभिभावक र शिक्षकहरू समेत एसएलसीमा १० कक्षाको पाठ्यपुस्तकबाट मात्रै गणितका प्रश्न सोधिन्छ भन्ने ठान्छन् । तर यो भ्रम हो । यही भ्रमका कारण गणितमा धेरै विद्यार्थीहरू फेल भइरहेका छन् । वास्तविकता त के हो भने, एसएलसीमा सोधिने गणितका प्रश्नहरू कक्षा १ देखि १० सम्मको गणितका पाठ्यपुस्तकहरूको समष्टि योग हो ।


पृष्ठ ३८-४२



## गतिविधि १६-२०

■ हुँदै नभएका स्कूलको नाममा लाखौं निकासा प्रकरण; पर्सा जिशिकाका २०० फाइल अख्तियारमा ■ अनसन बस्नेले तलब पाउने ■ युनियनलाई रू.२ करोड ■ फेरि मारिए शिक्षक ■ सन्दर्भ सामग्री खोज्दै बझाङका प्रअ

## मूल सामग्री

| | | |
|---|---|---|
| प्रधानाध्यापकः संसारकै उत्तम पद ! | किम स्पार्लिङ | २२ |
| नयाँ नयाँ पाठ्यक्रम पुराना पुराना शिक्षक | | ३० |
| पुस्तकभन्दा पाठ्यक्रम हेरौं ! | भोलाप्रसाद दाहाल | ४४ |
| गभर्नर चेलाका सन्तोषी गुरु | | ४६ |
| ओझेलमा नपरून् अर्ना ! | डा. तीर्थबहादुर श्रेष्ठ | ४८ |
| भूगोलको खोजखबर | प्रा. भीमप्रसाद सुवेदी | ५० |
| Teaching Conversation Skills With Content Based Materials | Greg Goodmacher | ५६ |

## स्तम्भ

विषय-सन्दर्भ ४, हेराइ-बुझाइ ५, सुझाव र प्रतिक्रिया ६, जिज्ञासा र जवाफ १०, मनका कुरा १२, फुर्सद ५९, मैले पढेको स्कूल ६४


## बहस शिक्षामा राजनीति




इन्द्रराज बडु, राजकुमार ढुङ्गाना, सन्तोषी कुमारी चौधरी र सीताराम बस्नेत


पृष्ठ २६-२९



ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष **दीपक थापा** द्वारा प्रकाशित, **सम्पादकः** राजेन्द्र दाहाल
**सल्लाहकार सम्पादकः** केदार शर्मा, **सहायक सम्पादकः** सुदर्शन घिमिरे, **वरिष्ठ संवाददाताः** बाबुराम विश्वकर्मा, **संवाददाताः** प्रमोद आयाम, **ले-आउटः** विपेन्द्र घिमिरे

**कार्यालयः** *शिक्षक* **मासिक,** मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर, **पो.ब.नं. ३९१, ललितपुर,** फोनः सम्पादकीय- ५५४३२५२, व्यापार/विज्ञापन- ५५४८१४२, ग्राहक गुनासो- ४२६५६८६
फ्याक्सः ५५४११९६, इमेलः mail@teacher.org.np, वेबः www.teacher.org.np, मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

■ केदार शर्मा

# पेशाको धर्म र मर्म

हामीले सुने जानेका नामी व्यक्तिहरू हजारौँ छन् । तिनका काम, पेशा, विशेषज्ञता र विशेषता पनि हजारौँ किसिमका छन् । नामी मान्छे सम्झन थाल्दा हाम्रा मनमा इतिहासदेखि अहिलेसम्मका र आफ्ना गाउँठाउँकादेखि संसारभरका कैयन् व्यक्तिहरूको नाम र थाहा छ भने रुपरङ समेत सम्झन थाल्छौँ । राजनेता, स्वतन्त्रता सेनानी, वैज्ञानिक, शिक्षक, प्राध्यापक, लेखक, कलाकार, खेलाडी, कृषक, समाजसेवी, न्यायाधीश- यो सूची टुङ्गिँदैन ।

काम अनेक छन् र एउटै काम पनि मानिस आ-आफ्नै किसिमले गर्छन् । तिनका योग्यता, क्षमता र काम गर्ने शैली आ-आफ्नै हुन्छन् । केही उदाहरण हेर्दा यो अरु स्पष्ट हुन्छ- पढेलेखेका नारायणगोपालका गीत हामी सम्मानपूर्वक मनपराउँछौँ तर पढ्न नपाएका झलकमानप्रति पनि हाम्रो सम्मान उति नै छ । महाकवि देवकोटा मानसिक समस्याबाट ग्रसित थिए तर हामी उनलाई त्यस्तो अवस्थामा पनि साहित्य सिर्जना गरेकोमा सम्मान गर्छौं । विश्व पप सम्राट माइकल ज्याक्सन अत्यन्त विवादास्पद थिए, तर त्यसले उनको कलाकारिताको मूल्य र महत्त्व कहिल्यै घटाएन । यस्ता उदाहरण जति खोजे पनि पाइन्छन् ।

विश्वव्यापी रूपमा वा राष्ट्रियस्तरमा नाम चलेका व्यक्तिहरू मात्र होइन, हामी आफूले मात्र चिनेका मनपर्दा र असल व्यक्तिहरू सम्झौँ- आफ्ना शिक्षक, गाउँका डकर्मी, सिकर्मी, सूचीकार, लोहार, पुरोहित, धामी, वैद्य, नजिकका व्यापारी- र सम्झौँ, हामी उनीहरूलाई किन मनपराउँछौँ ?

मानिस जहाँसुकै बसोस्, जुनसुकै हैसियतको होस् वा जेसुकै काम गरोस्, ऊ मन पराइने कारण एउटै मात्र छ- उसको काम । यसरी हेर्दा मान्छेले के काम गऱ्यो भन्ने भन्दा उसले त्यो काम कसरी गऱ्यो भन्ने चाहिँ बढी महत्त्वपूर्ण रहेको देखिन्छ । सबैले काम सफल हुनकै लागि गरेको हुन्छ । तर राम्रोसित काम गर्ने व्यक्ति कदाचित असफल नै भयो भने लोकले त्यो कुरा बुझ्छ र सम्मान गर्छ । अमरसिंह थापा र भक्ति थापा यसका उदाहरण हुन्; उनीहरू नालापानीको लडाईंमा सफल हुन सकेनन् तर उनीहरूले शत्रुको पनि शिर निहुरिने वीरताको प्रदर्शन गरे । पासाङ ल्हामु सगरमाथाबाट ओर्लिन सकिनन्, त्यसैले उनको अभियान पूर्ण भएन; तर उनले पाउनुपर्ने सम्मान पाएकै छिन् ।

माथि नाम आएका वा नआएका नामी व्यक्तिहरूका बीचको एउटै समानता यही हो- उनीहरू सबैले आफ्नो काम राम्रोसित गरे । 'आफ्नो काम राम्रोसित गर्न' लाई अङ्ग्रेजीमा 'प्रोफेशनालिजम' भनिन्छ । यसलाई नेपालीमा 'व्यावसायिकता' भनेर अनुवाद गर्न सकिन्छ तर शब्द मात्रबाट पूरा अर्थ खुल्दैन । 'प्रोफेशनालिजम' लाई 'पेशाको धर्म र मर्म' भनेर बुझ्न सम्भवत: सबभन्दा उपयुक्त हुन्छ ।

विभिन्न काम गर्न फरक फरक योग्यता, सीप, शैली, समय र ठाउँ हुन्छन् । तर व्यावसायिकताका मापदण्डहरू भने सबै काम र सबै ठाउँका लागि समान हुन्छन् । व्यावसायिकताको पहिलो र प्रमुख शर्त हो आफ्नो कामप्रतिको विश्वास र आफ्नो काम गर्ने तरिकाप्रतिको गर्व । करले गरेको कुनै कामले पनि उत्तम परिणाम दिन सक्दैन ।

व्यावसायिकताको अर्को प्रमुख शर्त हो योग्यता । यसलाई सामर्थ्य वा क्षमता भनेर बुझे पनि हुन्छ । व्यावसायिक व्यक्तिले आफ्नो विषय एकदमै राम्रोसँग बुझेको हुनै पर्छ र ऊ आफ्नो काममा सिपालु हुनै पर्छ । आफ्नो काम राम्रोसँग गर्न नसक्ने व्यक्तिले कदाचित ठूलो पद पाइहाले पनि ऊ प्रभावकारी हुन सक्दैन; पद सँगसँगै ऊ पनि बिर्सिइन्छ ।

योग्यतासित जोडिएको अर्को गुण हो लगनशीलता । लगनशीलताबाटै योग्यता हासिल हुने हुँदा सामान्यतया योग्य व्यक्ति लगनशील नै हुन्छ । तर कहिलेकाहीँ एकदमै योग्य व्यक्तिको लगनशीलतामा पनि कमी आएको देखिन्छ । सफल हुन चाहने व्यक्तिले यसमा सदैव ध्यान दिनु आवश्यक हुन्छ ।

व्यावसायिकताको अर्को शर्त हो भरपर्दोपन । व्यक्ति जति योग्य भए पनि विश्वासयोग्य छैन भने उसको योग्यता काम लाग्दैन । आफ्नो जिम्मामा रहेको काम भरपर्दो गरी पूरा गर्ने व्यक्ति मात्र सफल र प्रतिष्ठित हुनसक्छ । भरपर्दोपन इमानदारीको परिणाम हो । बेइमानीले कहिलेकाहीँ चोरबाटोबाट सफलतासम्म पुऱ्याउन सक्छ तर बेइमानीको बोझले झुकेको शिरमा प्रतिष्ठाको टोपी कहिल्यै पनि अडिन सक्दैन ।

सफल हुन चाहने व्यक्तिले आफूलाई दिनप्रतिदिन अरु योग्य बनाउने प्रयास गरिरहनुपर्छ आफ्नो सीप र क्षमता बढाउन नसक्ने व्यक्तिलाई समयको छालले चाँडै नै पाखा लगाइदिन्छ । सकारात्मक विचार र व्यवहार पनि व्यावसायिकताको गुण हो । आफूले पार लगाउन नसक्ने विषयमा अर्काको खोट मात्र देखाउने व्यक्तिलाई व्यावसायिकताका गुणहरूले सम्पन्न मान्न सकिँदैन । आफ्नो काम राम्रोसित गर्न, अर्काको काममा चित्त बुझेको छैन भने खास कुरा तोकेर सुधारका लागि सुझाव दिनु र सकेको मद्दत पनि गर्ने व्यावसायिकताका अरू गुणहरू हुन् । व्यावसायिक व्यक्तिले अर्काका कुरा सुन्छ । अरूका कुरा सुन्न जान्नु र जान्नका लागि अरूका कुरा सुन्नु पनि व्यावसायिकताको एउटा चरित्र हो । व्यावसायिक व्यक्तिले अर्कालाई अपमान गर्दैन, अर्कोले आफूलाई जस्तो व्यवहार गरोस् भन्ने लाग्छ, व्यावसायिक व्यक्तिले अर्कालाई पनि त्यस्तै व्यवहार गर्छ ।

यी सबै पेशाका साझा धर्म हुन् र यिनको पालना गर्ने व्यक्तिले मात्र पेशाको मर्म बुझेर अब्बल व्यावसायिक व्यक्तिका रूपमा आफ्नो पहिचान बनाउन सक्छ । आफूलाई यी कसीहरूमा घोटेर कहाँ छु भन्ने पत्ता लगाउनु र व्यावसायिकताका गुणहरू बढाउँदै लैजानु हामी सबैको पेशागत धर्म हो ।

# नाम सुनाम र अहङ्कार



कुरा रामायणकालीन हो । रावणले अपहरण गरेकी सीताको उद्धारका लागि भारतपारिको लङ्का जान क्षीर समुद्रमा पुल हाल्ने काम चलिरहेको थियो । त्यसनिम्ति हजारौँ वानर-सेना लागिपरेका थिए । वानर-श्रमिकहरू रामको नाम लेखेर र 'जय श्रीराम' भन्दै समुद्रमा बडेमानका ढुङ्गा फ्याँक्थे । ती ढुङ्गा डुब्दैनथे, समुद्रमा तैरिन्थे । तिनलाई हार मिलाएर राख्न वानर-सेनाका अगुवाहरू खटिएका थिए । फटाफट पुल बन्दै गरेको देखेर रामचन्द्र पनि खुसी थिए ।

समुद्रको पानीमा ढुङ्गा नडुबेको देख्दा उनलाई अनौठो लागि रहेको थियो । त्यसैले उनलाई पनि अरूले जस्तै गर्ने रहर लाग्यो । आफ्नै हातले 'श्रीराम' लेखेर 'जय श्रीराम' भन्दै उनले समुद्रमा ढुङ्गा फ्याँके ।

आश्चर्य ! रामले फ्याँकेको ढुङ्गो भने समुद्रमा डुब्यो । सबै चकित भए । फेरि अर्को ढुङ्गामा त्यसै गरियो, त्यो पनि डुब्यो । अर्को पनि डुब्यो । अरूले फ्याँकेका ढुङ्गा भने तैरिइरहेका थिए ।

राम छक्क परे । तर उनले आफ्नो त्यो भाव प्रकट हुन दिएनन् । बरु 'मेरो सीप पुगेन, मभन्दा तिमीहरू नै सिपालु' भनेर आफ्ना योद्धाहरूको मनोबल बढाएर चिन्तन गर्न थाले ।

राम चाँडै नै निष्कर्षमा पुगे । उनले थाहा पाए, अरूले उनको नाम लेख्दा त्यहाँ भक्ति र प्रतिबद्धता झल्किएको हुन्थ्यो । तर आफैंले आफ्नो नाम लेखेर अनि आफ्नै जयजयकार गर्दा नामको ख्याति अहङ्कार बन्न पुग्छ भन्ने उनले बुझे ।


## Textbooks for BBS

1. Cost and Management Accounting BBS 1st
2. Business Economics BBS 1st
3. A Course in Economics BBS 1st and BBA
4. Text Book of Business Statistics BBS 1st
5. Accounting for Financial Analysis & Planning BBS 2nd
6. Fundamentals of Marketing BBS 2nd
7. Fundamental P. of Financial Management 2nd
8. Accounting for Business BBS 3rd
9. Banking & Insurance Management BBS 3rd
10. Microeconomics BBA
11. Macroeconomics BBA
12. International Business BBA, BBS and MBS
13. लागत तथा व्यवस्थापन लेखाविधि BBS 1st
14. व्यावसायिक अर्थशास्त्र BBS 1st
15. वित्तीय विश्लेषण तथा योजना लेखाविधि BBS 2nd
16. व्यावसायिक लेखाविधि BBS 3rd
17. वित्तीय व्यवस्थापनका आधारभूत सिद्धान्तहरू BBS 2nd




TALEJU PRAKASHAN
Publisher and Distributor

# प्रतिक्रिया र सुझाव




## निर्भय रहिरहोस् *शिक्षक*

*शिक्षक* मासिकले हाम्रो देशमा देखापरेका शैक्षिक समस्या र विकृति तथा जिम्मेवार शिक्षक र अभिभावकहरूको प्रतिबद्धताले उत्कृष्ट कहलिएका विद्यालयहरूका बारेमा लेख, समाचार र टिप्पणीहरू प्रकाशित गरेर सराहनीय कार्य गरेको छ। हाम्रो समाज र राष्ट्र पछाडि पर्नुको एकमात्र कारण शिक्षाको अभाव र शिक्षाको क्षेत्रमा देखिएका विकृति हुन् भन्न म हिचकिचाउँदिनँ। ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड र यसका सम्पादक तथा अन्य सहकर्मीहरूको प्रयासलाई हृदयदेखि नै प्रशंसा गर्दछु। आगामी दिनहरूमा पनि शिक्षक मासिक यसरी नै निर्भय भएर विकृति र विसङ्गतिहरूलाई आम नागरिकसमक्ष ल्याउन सफल रहोस् भन्ने कामना पनि गर्दछु।

कात्तिक २०६७ को अङ्कले एउटा सच्चा नागरिकलाई झकझक्याउँछ। 'साथीहरू ! सही कुरा सिकाऔं, चिटिङ नगरौं' भन्ने आग्रहले सम्पूर्ण शिक्षक साथीहरूको आँखा खोलेको हुनुपर्दछ। 'स्कूल त खुल्यो शिक्षक फर्केनन्' जस्ता रिपोर्टले हाम्रो समाजमा कहालीलाग्दो रूपमा गैरजिम्मेवारीको नमुना प्रस्तुत गर्दछ। 'ठूला नेता, कमजोर नतिजा'ले राजनीतिक दलहरूले आ-आफ्ना भ्रातृ सङ्गठनहरूलाई सचेत गराउन कति आवश्यक छ भन्ने प्रमाणित गरेको छ। यस अङ्कको उत्कृष्ट खोज चाहिँ 'आँट पनि कत्रो! हुँदै नभएका स्कूलका नाममा लाखौं निकासा' नै हो। यस्तो साहसी रिपोर्टिङका निम्ति *शिक्षक* टिमलाई बधाई !

सम्पादकज्यू, यसपालिको अङ्क पढेपछि मैले यस्ता अनैतिक कार्यहरू रोक्नका लागि तुरुन्त कदम चाल्न अनुरोध गरेर सम्माननीय प्रधानमन्त्रीज्यूलाई लेखेको पत्र *(हे.पृ. १२)* पनि यसैसाथ संलग्न गरेको छु। शैक्षिक क्षेत्रका विकृतिलाई हटाएर स्वच्छ समाज निर्माणको अभियानमा मेरो भरपर्दो साथ रहने विश्वास पनि दिलाउन चाहन्छु।

**डा. शशाङ्क कोइराला**
**संविधानसभा सदस्य, नवलपरासी-१**

## प्रेरणादायी लेख

गङ्गासागर पन्तको 'सही कुरा सिकाऔं, चिटिङ नगरौं' *(शिक्षक* कात्तिक, २०६७) लेख रोचक र प्रेरणादायी लाग्यो। अन्तरहृदयको गहिराइबाट प्रस्तुत लेखप्रति पन्तजीलाई साधुवाद !

कुनै पनि तहको उत्तरपुस्तिका निरीक्षक विषयवस्तुमाथि दक्ष, कोमल र परीक्षा एवं परीक्षार्थीको मूल्यमान्यताप्रति संवेदनशील हुनै पर्दछ। यो प्रसङ्गमा पन्तजीको परीक्षार्थीप्रतिको संवेदना मर्मस्पर्शी छ। लेखले गरिब विद्यार्थी र तिनीहरूका विवशताहरूलाई छर्लङ्ग पारेको छ।

हामी शिक्षकहरू इमानदार हुने हो भने विद्यार्थी कहिल्यै असफल हुँदैनन्। विद्यार्थी असफल भएका होइनन्; हाम्रो समाज, संस्कृति र प्रवृत्ति असफल भएको हो। हाम्रो सीप र विधि असफल भएको हो। हाम्रो शैक्षिक संरचना र प्रणाली असफल भएको हो। हाम्रो पाठ्यक्रम र प्रविधि असफल भएको हो। हामी शिक्षक र शिक्षा सरोकारवालाहरू असफल भएका हौं। हामीले आफ्नो असफलतालाई स्वीकार गर्न नसकेर त्यो असफलताको ताज जबर्जस्ती विद्यार्थीहरूलाई पहिराइदिएका मात्र हौं।

**लेखराज ढुङ्गाना**
**समाज विकास प्रावि, बतासे-८, सिन्धुपाल्चोक**

## कारबाही: कसले कसलाई ?

*शिक्षक* मासिक, असोज २०६७ मा 'नपढाइ जागिर खाने शिक्षकको मारमा सरकारी स्कूल' रिपोर्ट पढ्दा हजारौं इमानदार शिक्षकहरूको बद्नाम गराउने केही शिक्षक भनाउँदाहरू नै हुन् भन्ने पुष्टि हुन्छ। त्यस्ता शिक्षक देशैभरि होलान्। शिक्षा मन्त्रालयका सचिव दीपेन्द्रविक्रम थापाले 'त्यस्ता शिक्षक बर्खास्त हुन्छन्' भने पनि कुरा त्यति पत्यारिलो छैन। किनभने त्यस्ता ठालु कामचोर शिक्षकहरू ठूला पार्टीका पेशेवर कार्यकर्ता, नेता, मन्त्री, जिशिअ, विनि, स्रोतव्यक्ति आदिका आफन्त वा संघ/सङ्गठन/युनियनका पदाधिकारीहरू नै हुन्छन्। बरु, उनीहरू पुरस्कृत र सम्मानित हुन्छन्, कारबाही हुँदैन।

आखिर कारबाही कसले गर्ने ? कसलाई गर्ने ? शिक्षकलाई, प्रअलाई, स्रोतव्यक्ति वा विनिलाई वा जिशिअलाई? सबैको तलदेखि माथिसम्म मेलमिलाप हुन्छ। कसैले कारबाही गरिहाल्यो भने पनि त्यसमा सोझासिधा चाहिँ नपरुन् !

**शशिधर पौडेल**
**जनता मावि, पाही, राङखानी, बाग्लुङ**

## यथार्थ फरक छ

२०६७ असोजको *शिक्षक* मा प्रकाशित 'नपढाइ जागिर खाने शिक्षकको मारमा सरकारी स्कूल' समाचारमा मेरो नाम र फोटो छापिएकोमा गम्भीर ध्यानाकर्षण भएको छ। डडेल्धुरा सिराड निमाविकी शिक्षक चित्रा पनेरु भन्ने कुरामा मेरो कुनै पनि आपत्ति छैन। किनभने सिराड निमावि मेरो विद्यालय पनि होइन र मलाई उक्त विद्यालयको बारेमा जानकारी पनि छैन। मेरो विद्यालय श्री कुमालीकोट मावि, कुमालीकोट, डोटी हो। मलाई प्रत्येक चार महिनामा तलब बुझ्न जान्छिन् भनेर लगाएको आरोप केवल मेरो बद्नाम गराउने उद्देश्य सिवाय अरू केही हुन सक्दैन। अवश्य पनि केही समयदेखि म धनगढीमा बस्दै आएकी छु। सरुवाको लागि गरेको प्रयास सफल नभएपछि मैले नियम अनुसार पाउने बेतलबी बिदा, अध्ययन बिदा, बिरामी बिदा उपभोग गर्दै आएकी छु। मेरो मनसाय विद्यालयलाई घाटा गरेर आफू सहुलियत लिने नभई आफ्नो बाध्यता र नियमानुसार पाउने सुविधा खोजेकी हुँ।

**चित्रा पनेरु, धनगढी, कैलाली**

## *शिक्षक* नै पहिलो र अन्तिम बनोस् !

आजभन्दा २०-२१ वर्ष पहिले शिक्षण सेवामा प्रवेश गर्दा पत्रपत्रिकामा साहित्य, राजनीति, खेल, मनोरञ्जन आदि विषयहरू जस्तै शैक्षिक गतिविधिसम्बन्धी जानकारीमूलक कुराहरू पनि छापिए शैक्षिक क्षेत्र लाभप्रद हुनेथियो भन्ने लाग्दथ्यो । मेरो त्यो चाहना ठ्ण्डै १८ वर्षपछि पूरा भएको छ । त्यसनिम्ति *शिक्षक* मासिकलाई धन्यवाद र शुभकामना । *शिक्षक* मासिक शिक्षकहरूका लागि त लक्ष्यमा पुऱ्याउने यान नै हो र यो विभिन्न बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी, अभिभावकहरूलाई पनि सहयोगी बन्न सक्छ भन्ने मेरो विश्वास छ । यसले गलत राजनीति गर्नेहरूलाई पनि निरुत्साहित गर्न बल पुऱ्याओस् भन्ने चाहन्छु ।

यस मासिक पत्रिकामा छापिएका जानकारीमूलक लेख तथा विभिन्न शिक्षाविद्हरूका विचार पढ्न पाउँदा अवश्य पनि असल शिक्षकहरूलाई हौसला र सान्त्वना मिलेको छ भने खराब आचरणका शिक्षकहरूलाई थोरै भए पनि आफ्नो दुष्कर्मप्रति हीनताबोध भएको छ । उहाँहरूलाई पनि आफ्नो विगतका कमजोरीप्रति पश्चात्ताप गरी सुधार्ने औषधिको काम यस मासिकले अवश्य गर्नेछ ।

माधवप्रसाद गर्तौला
सूर्यबाराही प्रावि, आग्रा–३, मकवानपुर

## दु:खीको दु:खेसो

म विगत चार वर्षदेखि बाल विकास केन्द्रमा सहयोगी कार्यकर्ताको रूपमा काम गरिरहेको छु । शुरुमा मासिक रु.१०००, २०६४ साउनदेखि २०६५ असार मसान्तसम्म मासिक रु.१३०० र २०६५ साउनदेखि हालसम्म मासिक रु.१८०० का दरले सहयोगी कार्यकर्ताको पारिश्रमिक उपलब्ध छ । अन्य कर्मचारी, शिक्षकलगायत पियनकोसम्म २०६६ साउनदेखि तलब भत्तामा वृद्धि र महँगी भत्ता स्वरुप मासिक रु.१२०० समेत वृद्धि भयो । तर बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताको चाहिँ न त पारिश्रमिक वृद्धि न त महँगी भत्ता नै ! सबैलाई महँगी हुँदा सहयोगी कार्यकर्ताले खरिद गर्ने सामग्रीहरूको महँगी बढेन ? पियनको तलब भत्तासम्म रु.८००० हुँदा एसएलसी पास गरेका सहयोगी कार्यकर्ताहरूलाई मासिक रु.१८०० मा टाल्नु सरकारले गर्ने व्यवहारमा कतिसम्म समानता हो ? म जस्ता शोषित सहयोगी कार्यकर्ताले पारिश्रमिकमा वृद्धि र महँगी भत्ता पाउँछौं कि पाउँदैनौं ? पाएमा कहिलेदेखि पाउँछौं ? बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताले शिक्षकले सरहको बिदा पाउँछौं कि पाउँदैनौं ? बाल विकास केन्द्रको अवधारणा कहिलेसम्मका लागि हो ?

यमा आचार्य
पालुथान बाल विकास केन्द्र, हंसपुर, प्यूठान

## रोकिएको परीक्षा कहिले ?

दसमहिने तालिमप्राप्त शिक्षकलाई ११ र १२ को केही विषयको परीक्षा लिई उत्तीर्ण हुनेलाई +२ उत्तीर्णको मान्यता दिई स्नातक अध्ययनको अवसर दिलाउने सरकारी नीति अहिले कता पुग्यो ? काभ्रे जस्ता अनेक स्थानमा स्थगित परीक्षा उच्च माध्यमिक शिक्षा परिषद्ले कहिले लिने हो ? हामी जस्ता शिक्षकहरूको त्यो परीक्षा दिएर स्नातक अध्ययन गर्ने आशा लिएर गरेको लगानी त्यसै खेर जाने त हैन ? उच्च शिक्षा हासिल गर्ने +२ का विद्यार्थीले दुई अढाई सय मासिक शुल्क तिरेको भरमा पढ्न पाउने र त्यही पढाइलाई १०००, १५०० मासिक शुल्क तिरेर पनि तलब मात्रै पोल्टामा भित्र्याई कक्षा नै सञ्चालन नगरेका उच्च माध्यमिक विद्यालयलाई परिषद्ले केही कारबाही गर्ने कि नगर्ने ? यसरी काम नै नगरी शिक्षकहरूबाट मोटो रकम उच्च माध्यमिक विद्यालयहरूले असुलेको र परीक्षा समेत दिन नपाएका शिक्षकलाई परेको यो मानसिक असरको जिम्मा कसले लिने ? के केही उच्छृङ्खल व्यक्ति वा परिषद्का कर्मचारीको लापरबाहीबाट तमाम शिक्षकलाई पीडित बनाउन पाइन्छ ?

कृष्णप्रसाद पौडेल
लक्ष्मीदेवी मावि, फुलिपङकोट–३, सिन्धुपाल्चोक

## मूल्यांकन पद्धतिले काम गरिरहेको छैन

नेपालमा हाल विद्यालय तहमा लिइने परीक्षा तथा मूल्याङ्कन हचुवा किसिमको छ । पाठ्यक्रम एकातिर छ भने पठनपाठन तथा मूल्याङ्कन अर्कोतिर भएको पाइन्छ । पाठ्यक्रमले कक्षा १ देखि ३ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने र आवधिक मूल्याङ्कनलाई कक्षोन्नतिका लागि प्रयोग नगर्ने भनी उत्तीर्णाङ्क समेत नतोकेको तथा कक्षा ४ र ५ मा दुवै मूल्याङ्कन प्रणालीलाई कक्षोन्नतिको आधार मान्ने व्यवस्था भए पनि अधिकांश विद्यालयहरूमा पुरानै किसिमको आवधिक परीक्षा नै मूल्याङ्कनको आधार बनेको छ । यसो हुनुमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका बारेमा शिक्षकहरूलाई राम्रो ज्ञान नहुनु, यसलाई झन्झटिलो मान्नु, विद्यालयहरूमा शिक्षकहरूको सङ्ख्या कम र विद्यार्थीहरूको सङ्ख्या बढी तथा अनुगमन संयन्त्र बेठीक हुनु आदिलाई कारण मान्न सकिन्छ ।

उदाहरणका लागि; कक्षा १ को अङ्ग्रेजी विषयमा ८० प्रतिशत सुनाइ-बोलाइ र २० प्रतिशत पढाइ-लेखाइको पाठ्यभार तोकिएको छ । तर सुनाइ-बोलाइको परीक्षा नै नलिने र

## फोड अज्ञानका डल्ला

दूर सत्कर्मको यात्रा साथ सत्कर्मको दियो
ज्ञानको अभियन्ताको त्यो यात्रा किन अल्झियो ?
तिम्रो दिव्य पसिनामा माटो फुल्न सकेन कि ?
अल्मलिँदैछ झन् मान्छे बाटो खुल्न सकेन कि ?

चेतनापुञ्ज शिक्षाको तिमी आफैं प्रचारक
ज्ञान अमृतको वर्षा हो कर्तव्य अनि हक
बल हे जागृति ज्योति कालो रात लघार हे
सम्हाल्दै, बहँदै जाऊ तिमी नै मूलधार हे

तिमी अबोधका प्राण तिमी निर्दोषका गति
ज्ञान गङ्गा बहाएर उनैको गाऊ आरती
तिनैमा पोख वात्सल्य तिनैमा जल निर्मल
बलोस् निर्वाध शिक्षाको चेतनादीप झल्मल

दुखेका दिलमा लाऊ लेप मानव हातले
जसरी शीतको स्युँदो रेखिदिन्छ प्रभातले
फोड अज्ञानका डल्ला तोड संकीर्ण बन्धन
बाटी अक्षरको डोरी जोडिद्यौ चुडिँदो मन

शिवराम भट्ट
डाँडागाउँ उमावि, रसुवा

# प्रतिक्रिया र सुझाव

शतप्रतिशत परीक्षा पढाइ-लेखाइको मात्र लिने प्रचलन अधिकांश विद्यालयहरूमा रहेको छ । त्यसैगरी कक्षा ४ र ५ को अङ्ग्रेजी विषयमा ५० प्रतिशत सुनाइ-बोलाइ र ५० प्रतिशत पढाइ-लेखाइको पाठ्यभार तोकिएको छ । तर अधिकांश विद्यालयहरूमा सुनाइ-बोलाइको परीक्षा नै लिइँदैन । यस किसिमबाट सही मूल्याङ्कन हुन नसक्ने प्रस्ट छ । यसको समाधानका लागि पाठ्यक्रम विकास केन्द्रले मौखिक तथा प्रयोगात्मक परीक्षा हुने सबै विषयहरूको परीक्षा लिने तरिका तथा आधारहरू (जस्तै: प्रथम त्रैमासिक, द्वितीय त्रैमासिक, वार्षिक परीक्षाहरूमा कति/कति प्रतिशत अङ्कको प्रयोगात्मक परीक्षा लिने, कस्ता-कस्ता प्रश्नहरू कसरी सोध्ने, कस्ता-कस्ता क्रियाकलापहरू गराउने आदि) खोली स्पष्ट निर्देशन विद्यालयहरूलाई दिनु र उचित अनुगमन गर्नु आवश्यक छ ।

लिखित परीक्षा लिने क्रममा पनि पाठ्यक्रमले तोकेको उद्देश्य र विषयवस्तुका आधारमा प्रश्नपत्र निर्माण गरिएको पाइँदैन । विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्र निर्माण गरिँदैन । यसका लागि पाठ्यक्रम विकास केन्द्रले सबै कक्षाका सबै विषयहरूको शिक्षक निर्देशिका र विशिष्टीकरण तालिकाहरू निर्माण गरी विद्यालयहरूलाई उपलब्ध गराउन सके र उचित अनुगमन गर्न सके राम्रो हुन्थ्यो कि !

**नवराज ढकाल**
**हिमाल उमावि, सौरपानी, गोरखा**

## शिक्षकको पेशागत हितका उपाय

एक्काइसौं शताब्दीको चुनौतीलाई धान्ने खालको विद्यालय शिक्षाको ढाँचा, शिक्षक-विद्यार्थी वैज्ञानिक अनुपात, अधिकतम प्रतिस्पर्धाद्वारा शिक्षक भर्नाको व्यवस्था आदि विषयमा म बुँदागत रूपमा निम्न धारणा राख्न चाहन्छु । मेरा धारणाप्रति सरोकारवाला प्रबुद्ध वर्गबाट सकारात्मक, नकारात्मक प्रतिक्रियाको अपेक्षा राखेको छु ।

- बाल विकास केन्द्रमा अध्यापन गर्ने शिक्षक सहयोगी कार्यकर्ता भर्ना गर्दा न्यूनतम प्रवेशिका परीक्षा उत्तीर्ण योग्यतालाई आधार बनाइयोस् । साथै त्यस्ता कार्यकर्तालेे कम्तीमा एक वर्ष मन्टेश्वरी तालिम लिनैपर्ने अनिवार्य व्यवस्था मिलाइयोस् । उनीहरूलाई प्राथमिक शिक्षकले पाउने सुविधासरह सुविधा दिलाई प्रतिस्पर्धाद्वारा स्थायी गर्ने व्यवस्था होस् । बाल विकास केन्द्रभन्दा माथिल्लो तहमा केजी कक्षाको थप व्यवस्था गरी माथि उल्लिखित शिक्षक सरहको व्यवस्था मिलाइयोस् ।
- शिक्षक-विद्यार्थी दरबन्दी अनुपात परिवर्तन गरी कक्षा अनुसार फरक अनुपात कायम गरियोस् ।
- देशभर एकै प्रकारका शिक्षकको व्यवस्था होस् । शिक्षक सेवा आयोगलाई सशक्त, निष्पक्ष एवं प्रभावकारी बनाई हरेक ६-६ महिनाभित्र रिक्त शिक्षक दरबन्दीमा शिक्षक स्थायी गर्ने व्यवस्था गरियोस् ।
- शिक्षकका पेशागत सङ्गठनसँग नेपाल सरकारबाट भएको सम्झौताको यथाशीघ्र पूर्ण कार्यान्वयन गरियोस् ।
- विद्यालय कर्मचारीलाई निजामती सेवाका कर्मचारीले पाउने सुविधासरहको सुविधा व्यवस्था गरियोस् ।
- दीर्घरोग, रोग लागेको खण्डमा पर्न आउने समस्यालाई ख्याल गरी शिक्षक, कर्मचारी र सम्भव भए सेवानिवृत्त शिक्षक कर्मचारी र निजी विद्यालयका शिक्षकसमेतको हकमा लागू हुने गरी नेपाल सरकार वा नागरिक लगानी कोषको संरक्षकत्वमा शिक्षक, कर्मचारी स्वयंले कोष खडा गर्ने प्रस्ताव गर्दछु । यस प्रकारको कोषबाट शिक्षकका निश्चित परिवार समेतले स्वास्थ्य उपचार सुविधा पाउन सक्नेछन् ।
- देशमा निजामती कर्मचारीको अस्पताल स्थापना भइसकेकोमा हामी शिक्षकहरूले पनि सम्भव भएसम्म निजी विद्यालयका शिक्षक, अवकाशप्राप्त शिक्षक, कर्मचारी, शुभेच्छुक, अभिभावक, वित्तीय संस्था, कर्मचारी संचय कोष, नेपाल सरकार, दातृराष्ट्र सबैको सहभागितामा प्रतिव्यक्ति न्यूनतम दुई हजार रुपैयाँ शेयर सङ्कलन गरी शिक्षक सहकारी अस्पताल स्थापना गरौं ।

**मधुसूदन अधिकारी**
**शारदा प्रावि, हेटौंडा-७, न्यूरेनी, मकवानपुर**


विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा
एम.एड.(अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)
बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)
+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ ।
— तीनथाना, काठमाडौं, फोन: ४३११८४३

✓ बी.एड. र एम.एड.को अभ्यास शिक्षण कार्यक्रम मंसिर १ गते देखि पौष १४ गते सम्म ।
✓ वेबसाइट तथा नोटिसबोर्डमार्फत सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन ।
✓ कक्षा सञ्चालन साँझ ४ देखि ८ तथा प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म
✓ शतप्रतिशतसम्म मासिक शुल्कमा छात्रवृत्तिका साथ एक वर्षे बी.एड. तथा तीन वर्षे बी.एडमा नयाँ भर्ना आरम्भ ।
✓ एम.एड दोस्रो वर्षको कक्षा मंसिर ५ गते आइतवारदेखि आरम्भ ।

पहिलो सामुदायिक शिक्षा क्याम्पस

काठमाडौं शिक्षा क्याम्पस
रामशाहपथ, भृकुटीमण्डप चोक, काठमाडौं (पद्मोदय उमाविको भवन)
फोन: ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४
नोटिस बोर्ड नं.: क्याम्पस विशेष सूचना (१६१८०१४२३०२४०)
विद्यार्थी विशेष सूचना (१६१८०७०७३०२४१)
उक्त नं. हरूमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिने छ ।
E-mail: kscram@ksc.edu.np, URL: www.ksc.edu.np

## कसो होला ?

निम्न कुराहरूमा सरकारसहित सबै पक्षको ध्यानाकर्षण गराउन चाहन्छु-

१. शिक्षक विभेदीकरणलाई अन्त्य गर्न वर्षैपिच्छे शिक्षक सेवा आयोगद्वारा सङ्ख्या निर्धारण गरी स्थायी विज्ञापन गरे कसो होला ?

२. बीस हजार शिक्षक विज्ञापनले हामी जस्ता अस्थायी शिक्षकहरूको आशा पलाएको थियो तर ठीक विपरित हामी जस्ता अस्थायी शिक्षकहरूलाई अस्थायी, राहत जस्ता पदमा अलमलाई केश-दाह्री फुलाउनु शिक्षक सेवा आयोगको उद्देश्य हो ?

३. यदि शिक्षा सेवा आयोगले विज्ञापन गरी स्थायी शिक्षक नियुक्ति गर्न सक्दैन भने लोकसेवा आयोगलाई स्थायी नियुक्ति गर्ने जिम्मा दिँदा के होला ?

४. अस्थायी शिक्षक नियुक्ति गर्ने जिम्मा वि.व्य.स., प्र.अ. र स्थानीय बुद्धिजीवीलाई दिँदा राम्रा भन्दा हाम्रा शिक्षक सङ्ख्या बढी रहेकोले हाम्रा भन्दा राम्रा शिक्षक नियुक्ति गर्न अस्थायी शिक्षक सेवा आयोग गठन गरी विज्ञापन अनुसारका उम्मेदवारलाई जिशिकामै परीक्षा लिई अस्थायी शिक्षक नियुक्ति गरे कसो होला ?

**मिलन श्रेष्ठ, लक्ष्मी मावि, काहुले-२, खोटाङ**

## शिक्षक भर्नामा नातावाद

नेपाल सानो र गरिब देशको रूपमा विश्वसामु आज चर्चित छ । देशको स्थिति यस्तो भए तापनि यहाँ भुँडी भर्ने, कुर्सी तान्ने, जुँगा ताउ लगाउने, आफ्ना सबै योग्य-अयोग्यलाई जागिर खुवाउने बैगुनी नेता भने च्याउजत्तिकै उम्रिएका छन् । त्यसमध्येमा एक जुँगे नेता पर्दछन् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ।



नेपालको शिक्षा क्षेत्रमा आँखा लगाउने हो भने, घाम लागेको समयमा जस्ताको छानोमा हेर्न नसकिए जस्तै यो पनि हेरिनसक्नु छ । कारण, नेपालको शिक्षाक्षेत्रमा कोदो चाल्ने चाल्नो जस्तै अनगिन्ती प्वाल छन् । सरकारले ती प्वाल टाल्ने नाममा विद्यालयहरू समुदायमा हस्तान्तरण गरी विद्यालयको शतप्रतिशत कार्य वि.व्य.स.लाई जिम्मा दिएको छ । तर, हिजोसम्म कट्टुमा चेन नलगाई हिँड्ने, सलाई कोर्न नजान्ने, चप्पलको दायाँ र बायाँ नचिन्ने, स्वास्नी र छोरीको ओछ्यान छुट्याउन नसक्ने, २४ घण्टामा १२ घण्टा भट्टीमा बिताउनेहरूले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सञ्चालक भई बकमफुसे राजनीति गर्न प्रारम्भ गरेका छन् ।

नेपालका विद्यालयहरू भोका छन् । तिनलाई खानेकुरा दिने दानीको खाँचो छ । तर त्यस्ता विद्यालयमा छिरेका छन्-खन्चुवा, राक्षस जस्ता व्यक्तिहरू । यसै कारण आज विद्यालयको अवस्था दिन प्रतिदिन खस्किँदै गएको छ ।

विद्यालयको शैक्षिक वातावरण रुन् कहाली लाग्दो छ । यसको कारण हो विद्यालयमा योग्य शिक्षक भर्ना नहुनु । जबसम्म विद्यालयमा शिक्षक छनोट गर्ने जिम्मा व्यवस्थापन समितिलाई दिइन्छ तबसम्म विद्यालयमा योग्य मानिस छिर्न सक्दैन अनि विद्यालय पनि सुध्रिन सक्दैन । त्यसैले यो प्रणालीलाई सरकारले छिटोभन्दा छिटो सुधार गरी निष्पक्ष तौरतरिकाबाट शिक्षक भर्ना गर्ने विधि लागू गर्नुपर्दछ ।

**कृष्णबहादुर भण्डारी**
**जलेश्वर निमावि, नवलपुर-१, सिन्धुपाल्चोक**

## स्कूल राजनीति र भ्रष्टाचार

देशको सत्तामा जस्तै हाम्रा विद्यालयमा पनि आफ्नो पार्टीको व्यवस्थापन समितिमा बहुमत हुनुपर्ने विषयमा हानथाप भइरहेको छ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले विद्यालयको हित भन्दा पनि आफ्नो निजी राजनीतिक स्वार्थमा बढी जोड दिइरहेका छन् । दक्ष जनशक्ति उत्पादन गर्ने शिक्षण संस्थामा राजनीति मौलाएको अवस्थामा कसरी बन्न सक्छ देशको भविष्य समुज्वल ? विद्यालयको आर्थिक, भौतिक, सामाजिक संरक्षण गर्नु कहाँ हो कहाँ उल्टै विद्यालयका भवन, पर्खाल, शौचालय, खानेपानी जस्ता निर्माण कार्यमा व्यवस्थापन समितिका अध्यक्ष नै ठेकेदार बनेर भ्रष्टाचार हुने गरेको छ । यो समस्या अछामको मात्रै नभएर सिङ्गो राष्ट्रमा विद्यमान छ । यदि पेट बढाउनु, पैसा कमाउनु छ भने श्रम गरेर कमाउनुस्, विद्यालयको स्रोत नसोहोरिदिनुस् भन्ने मेरो आग्रह छ ।

**हर्क खड्का 'हितेच्छु'**
**धुधुरकोट-१, यु.के. टोल, अछाम**

## गजल

तप्प तप्प आँशु रुँदै म जल्दैछु
अँध्यारोमा उज्यालो छर्दै म बल्दैछु

तिमी फैलँदै जाऊ ज्ञानको वृक्ष बनेर
पात, फूलहरू झरेर पनि म फल्दैछु

राता सेता रङहरू छन् यहाँ धेरै धेरै
डाँफे बनी उड तिमी रङ म दल्दैछु

डाक्टर इन्जिनियर कलाकार बन तिमी
बूढो शिक्षक हुँ दिनहुँ अब म गल्दैछु

अर्को बुद्ध बनी शान्ति छर्दै जानु तिमी
सारेर ज्ञान तिमीमा चाँडै म ढल्दैछु

तप्प तप्प आँशु रुँदै म जल्दैछु
अँध्यारोमा उज्यालो छर्दै म बल्दैछु ।

**चूडामणि नेपाल 'अकिञ्चन'**
**गायत्री संस्कृत मावि, विराटनगर**

## तलब कति हो ?

साउन २०६७ को *शिक्षक* मासिकमा 'असन्तुष्टिको असर' भन्ने शीर्षकमा प्राथमिक तह तृतीय श्रेणीको तलब मासिक रु. ८,९९० हुन्छ भनी उल्लेख भएको पाइयो । तर तलब वृद्धि भएयता हालसम्म प्राथमिक तह तृतीय श्रेणीका शिक्षकहरूले ८,९०० मासिकका दरले मात्र तलब निकासा भई खाने गरेकाले प्रावि तृतीय श्रेणीको तलब रु.८,९९० हो या रु.८,९०० हो स्पष्ट पारिदिनुहुन अनुरोध छ ।

**कृष्ण तिम्सिना**
**पञ्चकन्या प्रावि, लेकखर्क-८, हिले, भोजपुर**

***(प्रावि तृतीय श्रेणीको तलब रु. ८,९०० नै हो । भुलवश अन्यथा हुन गएकोमा सच्याइएको छ । - सं)***

## तलबमानमा किन अन्तर ?

शिक्षक सेवा आयोगले २०६० सालमा लिएको नि.मा. द्वितीय श्रेणीको परीक्षा उत्तीर्ण गरी मा.शि. तृतीयसरहको तलब रु.१३,९९० र ग्रेड रु.१६० का दरले पाउँदै आएको थिएँ। हालै कार्यसम्पादन मूल्याङ्कनबाट नि.मा. प्रथम श्रेणीमा बढुवा भएँ। जसबाट मेरो शुरु तलब रु.१५,८१० र ग्रेड रु.१९५ भयो। पहिले नि.मा. द्वितीय श्रेणीमा रहँदा मा.शि. तृतीय श्रेणीसँग तलब र ग्रेड समान थियो। तर, अहिले नि.मा. प्रथम र मा.शि. द्वितीय श्रेणीको तलब र ग्रेड समान छैन। किन ?

**रामचन्द्र पन्थी**
**कमला मावि, पाली-६, अर्घाखाँची**

*निम्नमाध्यमिक प्रथम श्रेणीको शुरु तलब स्केल रु.१४,७८० र ग्रेड दर रु.१८० छ। यस्तै, माध्यमिक द्वितीय श्रेणीको तलब रु.१५,८१० र ग्रेड रु.१९५ छ। तपाईं निम्नमाध्यमिक द्वितीय श्रेणीबाट बढुवा भई प्रथम श्रेणीमा जाँदा तपाइँले सोही श्रेणीको तलब पाउनुहुन्छ। निम्नमाध्यमिक द्वितीय श्रेणी र माध्यमिक तृतीय श्रेणीको तलबमान समान भए पनि निम्नमाध्यमिक प्रथम र माध्यमिक द्वितीय श्रेणीको तलबमान समान छैन।*

***विदुरराज गिरी***
***उपसचिव, शिक्षा मन्त्रालय***

## प्रस्ट भइएन

मैले जनमार्ग मावि सिलुवा, पाल्पाको विद्यालय व्यवस्थापन समितिको २०५७/१/१६ को निर्णय अनुसार प्राथमिक तृतीय श्रेणीमा (सोही तहका स्थायी शिक्षक नारायणप्रसाद ढकालको लियन पदमा) नियुक्ति पाई शिक्षण शुरु गरेँ। जिशिका, पाल्पाको परिपत्रबमोजिम जनमार्ग स्कूलले शिक्षक ढकाललाई २०६०/८/१० मा बालकन्या निमावि, तेल्घामा लियन फिर्ता गरिदियो। त्यसपछि प्राथमिक तहको शिक्षकका रूपमा जनमार्गमै कायम रहेँ। मैले २०५७/१/१६ देखि २०६१/१/३१ सम्म प्राथमिक तृतीय श्रेणी शिक्षकका रूपमा शिक्षण गरेँ। म २०६१/२/१ देखि यही स्कूलमा प्राथमिक तहको स्थायी शिक्षक बनेँ। यो अवस्थामा मेरो प्राथमिक तहको शुद्ध दरबन्दीको अस्थायी नियुक्ति मिति र सेवा गणना कहिलेदेखिको हुन्छ ?

**युवराज काफ्ले**
**जनमार्ग उमावि, सिलुवा-१, पाल्पा**

*तपाईंले शिक्षण शुरु गरेको मितिलाई नै अस्थायी अवधि मानिन्छ। पेन्सन, उपदान जस्ता सुविधाको लागि भने स्थायी भएको मितिबाट मात्रै सेवा अवधि गणना हुन्छ।*

***विदुरराज गिरी***
***उपसचिव, शिक्षा मन्त्रालय***

## एम.ए.ले पाउँछ ?

परिवर्तित शैक्षिक कार्यक्रम अनुसार माध्यमिक तहका लागि एम.एड. उत्तीर्ण उम्मेदवारलाई प्राथमिकतामा राखिने भन्ने सुनिन्छ। तर, तीनवर्षे बी.एड. गरी सम्बन्धित विषयमा नै एम.ए. गरेको उम्मेदवारले माध्यमिक तहका लागि दरखास्त दिन पाउँछ कि पाउँदैन ? अब खुल्ने विज्ञापनमा बी.एड. उत्तीर्ण गरी एम.ए. उत्तीर्ण गरेको उम्मेदवार योग्य हुन्छ कि हुँदैन ?

**दीपक खड्का**
**शान्ति निमावि, उर्लाबारी-८, भसी, मोरङ**

*तपाईंको जिज्ञासा विद्यालय क्षेत्र सुधार कार्यक्रम(एसएसआरपी)को प्रस्तावित नीतिसँग जोडिएको देखिन्छ। एसएसआरपीले माध्यमिक तह(कक्षा ९-१०)का लागि एम.एड. गर्नुपर्ने नीति अगाडि सारेको छ। तर, सो व्यवस्थाले कानुनी रुप नपाइसकेको अवस्थामा आयोगले विद्यमान कानुनी व्यवस्था अनुरुप नै आवेदन माग्नेछ। जसअनुसार, बी.एड. उत्तीर्ण गरेको व्यक्तिले माध्यमिक तह (कक्षा ९-१०) का लागि आवेदन दिन सक्नेछन्।*

***उदयराज सोती***
***अध्यक्ष, शिक्षक सेवा आयोग***

## कर तिर्नु पर्ला ?

सामुदायिक विद्यालयमा रु.२,००० देखि रु.२,५०० तलब पाई निजी स्रोतमा कार्यरत शिक्षकले एक प्रतिशत कर सरकारलाई तिर्नुपर्छ कि पर्दैन ?

**सुजित सिंह, श्री शान्ति निमावि, मोरङ**

*राज्यकोषबाट तलब/भत्ता प्राप्त गर्ने जो-कोही नागरिकले पनि युवा स्वरोजगार कोषमा जम्मा गर्ने अभिप्रायले आफूले पाउने रकमको एक प्रतिशत रकम कट्टा गर्नुपर्ने हुन्छ। अन्यले पर्दैन।*

***कृष्णप्रसाद ढुङ्गाना***
***उपसचिव, शिक्षा विभाग***

## अस्थायीले नपाउने हो ?

अस्थायी शिक्षकले आफ्नो सञ्चित बिरामी बिदाको रकम पाउँछन् कि पाउँदैनन् ?

**भगवती मिश्र**
**जनशक्ति प्रावि, भिमाद, तनहुँ**

*अस्थायीले पनि सञ्चित बिदाको रकम पाउँछन्। ढुक्क हुनुस्।*

***विदुरराज गिरी***
***उपसचिव, शिक्षा मन्त्रालय***

## समयबद्ध बढुवा कहिले ?

सरकार र शिक्षकका संघ/सङ्गठनबीच भएको सहमतिको बुँदा नं.२ मा शिक्षकको समयबद्ध पदोन्नति गर्ने भनिएको छ। यो व्यवस्था कहिलेदेखि लागू होला ?

**कृष्णप्रसाद पुडासैनी**
**जनसहयोग प्रावि, जिलिङ- ५, नुवाकोट**

*शिक्षा नियमावलीमा संशोधन भएपछि मात्रै उक्त व्यवस्था लागू हुनेछ।*

***विदुरराज गिरी***
***उपसचिव, शिक्षा मन्त्रालय***

## पाठ्यक्रम कसरी पाउने ?

प्राथमिक तहका शिक्षकको प्रथम र द्वितीय श्रेणीमा खुल्ला प्रतियोगिताद्वारा बढुवा हुनको लागि शिक्षक सेवा आयोगबाट लिइने परीक्षाको पाठ्यक्रम कसरी प्राप्त गर्न सकिन्छ ? अघिल्लो पटक र आउँदो परीक्षाको पाठ्यक्रम फरक छ कि एउटै हो ?

**ज्ञानबहादुर गुरुङ**
**प्रअ, सरस्वती प्रावि, कोल्मा- ८, स्याङ्जा**

*शिक्षक बढुवाको लागि लिइने लिखित परीक्षाको पाठ्यक्रम संशोधन भएको छ। त्यसैले आउँदो परीक्षामा नयाँ पाठ्यक्रमबाट प्रश्न सोधिनेछ। संशोधित पाठ्यक्रमको विवरण २०६७/४/७ को गोरखापत्रमा प्रकाशित छ। साथै, आयोगको बुलेटिन (वर्ष ३, अङ्क १)मा संशोधित पाठ्यक्रमको विवरण राखिएको छ। मुलुकका सबै स्रोतकेन्द्रमा पुग्ने गरी जिशिकामार्फत*

*उक्त बुलेटिन पठाइसकिएको छ । त्यसैले आफ्नो स्रोतकेन्द्रमा सम्पर्क गरेर पाठ्यक्रम लिन सकिनेछ ।*

***उदयराज सोती***
***अध्यक्ष, शिक्षक सेवा आयोग***

## मलाई हटाउन खोजियो

म प्रा.शि. द्वितीय श्रेणीको शिक्षक हुँ । मैले १० महिने सेवाकालीन तालिम र प्रअ व्यवस्थापन तालिम समेत लिइसकेको छु । मेरो शैक्षिक योग्यता शिक्षाशास्त्रमा दश जोड दुई हो । मेरो स्कूलमा निम्नमाध्यमिक तहका दुईजना राहत र अरू पाँच जना प्राथमिक तहका छौं । हाले विद्यालय व्यवस्थापन समितिले राजनीतिक पूर्वाग्रहका कारण मलाई प्रअबाट हटाएर प्रा.शि. तृतीय श्रेणीका एकजना शिक्षकलाई प्रअ बनाउने तयारी गरेको छ । ती शिक्षकको योग्यता एसएलसी हो । शिक्षा नियमावली अनुसार व्यवस्थापन समितिको उक्त निर्णय कार्यान्वयन हुनसक्छ ?

**विमलप्रसाद देवकोटा**
**निमावि; बरुण सिस्नेरी, सिन्धुली**

*विद्यालय क्षेत्र सुधार कार्यक्रम (एसएसआरपी) मा बी.एड. उत्तीर्ण शिक्षक निम्न माध्यमिक तहको प्रअ हुन पाउने व्यवस्था छ । तथापि, यसले कानुनी रुप नपाइसकेको अवस्थामा हाललाई कम्तीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शिक्षक मात्रै निम्नमाध्यमिक तहको प्रअका लागि योग्य हुनेछ । एसएलसी मात्रै उत्तीर्ण व्यक्ति निम्नमाध्यमिक विद्यालयको प्रअ बन्न सक्दैन ।*

***हरि गौतम***
***उपनिर्देशक, शिक्षा विभाग***

## घरपायक पाइएन

म २०६१ देखि सुर्खेत, काप्रीचौरस्थित जनसेवा प्राविमा कार्यरत स्थायी शिक्षक हुँ । मेरो घर सोही जिल्लाको लेखफर्सा गाविसमा पर्छ । मेरो घरदेखि विद्यालय पुग्न एक दिनको पैदल हिँड्नुपर्छ । बसयात्रा गर्दा लगभग एक हजार रुपैयाँ खर्च हुन्छ । त्यसैले विद्यालय नजिकै बस्ने गरेको छु । त्यसबाट मेरो वार्षिक करिब रु.३५ हजार खर्च हुने गरेको छ । घरपायक सरुवा हुन खोज्दा हालसम्म पाएको छैन । म जस्ता धेरै शिक्षकहरू यही समस्याका कारण पीडित छन् । यस्तो समस्या खेप्न बाध्य शिक्षकलाई केही अतिरिक्त सुविधा र अवसर मिल्न सक्ला कि ?

**पाण्डवकुमार पौडेल**
**जनसेवा प्रावि, काप्रीचौर, सुर्खेत**

*जिल्लामा उपलब्ध शिक्षक दरबन्दीमा सकेसम्म घरपायक मिल्ने गरी शिक्षकको व्यवस्थापन गर्ने प्रयास जिशिकामार्फत हुँदै आएको छ । शिक्षा विभागको नीति पनि यही हो । तर, घरपायक नमिल्ने शिक्षकका लागि थप सुविधाको व्यवस्था चाहिँ छैन ।*

***हरि गौतम***
***उपनिर्देशक, शिक्षा विभाग***

## कहिले होला संशोधन ?

२०५२ सालपछि खुल्ला विज्ञापनबाट शिक्षकको पदपूर्ति भएको छैन । आयोग नियमावली संशोधनपछि मात्र विज्ञापन निकाल्ने बताइरहेको छ । नियमावली संशोधनका लागि के के काम हुँदैछ ?

**हेमन्तप्रसाद खतिवडा**
**पद्म पद्मासना निमावि, सेरा, अछाम**

*शिक्षक सेवा आयोग नियमावली संशोधनको मस्यौदा तयार भएको छ । यसमाथि शिक्षा मन्त्रालयमा थप छलफल भएपछि स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पठाइनेछ ।*

***विदुरराज गिरी***
***उपसचिव, शिक्षा मन्त्रालय***

## आयोग के गर्दैछ ?

के नेपालमा अब शिक्षक सेवा आयोगले विज्ञापन गर्दैन ? स्थायी शिक्षक नियुक्ति गरिँदैनन् ? विज्ञापन हुने भए कहिले हुन्छ ? यदि विज्ञापन गरियो भने ५० प्रतिशत सिटमा अस्थायी शिक्षकलाई आन्तरिक प्रतिस्पर्धा गराएर स्थायी गर्ने गरी गरिन्छ कि सबैलाई समेटिने गरी ?

***लक्ष्मण खनाल***
***श्री माध्यामिक विद्यालय, हरिहरपुरगढी–८, सिन्धुली***

*शिक्षा ऐन/नियमावली र शिक्षक सेवा आयोग नियमावली नै संशोधनको क्रममा रहेकाले त्यसबारे अहिले यसै भन्न सकिँदैन । संशोधित ऐन/नियमले तोकेबमोजिम आयोगले विज्ञापन गर्नेछ ।*

***उदयराज सोती***
***अध्यक्ष, शिक्षक सेवा आयोग***

## नियम विपरित भएन र ?

म १० वर्षदेखि स्थायी खरिदार स्तरमा निजीस्रोतबाट रु.६,२०० तलबमा कार्यरत छु । मेरो सञ्चयकोष पनि कट्टा भइरहेको छ । तर, हाल विद्यालय व्यवस्थापन समितिले नियुक्त गरेको खरिदारको तलब रु.६,९०० छ । यो नियम विपरीत हो कि होइन ? यसका लागि मैले के गर्नुपर्ला ?

**नवीन झा**
**उमावि खेसरहिया, रौतहट**

*सरकारीस्तरबाट विद्यालय कर्मचारी नियुक्तिको व्यवस्था छैन । तपाईंको नियुक्ति पनि विद्यालयस्तरबाटै भएको देखिन्छ । त्यसैले आफूले नियुक्त गर्ने कर्मचारीको तलब/सुविधाको निर्णय सम्बन्धित विद्यालयको व्यवस्थापन समितिले नै गर्दछ ।*

***हरि गौतम***
***उपनिर्देशक, शिक्षा विभाग***

## मेरो योग्यता पुग्ला ?

म दसमहिने तालिमप्राप्त स्थायी प्रावि शिक्षक हुँ । मैले बी.एड. प्रथम वर्षको परीक्षा समेत उत्तीर्ण गरिसकेको छु । निम्नमाध्यमिक तहको अध्यापनको लागि मेरो योग्यता पुग्छ कि पुग्दैन ?

**अजयकुमार यादव**
**निमावि, पिपरा राजवाडा, रौतहट**

*तपाईंले शिक्षण लाइसेन्स लिनुभएको छ भने प्रमाणपत्रतह उत्तीर्ण गरेको प्रमाणपत्रकै आधारमा निम्नमाध्यमिक तहको लागि आवेदन दिन पाउनुहुन्छ ।*

***पदमप्रसाद खरेल***
***उपसचिव, शिक्षक सेवा आयोग***

# प्रधानमन्त्रीलाई पत्र

**सम्माननीय प्रधानमन्त्रीज्यू,**
**नेपाल सरकार**
**प्रधानमन्त्रीको कार्यालय, सिंहदरबार, काठमाडौं**

कात्तिक २०६७ मा प्रकाशित *शिक्षक* मासिकमा "आँट पनि कत्रो ! हुँदै नभएका स्कूलका नाममा लाखौं निकासा" शीर्षकमा एउटा रिपोर्ट प्रकाशित भएको छ । त्यो रिपोर्ट प्रधानमन्त्रीज्यूले अध्ययन गर्न भ्याउनुभएको छैन होला । त्यो रिपोर्टलाई हत्तपत्त विश्वास गर्न गाह्रो पर्दछ तर विश्वास नगरी धरै पाइन्नँ । यो रिपोर्टले हाम्रो समाज, सरकार र राजनीतिक दलहरूले राष्ट्रलाई कता धकेल्न खोजेका हुन् भन्ने दृष्टान्त प्रस्तुत गर्दछ । दलका नेता र प्रशासनको मिलेमतोमा कसरी सरकारी कोषको दुरुपयोग हुँदोरहेछ भन्ने यो एउटा नमुना मात्र हो । प्रधानमन्त्रीज्यूको जानकारीको निम्ति उक्त रिपोर्टको फोटोकपी संलग्न गरेको छु ।

देशका युवाहरूलाई भोलिको सम्भावना र ऊर्जाको स्रोतका रूपमा विकास गरेर उनीहरूमा आशा, जोश, उत्साह, राष्ट्रिय भावना, जिम्मेवारीको बोध, सीप, सामाजिक र आर्थिक उद्यमशीलताको विकास गरी रोजगार एवं स्वरोजगारका उपयुक्त अवसरहरू उपलब्ध गराएर समृद्ध नेपाल निर्माणका लागि शक्तिका रूपमा स्थापित गराउनुपर्ने वेलामा राज्य, स्थानीय सरकारी निकाय र राजनीतिको बहानामा समाजविरोधी कार्य गर्ने व्यक्तिहरूको मिलेमतोमा यस्ता घिनलाग्दा कार्यहरू हुनु अत्यन्त निन्दनीय हो । शिक्षाका नाममा यसप्रकारको विकृत व्यवहारले कसरी भरपर्दो र जिम्मेवार समाजको निर्माण हुन सक्दछ ? यस प्रकारका अपराधको निन्दा गरेर पुग्दैन । देशमा व्याप्त अनाचार, भ्रष्टाचार र हिंसा अनि आतङ्कको बीऊ यस्तै व्यक्तिहरूबाट रोपिन सक्दछ । यस्तै कार्यले गर्दा विद्यालयहरूमा निश्चित मापदण्ड अनुसारको पूर्वाधार विकास हुन नसकेको हो ।

**नेपाल सरकारले शैक्षिक पूर्वाधारहरूको उल्लेखनीय विकास र विस्तार गरेको भनेर हामीलाई दैनिक रूपमा सुनाइन्छ । आधारभूत शिक्षामा ठूलो लगानी भएको छ भनेर तथ्याङ्कहरू प्रस्तुत गरिन्छन् । तर लगानी केमा र कसरी गरिएको छ भन्ने यो रिपोर्टले छर्लङ्ग बनाएको छ ।**

नेपाल सरकारले शैक्षिक पूर्वाधारहरूको उल्लेखनीय विकास र विस्तार गरेको भनेर हामीलाई दैनिक रूपमा सुनाइन्छ । आधारभूत शिक्षामा ठूलो लगानी भएको छ भनेर तथ्याङ्कहरू प्रस्तुत गरिन्छन् । तर लगानी केमा र कसरी गरिएको छ भन्ने यो रिपोर्टले छर्लङ्ग बनाएको छ । यहाँ जुन राजनीतिक दलको नेताका रूपमा देशको प्रधानमन्त्री जस्तो गरिमामय पदमा आसीन हुनुभएको छ, त्यही राजनीतिक दल, नेकपा (एमाले)का वैकल्पिक केन्द्रीय सदस्यका छोरा; जो नेकपा (एमाले) को पर्सा जिल्ला कमिटीका सदस्य समेतको यसप्रकारको भ्रष्टाचारमा भएको संलग्नताले देशका अन्य भाग पनि राजनीतिको आडमा यस्ता घृणित कार्यको सञ्जाल फैलिएको हुनसक्ने दर्शाउँछ ।

हामीहरू राजनीतिमा लागेको समाजमा परिवर्तन ल्याउन हो न कि समाजलाई तहस-नहस पार्न । हामीहरूले समाज बदल्न चाहेको हो, भ्रष्टाचार गाउँ-गाउँसम्म थोपर्न होइन । नयाँ समाजको निर्माण भ्रष्टाचार र बेथितिबाट हुँदैन । नयाँ समाजका निर्माताले नयाँ आचरणको उदाहरण प्रस्तुत गर्नुपर्दछ । राजनीतिको मुखुण्डो लगाएर यसरी भ्रष्टाचारमा लिप्त भएपछि समाजमा परिवर्तन आउन सक्दैन । अपराधलाई राजनीतिकरण गर्ने र राजनीतिलाई अपराधीकरण गर्ने काम तीव्र रूपमा बढेको छ । यसले सभ्य नागरिकको जीवन त्रासदीपूर्ण र असुरक्षित भएको छ ।

देशमा फैलिएको भ्रष्टाचारलाई सहेर नबस्न अब देशको हित चाहने सबैले भ्रष्टाचारको विरुद्धमा आवाज उठाउनुपर्ने समय आएकाले प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराएको हुँ । भ्रष्टाचारलाई मलजल गर्ने हाम्रै समाजमा प्रतिष्ठित कहलाइएका व्यक्तिहरू रहेकाले यस्तो अपराध प्रकाशमा नआएको हो । भ्रष्टाचारले सामाजिक असमानता त बढाउँछ नै, यसैका कारण समाजमा थुप्रै अपराधहरू पनि हुन्छन् ।

प्रधानमन्त्रीज्यू, बितेका केही महिनादेखि देशका विभिन्न भागमा शिक्षकहरूमाथि आक्रमण बढेको छ । शिक्षकका हत्याराहरू पत्ता लाग्न नसक्नु यो राष्ट्रमा दण्डहीनतालाई संस्थागत गर्नुसरह हो । प्रधानमन्त्रीज्यूले सम्बन्धित निकायलाई निर्देशन दिएर शिक्षकहरूमाथि हुने आक्रमण रोक्न पहल गरिदिनुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।

एक व्यक्ति वा इमानदार पत्रकारहरूले आफ्नो ज्यान हत्केलामा राखेर प्रकाशन गरेका रिपोर्टहरूले मात्र भ्रष्टाचार नियन्त्रण हुन नसक्ने भएकाले हरेक नागरिकले सतर्क हुनु आवश्यक छ । भोलिको समृद्ध नेपालको परिकल्पना गर्ने व्यक्तिहरूले भ्रष्टाचार निवारण भएको हेर्न पाऊन् ।

**डा. शशांक कोइराला**
संविधानसभा सदस्य, नवलपरासी-१

# प्रअको नियुक्ति पहिलो आधार योग्यता

शिक्षा नियमावली २०५९ को नियम ९३ अनुसार प्रअ नियुक्ति गर्दा शिक्षकमध्येबाटै योग्यता पुगेको शिक्षकले नियुक्ति पाउने देखिन्छ। नियुक्त प्रअको आफ्नो काम, कर्तव्य र अधिकार नियमावलीको नियम ९४ मा पर्याप्त रूपमा उल्लेख रहेको र त्यसका साथै अन्य थुप्रै अधिकारहरू रहेको पाइन्छ। त्यस्तै गरी प्रधानाध्यापकले रु.५०० भत्ता सरकारी तवरबाटै पाउने व्यवस्था छ। तर प्रधानाध्यापकको नियुक्तिमा उच्च योग्यता, शिक्षा र उपल्लो श्रेणीले कुनै माने नराख्ने हुँदा गुणस्तरीय शिक्षणमा निकै कठिनाई सिर्जना गरेको छ।

जथाभावी प्रअ नियुक्त गर्ने कार्य देशभरि व्याप्त छ। जसले धेरै सामर्थ्य उपयोग गर्दछ त्यसैले प्रअमा नियुक्ति पाउने समाचारहरू बाहिरिएका बाहिरियै छन्। यस्तो विकृति/विसङ्गतिले शिक्षाको गुणस्तरलाई कता लैजाँदैछ? प्रअमा राजनीतिकरण गरेर हामी कस्तो शैक्षिक गुणस्तर खोजी गरिराखेका छौं? मनन् गर्नु आवश्यक छ।

शिक्षा र ज्ञानलाई विशेष महत्त्व दिइने तथा बालबालिकालाई शिक्षाको महत्त्व धेरै रहेको सधैं बताइने विद्यालयमा उच्च शिक्षित तथा उपल्लो श्रेणीको व्यक्तिले अवसर नपाए उसले कुन गाउँ कुन ठाउँमा आफ्नो योग्यताको कदर पाउनु? यस्तो प्रश्न अहिले सर्वत्र उब्जिन थालेको छ। आफूभन्दा कम पढे/लेखेका र तल्लो तह, श्रेणीका व्यक्तिले दिएको निर्देशन उच्च योग्यताप्राप्त र उपल्लो श्रेणीका शिक्षकमा कत्तिको फलदायी हुन्छ? तल्लो तह, श्रेणीका र कम पढे-लेखेका प्रअले उच्च शिक्षित उपल्लो तह, श्रेणीका शिक्षकलाई निर्देशन दिँदा लघुताभाष हुँदैन र? यसले पठनपाठन र उत्प्रेरणामा कत्तिको सहयोग पुर्‍याएको छ? प्रअ कनिष्ठ योग्यता भएको भएमा लघुताभाषका कारण अन्य शिक्षकलाई परिचालन गर्न बाधाहरू तेर्सिएका हुँदैनन् र? नीतिनिर्माण एकाइले यस्तो व्यावहारिक कठिनाईलाई राम्ररी अध्ययन नगरी गरिएको यस्तो व्यवस्थाले गर्दा हाल सामुदायिक विद्यालयको सिकाइ उपलब्धि रुग्ण रहेको समाचारहरू बाहिरिएको होइनन् भन्ने यथेष्ट प्रमाणहरू हामीसँग छैनन्। जसले गर्दा गुणस्तरीय शिक्षाको अपेक्षालाई बाधा गरेको देखिन्छ।

गत वर्ष शिक्षा विभागले मिति २०६६/४/३० को निर्णय अनुसार प्रअका नियुक्ति सम्बन्धमा एउटा परिपत्र जारी गरेको छ। त्यस परिपत्रले प्रस्ट रूपमा उपल्लो तह तथा श्रेणीको शिक्षकले मात्र प्रधानाध्यापकको जिम्मेवारी पाउने उल्लेख गरेको छ। यो एउटा विधिको शासनलाई संस्थागत गर्ने असल कामको सुरुआत भएको देखिन्छ। तर यसलाई शिक्षा नियमावलीमा समेट्न र प्रभावकारी कार्यान्वयनमा ल्याउन सकिएको छैन। त्यसैगरी सर्वोच्च अदालतले पनि उच्च माध्यमिक विद्यालयमा स्नातकोत्तर उत्तीर्ण प्राचार्य राख्ने फैसला दिए अनुसार उच्च माध्यमिक शिक्षा परिषद्ले अदालतको फैसला अनुसारकै निर्देशन जारी गरेको थियो। यस्ता राम्रा प्रावधानहरू लागू गर्न सरकारी निकाय प्रयत्नशील हुँदाहुँदै ती निर्देशनहरू मृत अवस्थामा पुगेका थुप्रै उदाहरणहरू देखिन थालेको छ। कनिष्ठ तह, श्रेणीको शिक्षक भएतापनि विद्यालय व्यवस्थापन समितिलाई रिझाएपछि प्रअ हुन पाउने स्थिति हरेक जिल्लाका समाचारले देखाएको छ। यस्तो प्रवृत्तिले उपल्लो तह, श्रेणीका निरास शिक्षकहरूको जमात बढेको बढ्यै गएको छ। त्यसकारण शैक्षिक गुणस्तरलाई निकै पछिल्तिर धकेलिरहेको छ।

अर्कोतर्फ यतिवेला सरकारी अधिकारीहरू प्रअ नियुक्त गर्दा करारमा नियुक्त गर्ने कानुन ल्याउने तयारी भएको बताउँदै आएका छन्। यसले अरू थप समस्याहरू सिर्जना गर्न सक्नेछ। करारमा नियुक्ति गर्ने निकायको जिम्मेवारीमा फितलोपन आएमा शैक्षिक सङ्कट अरु गाढा हुँदै जानेछ। तसर्थ समस्यालाई बल्झाउने भन्दा पनि गुणस्तरीय शिक्षालाई लक्ष्यतर्फ अग्रसर गराउने हो भने कानुन प्रस्ट र प्रभावकारी हुनुपर्दछ। बढुवा भएका शिक्षकहरूलाई स्वत: जिम्मेवारी पाउने कानुनी प्रावधान आउने हो भने प्रअमा हुने राजनीति सधैंका लागि अन्त्य हुनेछ।

निष्कर्षमा शिक्षक जतिसुकै बढुवा भए पनि प्रअ एउटा जिम्मेवार पद हो, नेतृत्वदायी भूमिका हो। तसर्थ जसरी एउटा निजामती कर्मचारी बढुवा भएपछि कार्यालय प्रमुख हुन चाहन्छ त्यसैगरी शिक्षक बढुवा भएपछि प्रअ हुने आधार सुनिश्चित भएमा यसले उसको मानसिकतामा सकारात्मक प्रभाव पार्नेछ। गुणस्तरीय शिक्षामा बालबालिकाको पहुँच सहज बनाउन यसले मद्दत गर्नेछ। शैक्षिक क्षेत्रमा शैक्षिक योग्यता नै प्रमुख पक्ष भएको हुँदा माथिल्लो शैक्षिक योग्यतालाई बढी प्राथमिकता दिइनुका साथै उपल्लो श्रेणीमा बढुवा भएका योग्य शिक्षकलाई प्रअ बन्न पाउने अवसर सुनिश्चित गर्न कानुनी प्रावधान स्पष्ट तथा कार्यान्वयन पक्ष बलियो हुनुपर्दछ। जसले गर्दा हाल देखा परिराखेका विकृतिलाई क्रमश: न्यूनीकरण गर्दै लैजान सजिलो पर्दै जानेछ। अस्तु।

**खुशीराज गौतम**
विराटनगर-११, मोरङ

# शिक्षक बढुवाको विसङ्गति

फाइल बढुवाको रूपमा पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनको अङ्कको आधारमा मा.शि. तृतीय श्रेणीबाट द्वितीय श्रेणीमा बढुवा गर्न ओखलढुङ्गा जिल्लामा दुईवटा कोटाको लागि २०६६ असोजमा शिक्षक सेवा आयोगबाट विज्ञापन भयो। त्यसमा पाँच वर्ष स्थायी सेवा गरेका मा.शि. तृतीय श्रेणीका १७ जना शिक्षकले जिल्ला शिक्षा कार्यालयमार्फत आवेदन दिए।

२०६७ जेठमा शिक्षक सेवा आयोगले नतिजा प्रकाशन गऱ्यो। एक नम्बरमा टङ्कलाल गिरी र दुई नम्बरमा डिल्लीबहादुर कार्कीको नाम निस्कियो। डिल्लीबहादुर कार्की २०५२/५३ देखि मावि तहको दरबन्दीमा अस्थायी हुनुहुन्थ्यो। २०५९/६० तिर एम.एड. पनि पास गर्नुभएको थियो। २०५२ मा भएको मावि शिक्षकको परीक्षाको परिणाम २०५८ सालमा निस्कियो। उहाँ त्यसमा पास भई २०६०/१२/२७ मा मा.शि. तृतीय श्रेणीमा स्थायी नियुक्ति पाई स.ज. उमावि, ओखलढुङ्गामा कार्यरत हुनुहुन्थ्यो। कार्कीजीको बढुवा स्वाभाविक नै देखियो।

टङ्कलाल गिरी २०५२ सालको शिक्षक सेवा आयोगको विज्ञापनमा मा.शि.को परीक्षा दिँदा कटुञ्जे मावि, कटुञ्जेमा निमावि तृतीय श्रेणीमा स्थायी शिक्षकको रूपमा कार्यरत हुनुहुन्थ्यो। २०५४ सालको स्थानीय चुनावमा शिक्षकबाट राजिनामा दिई गाविस अध्यक्ष हुनुभयो। शिक्षक सेवा आयोगले २०५८ सालमा प्रकाशित गरेको २०५२ सालको परीक्षाको रिजल्टमा पास हुनु भई उहाँ २०६०/१२/२७ मा मा.शि. तृतीय श्रेणीको स्थायी शिक्षकमा नियुक्ति लिई रुम्जाटार उमावि, रुम्जाटारमा काम गर्न थाल्नुभयो। त्यसपछि बेतिनी उमावि, बेतिनी सरुवा हुनुभयो। पुनः प्रबुद्ध उमावि, च्यानममा सरुवा भई कार्यरत हुँदा उहाँले २०५३ सालदेखि २०६० सालसम्म मावि दरबन्दीमा अस्थायी रूपमा कार्यरत रहेको प्रमाण पेश गर्नुभएछ। उहाँले पनि माथिल्लो योग्यता एमए पास गर्नुभएको थियो। तर अनुभवको अङ्क मा.शि. दरबन्दीमा अस्थायीको समेत अङ्क जोडी एक नम्बरमा नाम निकाली मा.शि. द्वितीय श्रेणीमा बढुवा भएको नाम निस्कियो। पछि, सबैतिरबाट बुझ्दा अनैतिक तरिकाले अङ्क पाएको थाहा भयो। मैले शिक्षक सेवा आयोगमा उजुरी दिएपछि आयोगले बढुवा सूचीबाट टङ्कलाल गिरीको नाम हटायो।

यता, मैले चाहिँ २०५६ साल फागुनदेखि 'मा.शि. तृतीय श्रेणीसरह हुनेछ' भन्ने पत्र साथ स्रोतव्यक्तिमा नियुक्ति पाएँ। २०५२ सालकै शिक्षक सेवा आयोगको विज्ञापनमा मा.शि. तृतीय श्रेणीको परीक्षा दिई २०५८ को रिजल्टमा भूगोल विषयमा पूर्वाञ्चलबाट एक नम्बरमा मेरो नाम निस्कियो। फलस्वरुप २०६०/१२/२७ मा मा.शि. तृतीय श्रेणीमा नियुक्ति पाएँ। २०६१ देखि २०६५ सालसम्म हरेक वर्ष विद्यालयबाट का.स.मु. भरी जिशिकामा प्रअले एकमुष्ट सबैको बुझाउनुभएको थियो। तर मेरो एक वर्षको का.स.मु. छुट भएको बताइयो र मेरो नम्बर कम भएको कारण दर्शाई हाल स्रोतव्यक्तिमा कार्यरत किशोरकुमार कटुवालको बढुवा भयो।

मेरो एक वर्षको का.स.मु. कहाँ, कसरी गायब भयो? अनि पाँच-पाँच वर्षसम्म सबैका सामु गाविस अध्यक्षका रूपमा उपस्थित रहनुभएका टङ्कलाल गिरीलाई मा.शि.मा अस्थायी बढुवाको पत्र कहाँबाट कसरी प्राप्त भयो? के यी दुवै सवालको सही र निष्पक्ष खोजबिन गरी अन्यायमा परेकालाई न्याय दिलाउनु र अनुचित एवं छलछाम गर्नेलाई दण्ड दिनु सम्बद्ध निकाय एवं अधिकारीहरूको दायित्व होइन? यदि यस्ता कृत्यलाई त्यसै ढाकछोप गरिन्छ भने भावी पुस्तालाई कस्तो सन्देश देला?

यसर्थ, म आफ्नालागि भन्दा पनि भावी पुस्तामा हाम्रा शैक्षिक निकाय र शिक्षा प्रशासनप्रति नकारात्मक सोच पैदा हुन नपाओस् भन्नका खातिर उपर्युक्त विषयमा खोजबिन गरी यथार्थ पहिल्याउन सम्बद्ध निकायहरूलाई आग्रह गर्दछु।

**बलभद्र दाहाल**
बरूणेश्वर उमावि, रामपुर, ओखलढुङ्गा


**मकालु यातायात बस सेवा**

हेड अफिस कलंकी काठमाडौं, फोन: ४२७७५५२/४२८१९७२

काठमाडौंबाट

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे |
| धरान | विहान ५:५० बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ |
| राजविराज | विहान ६ बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे |
| मलंगवा | विहान १०:४५ बजे |
| जनकपुर | विहान ७:१५ बजे |
| कलैया | विहान १०:१५ बजे |
| वीरगञ्ज | विहान ८, १०:१५ ११, ११:४५ बजे बेलुकी ८:१५ बजे |
| भरतपुर | विहान ८:४५ बजे दिउँसो १२:१५ बजे |
| शिवनगर | दिउँसो १२:१५ बजे |
| टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| पर्सा-कपिया | दिउँसो २:१० बजे |
| पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| गीतानगर-जगतपुर | दिउँसो ३ बजे |

काठमाडौंतर्फ

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ४:५० बजे |
| मधुमल्ल | विहान ४:५० बजे |
| धरान | विहान ४:२० बजे |
| विराटनगर | विहान ४:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे |
| राजविराज | विहान ५:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे |
| मलंगवा | विहान ५:१५ बजे |
| कलैया | विहान ८ बजे |
| हेटौंडा | विहान ११ बजे |
| वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| शिवनगर | विहान ५:३० बजे |
| भरतपुर | विहान ५:३० बजे |
| पर्सा | विहान ५:४५ बजे |
| मेघौली | विहान ६:३० बजे |
| टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| पर्सा-कपिया | विहान ६:३० बजे |
| जगतपुर | विहान ७:१५ बजे |
| नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थानः कलंकीः ४२७७५५२/४२८१९७२ सुन्धाराः ४२५३१४२ गौशालाः ४४८०७९३ लगनखेलः ५५३४३५९ धरानः ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराजः ०३१-२००९१ लहानः ०३३-६०३६६ सिरहाः ०३३-२०१३१, मलंगवाः ०४६-२००४२ वीरगञ्जः ०५१-२१५२६, हेटौंडाः ०४७-२०५३५।

यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध

# पढेका अज्ञानीहरूको भीड

"राजा दशरथका जेठा छोरा राम १४ वर्ष वनबास गएका वेला पत्नी सीतालाई एउटा घेराले छेकेर वनमा राखेका थिए। त्यो घेरोलाई नै डेडलाइन (Deadline) भनिन्छ।" - *(पत्रकारिताका एक विद्यार्थीले २०६० सालको कक्षा १२ को परीक्षामा लेखेको 'डेडलाइन'को परिभाषा)*

सात वर्षअघिसम्म उच्च मावि तहमा पत्रकारिता तथा आमसञ्चार पढाउने जनशक्तिको अभाव थियो। त्यतिवेला त्रिविको रत्न राज्य लक्ष्मी क्याम्पसमा पहिलो पटक पत्रकारिताको स्नातकोत्तर कक्षा शुरु भएको थियो। सोही क्याम्पसमा स्नातकोत्तर दोस्रो वर्षमा अध्ययन गर्दै गर्दा म सामाखुसीस्थित रेडन कलेजमा पत्रकारिता पढाउन प्रवेश गरें। केही समयपछि चाबहिलस्थित कैलाशकूट कलेजका क्याम्पस प्रमुखले पत्रकारिताको पढाइसम्बन्धी कुराकानीमा एक दैनिक पत्रिकाका प्रुफरिडर र नेपालीका गुरुले पढाइरहेको बताए। तर सात वर्षअघिको यो प्रवृत्ति अहिले पनि मेटिएको पाइँदैन। देशभरका उच्च माविहरूलाई नियमन गर्ने उच्च माध्यमिक शिक्षा परिषद्को ध्यान यस्ता कमजोरीलाई सुधारेर शैक्षिक गुणस्तर कायम गराउनेतिर पुगेको देखिँदैन।

पढाइमा हेलचेक्र्याईसँगै परीक्षाका वेला हुने अस्वस्थ प्रतिस्पर्धाले पछिल्ला दिनमा शैक्षिक गुणस्तरमा थप ह्रास आएको छ। परिषद्ले राजधानीका नाम चलेका कतिपय उच्च माविहरूको परीक्षा केन्द्र अनेक प्रलोभनमा हरेक वर्षजसो एउटै सरकारी स्कूलमा पार्ने गरेको छ। वेलावेलामा प्रश्नपत्र पनि बाहिरिने गरेका छन्। परिषद्ले छानबिन समिति बनाएर अध्ययन गरे पनि प्रश्नपत्र बाहिरिने क्रम रोकिएको छैन।

उत्तरपुस्तिका परीक्षणका क्रममा विद्यार्थीका कमजोरी देखिए पनि कतिपय प्रश्नका उत्तर हेर्दा पढाउने शिक्षकहरू पनि कम जिम्मेवार लाग्दैनन्। किनभने ६/७ वर्षअघिका जस्ता कमजोरी ज्यूँका त्यूँ भेटिन्छन्- उत्तरपुस्तिकामा। हालैका वर्षहरूमा भेटिएका कमजोरीका केही नमुना हेरौं:

कक्षा १२ को पत्रकारिताको परीक्षामा फोटोशप (Photoshop) बारे सङ्क्षिप्त उत्तर लेख्न भनिएको थियो २०६३ सालमा।

त्यसमा कतिपय विद्यार्थीको उत्तर यस्तो थियो: "भिन्न व्यक्ति र ठाउँका फोटो बेच्नका लागि छुट्टै पसल राखिएको हुन्छ। त्यस्तो पसललाई 'फोटोशप' भनिन्छ।"

जबकि उक्त प्रश्नको सही उत्तर हुन्थ्यो: "कम्प्युटरमा तस्विरको संयोजन, सम्पादन र अन्य डिजिटल डिजाइनका लागि बनाइएको सफ्टवेयर नै Photoshop हो।"

यसैगरी २०६७ सालमा सोधिएको 'हाउस जर्नल' (House journal) का बारेमा कतिपय विद्यार्थीले उत्तर लेखे: "हरेक घरमा के भइरहेको छ त्यसलाई प्रकाशित गर्नका लागि घरबाट निकालिने जर्नललाई 'हाउस जर्नल' भनिन्छ।
यस्तो जर्नलमा घरमा हुने झगडालाई पनि समावेश गरिएको हुन्छ।"

उक्त प्रश्नको लेखिनुपर्ने सही उत्तर चाहिँ यस्तो हुनुपर्दथ्यो: "कुनै पनि संघसंस्थाले आफ्ना गतिविधि जनसमक्ष ल्याउनका लागि नियमित रूपमा प्रकाशित गर्ने पत्रिका वा जर्नल नै 'हाउस जर्नल' हो। यसमा प्राय: संस्थाका असल गतिविधिहरू समेटिएको हुन्छ किनभने यसको मुख्य उद्देश्य संस्थाको छवि सुधार्नु हुन्छ।"

२०६७ सालमै 'सनद'का बारेमा केही विद्यार्थीले उत्तर लेखे: "नेपालमा दुई किसिमका सदन हुन्छन्, एउटा प्रतिनिधिसभा र राष्ट्रिय सभा। दुई सदनात्मक व्यवस्थालाई 'सदन' भनिन्छ।"

यो प्रश्नको 'सनद'लाई परीक्षार्थीले 'सदन' पढे; त्यसै अनुसार सदनको अर्थ लेखे। शायद 'सनद' उनको शब्दभण्डारमै थिएन कि !

उत्तरपुस्तिकामा सधैँ विद्यार्थीका यस्ता जवाफ पाएपछि कैलाशकूट क्याम्पसका प्रमुखले सात वर्षअघि भनेको याद आयो। शायद त्यस्तै शिक्षकले पढाएका विद्यार्थी होलान् जसले परीक्षाको उत्तरपुस्तिकामा छेउटुप्पो नै नमिल्ने उत्तर लेखे। यस्तो उत्तर लेख्नुमा विद्यार्थीको कमजोरी त छ नै सँगसँगै कमजोरी शिक्षकहरूको पनि। त्यस्ता शिक्षकले व्यावहारिक ज्ञान दिए पनि सैद्धान्तिक ज्ञान दिन सक्दैनन्।

प्रश्नपत्रमा पनि उत्तिकै त्रुटि भेटिन्छन्। पाठ्यक्रमले परीक्षामा हरेक खण्डबाट कम्तीमा एउटा प्रश्न समावेश होस् भन्ने मान्यता राखेको छ। कक्षा १२ को २०६७ सालको प्रश्नपत्रमा दोस्रो खण्डको फोटो जर्नालिजम (Photo Journalism) र पाँचौं खण्डको प्रेस एण्ड ल (Press and Law) बाट तीन-तीन वटा प्रश्न सोधिएको छ। तर २०६४ सालको प्रश्नपत्रमा भने खण्ड ३ को स्पेसलाइज्ड रिपोर्टिङ (Specialised Reporting) बाट एउटा सङ्क्षिप्त उत्तर मात्र सोधिएको छ।

प्रश्नपत्र तयारीको जिम्मा विषयवस्तुको ज्ञान भएका शिक्षकहरूलाई दिने हो भने कम्तीमा प्रश्नपत्रमा त्रुटि हुन सक्दैन। तर हरेक वर्षजसो परीक्षणका लागि उत्तरपुस्तिका दिँदा परीक्षा शाखाबाट भन्ने गरिन्छ, "यस पटक चेकिङमा केही 'लुज' गरिदिनुहोला।" सम्बद्ध अधिकारीका यस्ता भनाइबाट पनि बुझ्न सकिन्छ परिषद्को ध्यान गुणस्तरमा होइन, धेरै विद्यार्थी उत्तीर्ण गराउनमा केन्द्रित छ। परिषद्का एकजना जिम्मेवार अधिकारीको भनाइ अनुसार परीक्षा केन्द्र सधैं एउटै स्कूलमा पार्न दबाब दिने राजधानीका पहुँचवाला केही उच्च माविहरूको दबाबमा उत्तरपुस्तिका निश्चित शिक्षकहरूलाई दिँदा सम्बन्धित उच्च माविले चाहे अनुसारको परिणाम सहजै आउने गरेको छ। आफू र मातहतका दश जोड दुईमा व्याप्त यस्ता विकृति हटाउनेतर्फ ध्यान नदिने हो भने परिषद्को औचित्य त समाप्त होला नै; तर त्यो भन्दा ठूलो चिन्ता बर्सेनि हजारौं-लाखौंको सङ्ख्यामा आपूर्ति हुने 'पढेका-अज्ञानी'हरूलाई यो समाजले कसरी धान्ने हो।

**रामजी दाहाल**
सचिव, नेपाल पत्रकार महासंघ, काठमाडौं

गतिविधि

फलोअप

# हुँदै नभएका स्कूलको नाममा लाखौं निकासा प्रकरण
# पर्सा जिशिकाका २०० फाइल अख्तियारमा




*शिक्षक* को कात्तिक अंकमा समाचार प्रकाशित भएपछि हतारमा झुन्ड्याइएको जैनब ग्लर्स स्कूलको साइनबोर्ड ।

*शिक्षक* को अघिल्लो (कात्तिक, २०६७) अङ्कमा भौतिक अस्तित्व हुँदै नभएका विद्यालयका नाममा लाखौं रकम निकासा भएको समाचार छापिएपछि अदुअआले पर्सा जिशिकाका २०० वटा फाइल नियन्त्रणमा लिई छानबिन थालेको छ ।

'हुँदै नभएको विद्यालयको नाममा लाखौं निकासा' भन्ने रिपोर्ट छापिएपछि त्यस्ता स्कूलका नाममा लाखौं रकम स्वाम पार्नेहरू कारबाही हुने डरले चलबलाउन थालेका छन् । त्यस्ता नामधारी स्कूलका केही सञ्चालकहरू नयाँ 'साइन बोर्ड' राखेर स्कूलको अस्तित्व देखाउने कोशिशमा लागेका छन् भने केहीले स्कूलका निम्ति जग्गा किन्ने सुरसार कसेका छन् ।

१४ कात्तिकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहसचिव समिर सिलवालको नेतृत्वमा आएको टोलीले जिल्ला शिक्षा कार्यालय पर्साका कागजात नियन्त्रणमा लिएको छ । जिशिका पर्साको टिप्पणी रजिस्टर, स्वीकृत आदेश, लेखा प्रतिवेदन, विद्यालय भवन निर्माणको सिफारिस, ब्याङ्क स्टेटमेन्ट, पेस्की फर्स्योट, लेखा श्रेस्ता, सक्कल माइन्युट, ब्लक मरम्मतको श्रेस्ता, २०६६ देखि २०६७ सम्म भएका राहत र पीसीएफ दरबन्दी वितरण, निकासा र खर्चसम्बन्धी कागजपत्र नियन्त्रणमा लिएको पर्साका प्रमुख जिल्ला अधिकारी नागेन्द्र झाले बताए । कर्मचारीहरूका अनुसार अख्तियारले जिशिका पर्साबाट २०० वटा फाइल लगेको छ ।

अख्तियारको टोलीले जिशिअ केदार तिवारीलाई फोन गरेर भेट्न खोज्दा उनी सम्पर्कमा आएनन् । प्रजिअ झाले अख्तियारले छानबिन थालेकाले आफूले हुँदै नभएका स्कूलका नाममा रकम निकासा गरी भ्रष्टाचार गर्नेहरूबारे कारबाही अघि नबढाएको जानकारी दिए ।

*शिक्षक* मा समाचार प्रकाशित भएपछि जैनव ग्रर्ल्स स्कूलका अध्यक्ष इमामुदिन उल हुसैनले कारबाहीबाट जोगिन आफू प्रिन्सिपल रहेको मुस्लिम इङ्गलिस स्कूलमा नयाँ बोर्ड झुन्ड्याएका छन् । सद्भावना पार्टीका सभासद् लक्ष्मणलाल कर्णको निर्वाचन क्षेत्र विकास कोषबाट हुसैनको विद्यालयलाई फर्निचरको लागि भनेर रु.१ लाख २५ हजार अनुदान गएको पनि खुल्न आएको छ ।

नगरदाहा गाविसको रामजानकी प्राविको नाममा रु.३ लाख १९ हजार ५३२ निकासा भएको समाचार पढ्दा नगरदाहाका बासिन्दा आश्चर्यचकित भएका छन् । स्थानीय रामाधार यादवले अस्तित्वमै नभएको विद्यालयको नाममा त्यत्रो रकम हिनामिना गरिएकाले व्यवस्थापन समितिका अध्यक्ष प्रेम यादवको विरुद्ध जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्ने बताएका छन् ।

पर्साको अलौं गाविस ५ मा सञ्चालन अनुमति पाएको सल्फिया दारुल हदिसका अध्यक्ष अफजल हुसैन अन्सारीले समाचार प्रकाशित भएपछि मदरसाको नाममा जग्गा किन्ने तयारी गरेको बुझिएको छ । नक्कली स्कूलका नाममा सरकारी कोषबाट रकम निकासा गरी अनियमितता गरिएकोले अख्तियारले पर्साका सबै सरकारी स्कूलका ब्याङ्क खाता रोक्का गरेको छ ।

**भूषण यादव**/वीरगञ्ज

# अनसन बस्नेले तलब पाउने



**पाँच** दिन लामो अनसनपछि जिल्ला शिक्षा कार्यालय, सप्तरीले अघिल्लो वर्ष राहत र पीसीएफ अनुदानमा नियुक्त भएका शिक्षकको तलब/भत्ता दिने भएको छ। लामो समयदेखि तलब नपाएपछि विभिन्न स्कूलका पाँच जना शिक्षक १४-१८ कात्तिकमा जिशिकामा अनसन बसेका थिए।

१८ कात्तिक बसेको सर्वदलीय बैठकले ६ मङ्सिर २०६७ सम्ममा उनीहरूको अहिलेसम्मको तलब निकासा गर्ने निर्णय गरेको जिशिकाले जनाएको छ। अनसन बस्नेहरूमा राष्ट्रिय प्रावि, बनौलीका सनिता यादव, मावि बोरियाका बरुणकुमार यादव, मावि बथनाहाका रामदेव यादव, मावि पोखरियाका शिवनारायण चौधरी र मावि रामपुर जमुवाका विक्रम चौधरी थिए।

गत साल केदार तिवारी सप्तरीको जिशिअ हुँदा विभिन्न स्कूलमा राहत र पीसीएफ अनुदानमा लगभग १०० जना शिक्षक नियुक्त गरिएका थिए। शिक्षकको नियुक्तिलगत्तै तिवारी सप्तरीबाट सरुवा भए। अहिले उनी पर्साका जिशिअ छन्। जिल्ला शिक्षा समितिबाट स्वीकृत नभई कोटा बाँडिएको भन्दै शिक्षा कार्यालयले अनसनकारी शिक्षकहरूको तलब रोकेको थियो।

तलब रोक्ने जिशिकाको निहुँमा कुनै दम नभएको बताउँदै जनता निमावि, भेडियाका प्रअ अरुणकुमार सिंह भन्छन्, "शिक्षा कार्यालयले दिएको कोटाको सिफारिस पत्र हामीसँग सुरक्षित छ। त्यसैले तलब रोक्न मिल्दैन।" शिक्षक नियुक्तिपछि शिक्षा कार्यालयबाटै प्रति शिक्षक रु.२० हजार मागिएको समेत सिंहले बताए। नियुक्तिपछि शिक्षकसँग पैसा असुल्ने नियतका कारण जिशिकाले गत साल शिक्षा समितिको स्वीकृति नलिई अनुदान कोटा बाँडेको आशङ्का सबैले गरेका छन्। नेपाल शिक्षक युनियन, सप्तरीका अध्यक्ष भवेन्द्र यादव प्रक्रिया गलत भएको भए पहिल्यै नियुक्ति बदर गर्नुपर्ने जिकिर गर्छन्। उनको कथन छ, "तत्कालै नियुक्त भएर तलब माग गरेको भए केही त्रुटि हुन सक्थ्यो। तर, ११ महिनासम्म काम गरिसकेपछि त्यसलाई अवैधानिक भन्नु गलत नियत हो।"

**श्रवणकुमार देव**/राजविराज

IMAGE CHANNEL

# युनियनलाई रु.२ करोड

**चार** वर्षदेखि शिक्षकहरूको क्षमता विकासका निम्ति नेपाल शिक्षक युनियनलाई अनुदान दिँदै आएको *डेनिस टिचर्स युनियन (डीएलफ)* ले सन् २०११ देखि २०१४ सम्मका लागि युनियनलाई थप रु.२ करोड अनुदान दिने भएको छ। युनियनका कार्यवाहक अध्यक्ष दिलबहादुर जोशी र डेनिस टिचर्स युनियनका विदेश सचिव टोर एसमोसनबीच यस सम्बन्धी सम्झौतामा असोजको दोस्रो साता काठमाडौंमा हस्ताक्षर भएको छ।

उक्त बजेटबाट युनियनले आउँदो तीन वर्षसम्म युनियनका पदाधिकारी तथा सदस्यको निम्ति नेतृत्व विकाससम्बन्धी तालिम तथा त्यसका प्रशिक्षकहरूलाई पुनर्ताजगी, युनियनद्वारा प्रकाशित पुस्तिकाहरूको परिमार्जन र प्रकाशन तथा विभिन्न तहमा सम्वाद र छलफल कार्यक्रमहरू गर्नेछ। साथै, युनियनका महिला सदस्यहरूलाई शिक्षक सेवा आयोगको परीक्षाको तयारी सम्बन्धी प्रशिक्षण पनि सोही बजेटबाट सञ्चालन गरिनेछ।

डीएलएफले विगतमा दिएको अनुदानबाट नेपाल शिक्षक युनियनका पदाधिकारी तथा सदस्यहरूमा नेतृत्व क्षमताको विकास अपेक्षाअनुरुप नभएको कुरा उक्त परियोजनाको प्रभाव सम्बन्धमा भर्खरै गरिएको एक अध्ययनले देखाएको छ। शिक्षाविद् डा. विद्यानाथ कोइराला र डा. सरस्वती भारतीले संयुक्त रूपमा गरेको *'टिचर युनियन अफ नेपाल क्यापसिटी बिल्डिङ फर सोसिअल डाइलग'* नामको उक्त अध्ययनले युनियनले आफ्नो व्यावसायिक क्षमता अभिवृद्धि गर्न अझै धेरै काम गर्न बाँकी रहेको औंल्याएको छ। यसअघि युनियनलाई डीएलएफले सन् १ जुन २००७ देखि ३१ मे २०१० सम्मका निम्ति *'ज्वाइन्ट प्रोजेक्ट फर दि क्यापसिटी बिल्डिङ अफ टिचर युनियन अफ नेपाल'* नामको तीनवर्षे परियोजनाका निम्ति रु.७४ लाख अनुदान दिएको थियो। उक्त परियोजनाका बाँकी कार्यक्रम डिसेम्बरसम्म सम्पन्न गर्न डीएलएफले युनियनलाई असोजमै पुनः रु.३० लाख ९८ हजारको बजेट थपिदिएको छ।

## बैठकमा विवाद

नेपाल शिक्षक युनियनको कात्तिक १४-१६ गतेसम्म बसेको राष्ट्रिय समितिको बैठक नेपाल शिक्षक संघ र नेपाल राष्ट्रिय शिक्षक सङ्गठनबीचको विवादका कारण विना निष्कर्ष टुङ्गिएको छ।

युनियनको अध्यक्ष पदमा वरिष्ठ उपाध्यक्ष तथा कार्यवाहक अध्यक्ष दिलबहादुर जोशीलाई नियुक्त गरी वरिष्ठ उपाध्यक्षमा युनियनका केन्द्रीय सदस्य भरत शाहलाई चयन गरिनुपर्ने सङ्गठनको प्रस्ताव संघले नमानेपछि बैठक तीन दिनसम्म त्यसमै अल्झिएको थियो। संघले विधान अनुसार युनियनको पूर्ण अध्यक्ष चयन राष्ट्रिय महाधिवेशनले मात्र गर्न सक्ने भएकाले राष्ट्रिय समितिको बैठकले उक्त निर्णय गर्न नमिल्ने अडान लिएको थियो। सङ्गठनले चाहिँ युनियनको चारवर्षे कार्यकालका लागि अध्यक्षमा सङ्गठनको पालो भएकाले सङ्गठनको प्रस्ताव संघले मान्नुपर्ने धारणा राखेको थियो।

युनियनका महासचिव चुन्नीशरण यादवले दिएको जानकारी अनुसार उक्त विवाद सुल्झाउन युनियनमा आवद्ध संस्थाका महासचिवहरूसमेत उपस्थित हुने गरी १३ मङ्सिर २०६७ मा युनियन सचिवालयको बैठक बोलाइएको छ। सङ्गठनको तर्फबाट युनियनको केन्द्रीय सदस्य बनेका शिक्षकहरू सानोभाइ कार्की र टङ्क केसीले सङ्गठन परित्याग गरेका कारण रिक्त हुन आएको स्थानमा चेतप्रसाद दवाडी र दामोदर पौडेललाई मनोनीत गर्न राखिएको प्रस्ताव पनि पारित भएको छैन।

युनियनले अहिलेसम्म आबद्ध नभएका शिक्षकका विभिन्न पेशागत संस्थाहरूलाई युनियनमा आवद्ध हुन लिखित पत्राचार गरेको छ। महासचिव यादवका अनुसार, मधेशी शिक्षक फोरम, लोकतान्त्रिक शिक्षक युनियन, अखिल नेपाल शिक्षक संघ, विद्यालय कर्मचारी युनियन र संस्थागत विद्यालय शिक्षक युनियनलाई युनियनमा आवद्ध हुन औपचारिक रूपमा आग्रह गरिएको छ। उनले भने, "ती संस्थाले युनियनमा आवद्ध हुने रुचि देखाएका छन्। प्रक्रिया पूरा गरेर उनीहरूलाई युनियनको छाताभित्र समेटिनेछ।"


युनियनमा अहिले नेपाल शिक्षक संघ, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, नेपाल शिक्षक मञ्च र नेपाल राष्ट्रिय शिक्षक परिषद् मात्र आवद्ध छन्।

## दुई रुपैयाँ अभियान

नेपाल शिक्षक युनियनको महिला विभागले 'दुई रुपियाँ दाम, सिर्जनात्मक काम' भन्ने नारासहित अवसरबाट बञ्चित बालबालिका तथा महिलाको उत्थान गर्ने लक्ष्यले रकम सङ्कलन अभियान शुरु गरेको छ। प्रारम्भिक रूपमा एक वर्ष सञ्चालन हुने उक्त अभियानमा युनियनका सदस्य तथा पदाधिकारी, आवद्ध संस्थाका सदस्य, शिक्षक तथा विद्यालय कर्मचारी, छात्रछात्रा तथा अभिभावकहरू सहभागी हुने युनियनकी उपाध्यक्ष एवं महिला विभाग प्रमुख पूर्णा जोशीले जानकारी दिइन्। उनको कथन छ, "हामीले युनियनका पदाधिकारी तथा सदस्यको सक्रियतामा मौलिक अभियान सञ्चालन गर्न लागेका हौं। यो अभियानबाट सङ्कलित रकम वञ्चित बालबालिका तथा महिलाको हितमा खर्च हुन्छ।"

# फेरि मारिए शिक्षक





**हत्याको विरोधमा नाराबाजी गर्दै बाराका शिक्षक र इन्सेकमा मृतक शिक्षक सुरेश कुमार पटेल**

**सशस्त्र** समूहका कार्यकर्ताले बारा, बिसुनपूर्वास्थित नेपाल राष्ट्रिय प्राविका शिक्षक सुरेशप्रसाद पटेल (३८) लाई १३ कात्तिकमा गोली हानी मारेका छन् ।

बाराका प्रहरी उपरीक्षक मनोज पोखरेलका अनुसार, सिम्रौनगढ बजारबाट महेन्द्र आदर्श च्युटाहा-८ स्थित घर फर्कँदै गर्दा हतियारधारीले शिक्षक पटेललाई अपहरण गरी बताराको जमुनियाखोलामा पुऱ्याएर गोली हानेका थिए । ढाड र पेटमा पाँच गोली लागेका पटेलको घटनास्थलमै मृत्यु भएको थियो । पटेलका पत्नी र दुई छोरा छन् । पटेल गाउँकै सुजितकुमार कोइरीको मोटरसाइकलमा पछाडि बसेर घर फर्कँदै थिए । कोइरीलाई भने हातखुट्टा बाँधेर छाडिएको थियो । अहिलेसम्म हत्यामा संलग्न कसैलाई पक्राउ गरिएको छैन । अखिल तराई मुक्तिमोर्चा (प्रतीक समूह) का बारा क्षेत्र नम्बर एक इन्चार्ज जीके सिंहले स्थानीय सञ्चारकर्मीलाई टेलिफोन गरी सो हत्या आफूले गरेको दाबी गरेका छन् । शिक्षक पटेलले आफ्नो सङ्गठनविरुद्ध सुराकी गरेकाले हत्या गरिएको सिंहको आरोप छ । पटेलको हत्याबारे छानबिन गर्न मध्यमाञ्चल क्षेत्रीय प्रहरी कार्यालय, हेटौंडाले नारायणी अञ्चल प्रहरी प्रमुख (एसएसपी) गोपालप्रसाद भण्डारीको नेतृत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको छ ।

शान्ति प्रक्रिया शुरु भएपछि बारामा पटेलसहित पाँच शिक्षकको हत्या भइसकेको छ । यसअघि २१ भदौ २०६७ मा कलैयास्थित दुर्गा उमाविका शिक्षक सुवास पाण्डेको हत्या भएको थियो । पटेल हत्याको विरोधमा १६ कात्तिकमा नारायणी र १७ कात्तिकमा मुलुकभरका सामुदायिक स्कूलको पठनपाठन बन्द गरिएको थियो । चन्दाको माग गर्दै आपराधिक समूहबाट धम्कीपूर्ण फोन र एसएमएस आउन थालेपछि बाराका शिक्षकहरू आतङ्कित बनेका छन् । शिक्षकका मोबाइलमा 'पैसा नही देगा तो उडा दुङ्गा', 'कलका सुरज तु नही देख पाएगा', 'कल तुम्हारा मौत निश्चित है' जस्ता एसएमएस आउने गरेका छन् । त्रासका कारण शिक्षकहरूले नचिनेको नम्बरबाट आएको फोन उठाउन छाडेका छन् । एक शिक्षकले भने, "नेपाली सिमकार्डबाटै त्यस्ता एसएमएस आउँछन् । त्यसको जानकारी प्रहरीलाई दिए पनि कसैको पहिचान खुल्न सकेको छैन ।" व्यवस्थापन समितिको चयन, शिक्षक अनुदान जस्ता विषयमा विवाद हुँदा आपसी वैमनस्यता बढ्ने र शिक्षकहरू त्यसको निशाना बन्ने गरेका छन् ।

**भूषण यादव**/वीरगञ्ज

# सन्दर्भ सामग्री खोज्दै बझाङका प्रअ



**"हामीलाई** पढ्ने सामग्री केही भएन । पाठ्यक्रम र शिक्षक निर्देशिका पनि पाइएको छैन । केही पाइन्छ कि भनेर आको" भन्दै नवज्योति प्रावि ब्याडीगाउँ, भामचौरका तन्नेरी शिक्षक कर्णबहादुर बोहराले १४ कात्तिकको दिउँसो जिल्ला शिक्षा कार्यालयको ढोका चियाउँदा शिक्षा अधिकारी लोकनाथ पौडेल औधी खुसी भए । "म बझाङ आएको एक वर्षमा यसरी पढ्ने सामग्री खोज्न आउने तपाईं पहिलो शिक्षक हुनुभएको छ" भन्दै जिशिअ पौडेलले उनलाई प्राथमिक तहको शिक्षक निर्देशिका एक सेट उपलब्ध गराइदिए । बोहरालाई अभिप्रेरित गर्ने ध्येयले पौडेलले थपे, "यो किताब पढ्नका लागि मात्र होइन, केही राम्रो गर्नका लागि औजार हो ।"

बोहरा सन्दर्भ सामग्री खोजन सदरमुकाम आएको तेस्रो दिन शिक्षा कार्यालयले यसै विषयमा केन्द्रित गरेर जिल्लाभरका प्रअहरूको बैठक राख्यो । सो बैठकमा बोल्दै जय पृथ्वीबहादुर सिंहले स्थापना गरेको सत्यवादी उमाविका अङ्ग्रेजी शिक्षक लक्ष्मण उपाध्यायले भने, "शिक्षक हुनु भनेको सधैँ नयाँ-नयाँ कुरा सिकिरहनु हो । हामीले नयाँ कुरा सिके मात्र विद्यार्थीलाई नवीन ज्ञान तथा सीप सिकाउन सकिन्छ । विषयगत तथा शिक्षण सीपसम्बन्धी मात्र होइन, हामीलाई नै उत्प्रेरित गर्ने पुस्तकहरू पनि पढ्नुपर्छ । तर हामी शिक्षकहरूमा पढ्ने सामग्री र बानी दुवै कम छन् ।"

जिल्लाकै पुराना शिक्षक एवं शान्ति उमाविका प्रअ रामबहादुर थापाले शिक्षक इमानदार भएर आफ्नो उत्तरदायित्व वहन गरेका खण्डमा बझाङको शैक्षिक स्थितिमा उल्लेखनीय सुधार आउने विश्वास व्यक्त गरे । उपस्थित प्रअमध्ये कैयन्का गुरु समेत रहेका थापाको कथन थियो, "हामी शिक्षक हौं भन्ने कुरा हामीले हरबखत सम्झिरहनुपर्छ । हामीलाई आफ्नो दायित्व निर्वाह गर्न प्रेरित गर्ने काम यसैले गर्दछ ।"

सत्यवादी उच्च माविका प्राचार्य लालबहादुर खड्काको विचार थियो, "म शिक्षक हुँ भन्ने कुरा हामीले हृदयदेखि नै आत्मसात् गर्न सक्यौं भने मात्र हामी असल शिक्षक बन्न सक्छौं ।" असल शिक्षक बन्न शिक्षक पत्रिका उपयोगी हुने चर्चा गर्दा उनले यस्ता अरू प्रकाशनहरू पनि खोजी-खोजी पढ्न शिक्षकलाई सल्लाह दिए ।

नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका जिल्लाध्यक्ष वीरेन्द्र खड्काको भनाइको सार थियो, "शिक्षक झन्झटमुक्त नभएसम्म उसले राम्रोसित सेवा दिन सक्दैन र स्कूलमा चाहे जस्तो सुधार हुन सक्दैन ।" उनले शिक्षकलाई झन्झटमुक्त बनाउन सरकार, समुदाय, राजनीतिक दल र मिडिया सबैले आ-आफ्नो क्षेत्रबाट प्रयासको थालनी गर्न अनुरोध गरे । त्यसैगरी नेपाल शिक्षक संघका जिल्लाध्यक्ष विष्णुभक्त जोशीको कथन थियो, "स्कूल सुधार गर्ने मुख्य जिम्मेवारी प्रअको भएकाले हामी नमुनाको रूपमा प्रस्तुत हुन सके मात्र शिक्षक साथीहरूलाई उत्प्रेरित गर्न सकिन्छ । त्यसको लागि हामीले सबैभन्दा पहिले आफूभित्र भएको निराशा र कुण्ठा त्यागेर हामी राम्रो गर्न सक्छौं भन्ने सोच बनाउनु अत्यावश्यक छ ।"

अखिल नेपाल शिक्षक सङ्गठनका जिल्ला सचिव जन्मजय जोशीको कथन थियो, "हामी शिक्षकहरूलाई सुध्रन र सुधार्न शिक्षक पत्रिका उपयोगी छ । हामीले यसको नियमित अध्ययन गर्ने र आफूलाई चित्त बुझेका कुरामा व्यवहारमै रुपान्तरण ल्याउन आवश्यक छ ।"

बैठकमा प्रमुख जिल्ला अधिकारी कमलकान्त रेग्मीले शिक्षकको प्रभावकारी भूमिका विना शैक्षिक गुणस्तर अभिवृद्धि गर्न असम्भव रहेको चर्चा गर्दै केटाकेटीको भविष्य सुन्दर पार्न इमानदारीसाथ लाग्न प्रअहरूलाई अनुरोध गरे । उनले भने, "पठनपाठनमा उपयोगी सामग्रीहरूमा शिक्षकको पहुँच पुगेर मात्र हुँदैन, शिक्षकले पढेर, मनन् गरेर त्यो ज्ञान तथा सीप विद्यार्थीसम्म पनि पुऱ्याउनुपर्छ ।"

जिल्ला शिक्षा अधिकारी लोकनाथ पौडेलले शिक्षकहरूमा पढ्ने बानीको विकास गराउन र नयाँ ज्ञान तथा सीपमा अद्यावधिक तुल्याउन शिक्षक लगायतका उपयोगी पत्रिकाको नियमित अध्ययनले ठूलो टेवा पुऱ्याउने विश्वास व्यक्त गर्दै आफ्नो कार्यशैलीमा समयानुकूल परिवर्तन ल्याउन शिक्षकहरूलाई अनुरोध गरे । विगतमा जिशिकाले शिक्षक निर्देशिका समयमै वितरण नगरेकोमा माफी माग्दै उनले अबदेखि त्यस्तो गल्ती नहुने प्रतिबद्धता व्यक्त गरे । सो अवसरमा शिक्षा कार्यालयको तर्फबाट शिक्षक निर्देशिका तथा अन्य स्रोत सामग्रीहरू वितरण गरिएको थियो ।

जिल्लाभरका प्रअहरूको सोही बैठकले आफू र आफ्ना सहकर्मी शिक्षकहरूको लागि सन्दर्भ सामग्रीको रूपमा शिक्षक मासिकले महत्त्वपूर्ण योगदान गर्न सक्ने ठहर गरी यसको वार्षिक ग्राहक बन्ने निर्णय पनि गरेको छ ।

**सुदर्शन**, बझाङमा

# समाचारः अमेरिकाको
# सन्दर्भः नेपालको

फ्लोरिडा (अमेरिका) बाट प्रकाशित हुने दैनिक पत्रिका 'द लेजर' ले सार्वजनिक/सामुदायिक स्कूलको पठनपाठनमा सुधार ल्याउन विद्यालय व्यवस्थापन समिति (बोर्ड)का सदस्य तथा पदाधिकारीहरूलाई कक्षाकोठामा लगेर काम गराउनुपर्ने तर्क अघि सारेको छ । उक्त दैनिकले आफ्नो सम्पादकीयमा लेखेको छ, "बोर्डका सदस्यहरूलाई हरेक महिना कम्तीमा तीन दिन कक्षामा पढाउन लगाउने हो भने आफूले शिक्षकलाई गर्न लगाएको काम कति सजिलो वा अप्ठ्यारो रहेछ; कक्षामा विद्यार्थीको व्यवहार कस्तो हुने रहेछ र त्यसलाई सुधार्न बोर्ड र अभिभावकहरूले के कार्य गर्नुपर्ने रहेछ अनि राम्रो शैक्षिक उपलब्धि हासिल गर्न कसले के गर्नुपर्ने रहेछ भन्ने कुरा तिनले यथार्थ रूपमा बुझ्न र आत्मसात् गर्न पाउँछन् । यसरी सदस्यहरूले कक्षामा प्राप्त गरेको अनुभवले बोर्डको निर्णय र व्यवहारमा त अनुकूल प्रभाव पार्छ नै, त्यसबाट शिक्षक, विद्यार्थी र अभिभावकहरूमा पनि सकारात्मक र उत्साहप्रद सन्देश प्रवाहित हुन्छ ।"



(स्रोतः edweek.org, ३ नोभेम्बर २०१०)

**रू. ७०००**
**नगद पुरस्कार**

सक्कली नभए नक्कली अभिभावक बनेर भए पनि विद्यालय व्यवस्थापन समितिको सदस्य बन्ने; साम-दाम-दण्ड-भेद जुनसुकै उपाय रचेर भए पनि समिति कब्जा गर्न खोज्ने, व्यवस्थापन समितिमा घुस्न पैसासँगै रगतको खोलो बगाउन र अपहरण एवं हत्या जस्ता जघन्य अपराध गर्न (दुई किशोरको अपहरणपछि हत्या भएको नेपालगञ्जको हालैको घटना) समेत कतिपय मानिसहरू अग्रसर हुन थालेका छन् । व्यवस्थापन समितिमा बसेर विद्यालयको हितमा केही नगरे पनि विद्यालयको सम्पत्ति र इज्जत जति आफ्नो लाभका निम्ति उपयोग गर्न पाइन्छ भन्ने तुच्छ सोच-स्वार्थकै कारण अयोग्य र आपराधिक प्रवृत्तिका मानिसहरू समेत वि.व्य.स.प्रति आकर्षित भएको बुझ्न कठिन छैन ।

यो पृष्ठभूमिमा, उपर्युक्त अमेरिकी दैनिकले भने झैं, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र सदस्यहरूले महिनामा निश्चित केही दिन विद्यालयको काम गर्नै पर्ने बाध्यकारी नियम बनाइदिने हो भने व्यवस्थापन समितिप्रतिको अहिलेको जस्तो घातक आकर्षण केही कम हुन्थ्यो कि ? अमेरिकामा जस्तो हाम्रा सबै स्कूलका सबै बोर्ड सदस्यहरूले कक्षामा गएर अवश्य पनि पढाउन सक्दैनन् । तर, त्यसले यो अवधारणा कार्यान्वयन गर्न खासै अप्ठ्यारो पार्दैन । किनभने व्यवस्थापन समितिका सदस्यहरूले विद्यालयको हित हुने जुन वा जस्तो काम गरे पनि हुन्छ । अर्थात्, कक्षामा विद्यार्थीलाई सन्तुष्ट पारेर पढाउन जान्ने सदस्य वा अध्यक्षले पढाउँछ । पढाउन नसक्ने तर राम्रो बगैंचा बनाउन जान्नेले बगैंचा बनाउन र सिकाउन सघाउँछ । चन्दा दिन र लिन सक्नेले विद्यालयको कोष बलियो पार्न योगदान गर्न सक्छन्; खेलको ज्ञान हुनेले विद्यार्थीलाई खेल्न-खेलाउन, गीत-सङ्गीत जान्नेले गीत-सङ्गीत सिकाउन, गारो लगाउने/रङ्रोगन गर्ने कार्यमा सिद्धहस्तले विद्यालयको भौतिक स्वरूप चम्काउन मद्दत गर्न सक्छन् । बरू विद्यालयको हितमा कुनै पनि प्रकारको योगदान गर्न नसक्नेलाई व्यवस्थापन समितिमा ठाउँ नै नरहने कानुनी व्यवस्था गर्नुपर्छ ।

विकराल बन्दै गएको विद्यालय व्यवस्थापन समितिसम्बन्धी समस्याको समाधानका निम्ति तपाईंलाई यो प्रस्ताव कस्तो लाग्छ ? तपाईंको मनमा यसभन्दा भिन्न र अझै व्यावहारिक सुझाव छ कि ?

१२०० शब्दको वरिपरि रहेर आफ्नो धारणा/सुझाव २०६७ मङ्सिर २० गतेभित्र आइपुग्ने गरी तलको ठेगानामा पठाउनुहोला । हामीलाई उत्कृष्ट लागेको विचार/सुझावलाई रू. ७ हजार नगद पुरस्कार दिइनेछ ।

**पत्राचारका लागि ठेगानाः**

*शिक्षक* मासिक, मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर, पो.ब.नं. ३९१, ललितपुर

फ्याक्सः ५५४११९६, इमेलः mail@teacher.org.np

विचार

किम स्पारर्लिङ

# प्रधानाध्यापक: संसारकै उत्तम पद !

**प्रअको पद रोमाञ्चकारी हुन्छ। यो हुनुको कारण हो, प्रअले चाहेमा विद्यालय तथा समाजमा थुप्रै परिवर्तन ल्याउन सक्छ। जुन अन्य पेशामा सम्भव छैन। प्रअको व्यक्तित्वले गर्दा कैयौँ अभिभावकहरू आफ्ना बालबच्चालाई टाढा-टाढाबाट त्यस्ता विद्यालयमा भर्ना गराउन ल्याउँछन्।**




रविन सायमि

प्रधानाध्यापक आफैंमा सम्मानित र मर्यादित पद हो। यो संसारकै उत्तम जिम्मेवारीमध्ये एक हो। समाज परिवर्तन गर्न चाहनेका लागि प्रधानाध्यापक भन्दा उत्तम मौका अन्यत्र मिल्दैन। त्यसैले प्रअहरूले आफ्नो भूमिकाका प्रति सधैँ गर्व गर्नुपर्छ। प्रअका निम्ति प्रत्येक नयाँ दिन नयाँ जिम्मेवारी र चुनौतीहरूले भरिएका हुन्छन्। त्यसैले एउटा प्रअले आफूलाई सधैँ फरक भूमिका, जिम्मेवारी र कामका लागि हरदम तयार राख्नुपर्दछ। हरेक हप्ता कैयौँ जिम्मेवारी एकसाथ पूरा गर्नुपर्छ। विद्यार्थीको व्यवहारमा परिवर्तन, शिक्षकको पेशागत विकास, शिक्षण सिकाइ क्रियाकलापको मूल्याङ्कन लगायतका कुराहरूमा प्रअ सधैँ सहभागी हुनुपर्छ। केटाकेटीहरूमा अन्तरनिहित सृजनशीलता र मौलिकता उजागर गर्नको लागि उचित वातावरण तयार गर्ने तथा प्रतिभावान् विद्यार्थीहरूलाई हौसला प्रदान गर्ने र पुरस्कृत गर्ने काममा पनि प्रअ नै सक्रिय हुनुपर्छ। यस्ता थुप्रै काम, जिम्मेवारी र अवसर हुन्छन् जसले प्रअलाई सृजनशील र गतिशील बनाउन मद्दत पुऱ्याउँछन्।

प्रअले गर्नै पर्ने निम्न कामहरूबाट उसले आफूलाई अलग राख्न पाउँदैन:

## शिक्षकको छनोट

प्रअका थुप्रै महत्त्वपूर्ण कामहरूमध्ये शिक्षक छनोट एउटा हो । राम्रा शिक्षक चिन्नु र छनौट गर्नु कम्ति चुनौतीपूर्ण छैन । त्यसैले प्रअले योग्य शिक्षक छनौट गर्न विशेष ध्यान पुऱ्याउनै पर्छ । तिनीहरूलाई विद्यालयमा टिकाइराख्न सकियो भने नै विद्यालयलाई सजिलै प्रभावकारी र स्तरीय बनाउन सकिन्छ भन्ने कुरा प्रअले हेक्का राख्नैपर्छ । विद्यालयको सफलताका पछाडि शिक्षकको ज्यादै महत्त्वपूर्ण हात रहेको हुन्छ । त्यसैले शिक्षक छनोट गर्न प्रअ स्वयम् संलग्न हुनुपर्छ । कार्यरत शिक्षकहरूलाई समेत छनोट प्रक्रियामा संलग्न गराउनुपर्छ । यसो गर्दा सामूहिक जिम्मेवारीको भावनाको विकास हुन्छ । उनीहरूको राय सुझावले राम्रा शिक्षक छनोटमा सहयोग पनि पुग्छ ।

शिक्षक छनोटको काम कठिन र व्यस्ततापूर्ण हुन्छ । कक्षा अवलोकनदेखि अन्तर्वार्तामा समेत प्रअ आफैं सामेल हुनुपर्छ । शिक्षक छनोटका वेला प्रअको अनुपस्थितिले विद्यालयमा नकारात्मक सन्देश जान्छ । छनोटको क्षण विद्यालय तथा आवेदक दुवैका लागि प्रभावकारी र उपयोगी हुनुपर्छ । आवेदकलाई विद्यालयका बारेमा जतिसक्दो बढी बुझ्ने अवसर उपलब्ध गराउनुपर्छ । छनोटमा नपरेका आवेदकका लागि समेत यो प्रक्रिया उपयोगी बन्न सक्नुपर्छ । असफल आवेदकले सिक्नु र सुधार गर्नुपर्ने कुराबारे थाहा पाउनुपर्छ, ताकि अर्को प्रयासमा उनीहरू सफल हुने सम्भावना बढोस् ।

## पेशागत विकास

शिक्षकको पेशागत विकासमा सहभागी हुन पाउनु प्रअका लागि व्यक्तिगतस्तरमा पनि गौरवको कुरा हो । जुनसुकै तह वा पदको शिक्षक भए पनि उनीहरूको विकास र प्रगतिमा सहयोग पुऱ्याउनु विद्यालय, शिक्षक र प्रअ सबैका लागि लाभदायक हुन्छ । कतिपय शिक्षकलाई आफ्नो पेशागत आवश्यकताबारे जानकारी नै हुँदैन । उनीहरू आफूले जे जानेको छ त्यो नै पर्याप्त भन्ने भ्रममा हुन्छन् । त्यसैले शिक्षकका पेशागत आवश्यकताका बारेमा उनीहरूलाई बोध गराउनु पनि प्रअको जिम्मेवारीभित्रै पर्छ । प्रअले शिक्षकको पेशागत विकासका लागि निरन्तर सहयोग पुऱ्याउनुपर्छ ।

कतिपय शिक्षकमा आत्मविश्वासको कमी हुन्छ अनि कतिपयमा चाहिँ सिक्ने जाँगर र उत्साह नै नहुन सक्छ । त्यस्ता शिक्षकलाई नयाँ कुरा सिक्न र समस्या समाधानमा लाग्न प्रोत्साहित गर्नुपर्छ । सिक्न-सुधारिन तत्काल तयार नहुने शिक्षकलाई प्रेरित र उत्साहित गर्न प्रअ निरन्तर रूपमा प्रयासरत रहनुपर्छ ।

पदीय अवस्थाले गर्दा कहिलेकाहीं शिक्षक तथा प्रअबीच दूरी बढ्न सक्छ । तर खुला एवं सौहार्दपूर्ण वातावरणमा गरिने अन्तरक्रियाले यस्तो दूरी कम गर्न मद्दत पुऱ्याउँछ । एकले अर्कोलाई सम्मान गर्ने संस्कारको विकास गर्ने हो भने यस्तो दूरी पैदा नै हुन पाउँदैन । विद्यालयमा थुप्रै प्रतिभावान व्यक्तिहरू पनि हुन्छन् । तिनीहरूको क्षमता र क्षेत्रको पहिचान गर्न, कदर गर्न र वृत्ति-विकासका लागि सहयोग गर्न पनि प्रअ हरदम तत्पर रहनुपर्छ ।

## कक्षा अवलोकन

प्रधानाध्यापक विद्यालयको पहिलो सुपरीवेक्षक हो । त्यसैले सुपरीवेक्षण उसको एउटा महत्त्वपूर्ण काम हो । उसले कक्षाहरूमा के भइरहेको छ भनेर थाहा पाउनै पर्छ । विद्यालयको पठनपाठनको अवस्थाको जानकारी कक्षा अवलोकनबाट मात्र पाउन सकिन्छ । अवलोकनलाई श्रेणी मापन विधिबाट 'रेटिङ' गर्नुपर्छ । कक्षा अवलोकन गर्दा पूर्व जानकारी नगराई गर्नु बेस हुन्छ । यसो गर्दा कक्षाको वास्तविक अवस्थाको जानकारी पाउन सकिन्छ । अर्को कुरा, पूर्व जानकारी गराउँदा शिक्षकहरूमाथि तयारीको अनावश्यक बोझ समेत थपिन पुग्छ ।

विषयवस्तुका बारेमा शिक्षकसँग बौद्धिक छलफल गर्न प्रअ सधैँ अग्रसर हुनुपर्छ । कक्षा अवलोकनपछि शिक्षकका सकारात्मक पक्ष र राम्रा कुराहरूको दिल खोलेर प्रशंसा गर्न कहिल्यै बिर्सनुहुँदैन ।

कक्षा अवलोकनबाट विद्यार्थीहरूको सिकाइ अवस्थाको अलावा विद्यालय व्यवस्थापनका लागि आवश्यक सूचना, तत्कालीन तथा दीर्घकालीन मुद्दा र शिक्षकका कमी-कमजोरी समेत थाहा पाउन सकिन्छ । त्यसबाट शिक्षकको पेशागत विकासका लागि तालिम कार्यक्रम सञ्चालन गर्न र विद्यालयले आफ्ना कामहरूको प्राथमिकता क्रम निर्धारण गर्न सहयोग पुग्छ ।

प्रअले हरेक शिक्षकलाई शुरुमै सुपरीवेक्षणको महत्त्व र आवश्यकताको बोध गराउन सक्नुपर्छ; ताकि हरेक शिक्षक आफ्नो कक्षा अवलोकन गरिदिन अनुरोध गरुन् । शिक्षककै अनुरोधमा भएको अवलोकनबाट प्राप्त सुझावले पठनपाठनमा सुधार ल्याउन सहयोग मिल्छ । किनकि सिक्नका लागि तयार भएर नै शिक्षकले यस्तो अनुरोध गरेको हुन्छ ।

## विद्यार्थीलाई प्रोत्साहन

कक्षामा विद्यार्थीले गरेका प्रयास र प्रगतिलाई प्रअले नजिकबाट नियाल्नुपर्छ । यसो गर्दा एकातिर आफ्ना विद्यार्थीले गरेको प्रगतिबाट आफूलाई सन्तुष्टि प्राप्त हुन्छ भने अर्कातिर आफ्नो कामको कदर भएकोमा विद्यार्थीहरू थप उत्साहित बन्न पुग्छन् । यस्ता कार्यले विद्यार्थीलाई मात्र नभई सम्बन्धित शिक्षकलाई समेत प्रसन्न तुल्याउँछ । शिक्षकको व्यवहारले विद्यार्थीलाई प्रेरित गर्छ भने विद्यार्थीको प्रगतिले शिक्षकहरूलाई प्रसन्नता दिने गर्छ । स्कूल व्यवस्थापनको अवलोकन र कदरले त शिक्षक र विद्यार्थी दुवैलाई हौसला प्रदान गर्छ ।

### विद्यार्थीहरूको रुचि तथा अभिवृत्ति

विद्यार्थीहरूको सिकाइप्रतिको रुचि तथा अभिवृत्तिबारे थाहा पाउनु प्रअका लागि जरुरी हुन्छ । यसनिम्ति प्रअले विद्यार्थीसँगको सम्बन्ध र सम्पर्कलाई जीवन्त तुल्याई राख्नुपर्छ । उनीहरूको विषयगत रुचि र अभिवृत्तिका बारेमा कुरा गर्नुपर्छ । कुनै शिक्षकले कक्षामा गरेका उत्कृष्ट कामसहित विद्यार्थीहरूलाई आफूसमक्ष पठाएको मौकालाई प्रअले कहिल्यै उम्कन दिनुहुन्न । किनभने उनीहरूसँग कुराकानी गर्न त्योभन्दा उत्तम अवसर अर्को हुँदैन । विद्यार्थीहरू प्रअसमक्ष आफ्ना उपलब्धि पेश गर्न पाउँदा अत्यन्त रोमाञ्चित हुन्छन् र आफ्नो कामको कदर भएको ठान्छन् ।

विद्यार्थीहरूले गरेका उत्कृष्ट कार्यहरूलाई सार्वजनिक स्थानमा प्रदर्शन गरेर वा तल्लो कक्षाका विद्यार्थीहरूलाई अवलोकन गर्ने व्यवस्था मिलाएर पनि हौसला प्रदान गर्न सकिन्छ । यसले उनीहरूको आत्मसम्मान र आत्मविश्वास दुवै बढाउँछ ।

# विचार

## अन्तरनिहित प्रतिभाको प्रस्फुटन

विद्यालयको काम विद्यार्थीको सम्पूर्ण पक्षको विकास गराउनु हो। यसनिम्ति किताबी ज्ञान मात्र पर्याप्त हुँदैन। उनीहरूलाई हाजिरीजवाफ, खेलकुद, नाटक, गीत, नृत्य तथा चित्रकला जस्ता विभिन्न अतिरिक्त क्रियाकलापहरूमा पनि सहभागी गराउनुपर्छ। हरेक विद्यार्थीमा कुनै न कुनै प्रतिभा लुकेको हुन्छ। विद्यालयको काम उनीहरूमा दबेर वा सुषुप्त भएर बसेको प्रतिभाको प्रस्फुटन गराउनु हो। यसमा प्रअको अहम् भूमिका हुन्छ। स्कूलको समग्र वातावरण तदनुकूल बनाउने काम मुख्य रूपमा प्रअकै हो।

विद्यालयमा गरिने यस्ता अतिरिक्त क्रियाकलाप वा सह-क्रियाकलापबाट विद्यार्थी र विद्यालय परिवारबीच दीर्घकालीन र न्यानो सम्बन्ध विकास गर्न मद्दत पुग्छ। शिक्षक छनोट गर्दा पनि आवेदकले के कस्ता अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न सक्छन् भनी सोधिनु जरुरी हुन्छ। विद्यालयमा गरिने यस्ता क्रियाकलापको व्यवस्था मिलाउने प्रमुख जिम्मेवारी पनि प्रअकै हुन्छ।

## पथ-प्रदर्शन

कतिपय अवस्थामा विद्यार्थीहरू गलत बाटोमा लागेर दिशाहीन बन्न पुग्छन्। अनुशासन उल्लङ्घन गर्छन्। त्यस्तो प्रवृत्तिका पछाडि थुप्रै सामाजिक तथा पारिवारिक कारणहरू हुन्छन्। दिग्भ्रमित भएका वा अल्मलिएका विद्यार्थीहरूलाई सही बाटोमा हिँड्न सहयोग पुर्‍याउनु पनि प्रअको दायित्व हुन्छ। तिनलाई सच्याउने क्रममा सम्झाउने/बुझाउनेदेखि विद्यालयबाट थोरै समय निलम्बन गर्ने जस्ता कुरा समेत पर्दछन्। निलम्बनको अवधिमै विद्यार्थी र तिनका अभिभावकसँग उनीहरूका विचार तथा भावनाहरूको कदर गर्दै गल्ती-कमजोरीहरू बारे छलफल गरिनुपर्छ। उनीहरूलाई व्यवहारमा सुधार गरेर देखाउन प्रोत्साहित गर्नुपर्छ। यस्ता काममा प्रअ संलग्न हुनु जरुरी हुन्छ। यसले विद्यालयको हरेक कुरामा प्रअको निगरानी छ भन्ने कुराको सन्देश प्रवाह हुन्छ।

दिग्भ्रमित वा भड्किएका विद्यार्थीहरूमाथि एक-दुई हप्तासम्म प्रत्यक्ष निगरानी गर्नुपर्छ। उनीहरूको व्यवहारमा के-कस्ता सुधार आएका छन् त्यसबारेमा शिक्षकहरूबाट पनि जानकारी हासिल गर्नुपर्छ। विद्यार्थीका समस्याका कारणहरू पछि पनि खुल्न सक्छन्। उनीहरूका समस्या समाधान गर्न विद्यालयले के सहयोग गर्न सक्छ सो बारेमा उनीहरूसँग कुराकानी गर्नुपर्छ। उनीहरूलाई समाधानका विकल्प प्रस्तुत गरिदिनुपर्छ ताकि उनीहरूलाई निर्णय गर्न सजिलो होस्। विद्यालयले समस्याको निराकरण गर्न विभिन्न रणनीति तय गर्नुपर्छ। यस्तो रणनीतिमा ठूला कक्षाका विद्यार्थीहरूलाई समेत सामेल गराउन सकिन्छ।

## विद्यालय र समुदायबीच सम्बन्ध

विद्यार्थीहरूको सफलतामा अभिभावकको महत्त्वपूर्ण हात रहेको हुन्छ। त्यसैले विद्यालय र समुदायबीचको सम्बन्ध गाढा र उपलब्धिपूर्ण बनाउन विद्यालय र विद्यार्थीका विभिन्न क्रियाकलापहरूमा अभिभावकलाई समेत सामेल गर्नुपर्छ। यसमा पनि प्रअले नै अग्रसरता लिनुपर्छ। विद्यालयले जति बढी अभिभावकहरूसँग भेटघाट गर्छ; विद्यालयका लागि त्यति नै सकारात्मक र लाभदायक परिस्थिति निर्माण हुन्छ।

समय-समयमा शिक्षक-अभिभावकबीच विद्यार्थीको शैक्षिक प्रगतिका बारेमा छलफल गर्नुपर्छ। विद्यार्थीहरूले गृह कार्य गरे नगरेको, उसमा अन्तरनिहित प्रतिभा फक्राउने लगायतका प्रगतिका सम्भावनाहरू बारेमा पनि विचार आदान-प्रदान गरिनुपर्छ। यसले अभिभावकलाई उनीहरूका बालबच्चालाई सघाउन सजिलो पारिदिन्छ। विद्यालयमा कहिलेकाहीं अनपेक्षित घटना घट्न सक्छन्। त्यसले विद्यालयप्रति अभिभावकहरूको विश्वास क्षय हुनसक्छ। यस्तो अवस्थामा; अभिभावकको विश्वास पुनः प्राप्त गर्न विद्यालयले अभिभावकसमक्ष माफी माग्नुपर्छ।

**विद्यार्थीहरूको भर्नाको समयमा होस् वा अन्य कुनै वेला अभिभावक विद्यालयको निर्णयप्रति असन्तुष्ट हुन सक्छन्। उनीहरूले विद्यालयको निर्णयलाई चुनौती पनि दिन सक्छन्। यो प्रअको लागि निकै ठूलो चुनौती हो। असन्तुष्ट अभिभावकहरूलाई विद्यालयका निर्णयहरूका बारेमा सन्तुष्ट पारी पठाउने दायित्व प्रअकै हुन्छ।**

विद्यार्थीहरूको भर्नाको समयमा होस् वा अन्य कुनै वेला अभिभावक विद्यालयको निर्णयप्रति असन्तुष्ट हुन सक्छन्। उनीहरूले विद्यालयको निर्णयलाई चुनौती पनि दिन सक्छन्। यो प्रअको लागि निकै ठूलो चुनौती हो। असन्तुष्ट अभिभावकहरूलाई विद्यालयका निर्णयहरूका बारेमा सन्तुष्ट पारी पठाउने दायित्व प्रअकै हुन्छ।

## सफलतामा उत्सव मनाऔं

हरेक विद्यार्थीसँग कुनै न कुनै प्रतिभा लुकेको हुन्छ। उनीहरूको त्यो प्रतिभा पहिचान गर्न समय लाग्न सक्छ। त्यसनिम्ति हरेक विद्यार्थीले गरेका राम्रा प्रस्तुतिहरूलाई प्रअले हेर्ने र पुरस्कृत गर्ने गर्नुपर्छ। विद्यार्थीहरूको सफलताका पछाडि शिक्षकको मेहनत र योग्यता रहेको हुन्छ। तर विद्यार्थीको सफलताले प्रअ, शिक्षक र विद्यालयका अन्य कर्मचारीहरूको समेत प्रतिष्ठा वृद्धि गर्छ। विद्यालयले प्राप्त गरेको सफलतामा उत्सव मनाउने र प्रगतिको नयाँ उचाइ हासिल गर्नेतिर प्रअले विद्यालयको टिमलाई हौस्याई रहनुपर्छ।

सबै प्रअहरू विद्यालयमा केही न केही परिवर्तन गर्न चाहन्छन्। तर त्यसनिम्ति उनीहरूसँग विद्यालयले हासिल गर्न सक्ने, यथार्थपरक लक्ष्य र सुसङ्गत दूरदृष्टि (भिजन) चाहिन्छ। विद्यालयले राखेको लक्ष्य हासिल गर्न सकिने खालका छन् भन्ने कुरामा प्रअसँगै विद्यालयका शिक्षक तथा कर्मचारीहरू पनि विश्वस्त हुनुपर्छ।

प्रअ विद्यालयका कामप्रति सधैं प्रतिबद्ध हुनुपर्छ र उसले सधैं अनुकरणीय व्यक्तिको रूपमा आफूलाई प्रस्तुत गर्न सक्नुपर्छ। प्रअको पद रोमाञ्चकारी पनि हुन्छ। यो हुनुको कारण हो, प्रअले चाहेमा विद्यालय तथा समाजमा थुप्रै परिवर्तन ल्याउन सक्छ। जुन अन्य पेशामा सम्भव छैन। प्रअको व्यक्तित्वले गर्दा कैयौं अभिभावकहरू आफ्ना बालबच्चालाई टाढा-टाढाबाट त्यस्ता विद्यालयमा भर्ना गराउन ल्याउँछन्। यो नै प्रअको लागि सबैभन्दा सुखद् अनुभूतिको क्षण हो।

स्रोतः www.teachingexpertise.com

**अनुवादः गुरू मैनाली**


राष्ट्रको सर्वश्रेष्ठ न्यूज च्यानल
प्रत्येक दिन राति ८:०० बजे
पुनः प्रसारण प्रत्येक दिन बिहान
८:०० बजे
प्रत्येक दिन राति ८:४० बजे
पुनः प्रसारण प्रत्येक दिन बिहान
८:४० बजे
प्रत्येक दिन राति १०:३० बजे
पुनः प्रसारण प्रत्येक दिन बिहान
११:३० बजे
एभिन्यूज @ बिजनेस
प्रत्येक दिन बिहान ९:०० बजे
र
राती १०:०० बजे
खबर विशेष
प्रत्येक आइतबार राति ९:३० बजे
पुनः प्रसारण सोमबार बिहान ९:३० बजे र सोमबार दिउँसो ३:३० बजे
POWER VIEWS
प्रत्येक सोमबार राति ९:३० बजे
पुनः प्रसारण मंगलबार बिहान ९:३० बजे र मंगलबार दिउँसो ३:३० बजे
प्रत्येक मंगलबार राति ९:३० बजे
पुनः प्रसारण बुधबार बिहान ९:३० बजे र बुधबार दिउँसो ३:३० बजे
प्रत्येक बिहीबार राति ९:३० बजे
पुनः प्रसारण शुक्रबार बिहान ९:३० बजे र शुक्रबार दिउँसो ३:३० बजे
CRIME
प्रत्येक शुक्रबार राति ९:३० बजे
पुनः प्रसारण शनिबार बिहान ९:३० बजे र शनिबार दिउँसो ३:३० बजे
सम्वाद
प्रत्येक शनिबार राति ९:३० बजे
पुनः प्रसारण आइतबार बिहान ९:३० बजे र आइतबार दिउँसो ३:३० बजे
हामी जनता
प्रत्येक शनिबार दिउँसो ३:०० बजे
प्रत्यक्ष प्रशारण
पुनः प्रसारण शनिबार १०:३० बजे
प्रत्येक बुधबार साँझ ६:३० बजे
पुनः प्रसारण बिहीबार ३:०० बजे
एभिन्यूज प्लाजा-११, त्रिपुरेश्वर, काठमाडौं, नेपाल।
पो. ब. नं.: २८०६, टेलिफोन: ९७७-१-४२२७२२२, फ्याक्स: ४२४८८११, टोल फ्रि: १६६००१-२२७२२
ई-मेल: atv@avenues.tv, यूआरएल: www.avenues.tv

# स्कूलबाट राजनीति धपाउने उपाय

२०४६ मा बहुदलीय शासन व्यवस्थाको पुनर्स्थापनासँगै हाम्रा शैक्षिक संस्था र शिक्षामा दलीय राजनीतिको घुसपैठ एउटा गम्भीर समस्याको रूपमा रहेको छ। केही अपवादलाई छोडी हाम्रा शिक्षण संस्थाहरू स्वच्छ प्राज्ञिक थलोको सट्टा विभिन्न राजनीतिक दलहरूको राजनीति गर्ने माध्यम बन्न गएका छन्। शिक्षकहरू पनि विभिन्न संघ, सङ्गठन र मञ्च आदि नामले विभाजित भई राजनीतिक पार्टी र तिनका नेताहरूको अभीष्ट पूर्तिका साधन बनेका छन् भन्दा अत्युक्ति नहोला।

सर्वप्रथम शिक्षामा राजनीतिको घुसपैठ कसरी हुन गएको छ भन्नेबारे चर्चा गरौं। पहिलो; शिक्षामा राजनीति प्रवेश गराउने 'श्रेय' हाम्रा राजनीतिक पार्टीहरूलाई नै जान्छ। शिक्षकहरू कुनै न कुनै राजनीतिक पार्टीको अघोषित भ्रातृ सङ्गठनमा आबद्ध हुनुपर्ने परिस्थितिको सिर्जना दलीय राजनीतिले गरेको छ। कतिपय शिक्षकहरूले कुनै राजनीतिक दलको कार्यकर्ताकै रूपमा काम गर्ने गरेको पनि पाइन्छ। यहाँसम्म कि पार्टीको सक्रिय सदस्यता लिने, नाम बदलेर वा नबदलेरै पार्टीका विभिन्न समितिमा बस्ने र बैठकहरूमा भाग लिने समेत गरेको पाइन्छ। पार्टीको संरक्षण पाएका यस्ता शिक्षकहरूले विद्यालयमा पढाउने काम कमै गर्दछन्। जबकि कानुनतः कुनै पनि शिक्षकले कुनै राजनीतिक दलको सदस्यता लिन र दलका बैठकहरूमा औपचारिक रूपमा भाग लिन मिल्दैन। तर कानुनको पालना भएको पाइँदैन।

दोस्रो; पानीको मुहान नै फोहोर भए धारामा सफा पानी आउन सक्दैन। नेपालका ऐन-कानुन पनि शिक्षामा राजनीति भित्र्याउनका लागि केही हदसम्म जिम्मेवार छन्। जस्तै; शिक्षा ऐनको दफा १२ (१) अनुसार विद्यालय व्यवस्थापन समितिको गठन निर्वाचन प्रक्रियाबाट हुने भन्नेछ। समितिको अध्यक्ष र एक महिला सदस्यसहित तीनजना सदस्य गरी जम्मा चारजनाको चयन अभिभावकहरूले आफूमध्येबाट छानेर वा चुनाव गरेर गर्दछन्। यो 'चुनाव' भन्ने शब्दसँग राजनीति स्वतः जोडिएर आउँदो रहेछ। त्यसैले व्यवस्थापन समितिको चयनमा अभिभावकहरूले दलीय आधारमा उम्मेदवारी दिने गरेका छन्। विद्यालय व्यवस्थापन समितिको चुनाव कुनै गाविसको चुनाव जस्तै हुन थालेको छ। त्यसले स्वाभाविक रूपमै स्कूलमा दलीय कटुता उत्पन्न गर्छ। यसरी विजयी उम्मेदवारले शिक्षण संस्थाभन्दा आफ्ना मतदाताको हितमा र सम्बन्धित पार्टीको निर्देशनमा काम गर्दछन्।

तेस्रो; शैक्षिक संस्थाहरूमा राजनीति भित्रिने अर्को सशक्त माध्यम राजनीतिक पार्टीका भ्रातृ सङ्गठनहरू हुन्। पार्टीहरूले विद्यालय र क्याम्पसमा विद्यार्थीका संघ, सङ्गठनहरू खोल्दछन् र आफ्नो राजनीति सञ्चालन गर्दछन्। क्याम्पसहरूमा स्ववियु नै गठन गर्ने गरिएको छ जसको चयन दलीय प्रतिस्पर्धाबाटै हुन्छ। स्ववियुलाई कानुनी मान्यता समेत प्राप्त छ।

चौथो; पार्टीहरूले विद्यालयमा सभा, सेमिनार र गोष्ठीहरू सञ्चालन गर्ने गरेका छन्। कहिलेकाहीं त विद्यालयका शिक्षक तथा विद्यार्थीले उनीहरूका कार्यक्रममा बाध्यतापूर्वक सहभागिता समेत जनाउनुपर्ने हुन्छ। यसबाट विद्यार्थीहरूको पढाइ प्रभावित हुनुका साथै उनीहरूमा नकारात्मक मनोवैज्ञानिक प्रभाव पर्दछ। यसका अतिरिक्त; राजनीतिक पार्टी र तिनका भ्रातृ सङ्गठनहरूले विभिन्न बहानामा विद्यालयबाटै चन्दा उठाउने काम पनि गर्दै आएका छन्।

पाँचौं; दलीय राजनीतिले नेपालको कुनै पनि क्षेत्रलाई अछुतो छाडेको छैन। तर, सबैभन्दा बढी प्रभाव चाहिँ शिक्षामै परेको छ। विशेषज्ञताको आधार लिनुपर्ने ठाउँमा समेत दलीय भागबण्डाको कुरा गर्दा कहिलेकाहीं चर्को विसङ्गति बेहोर्नुपर्ने हुन्छ। उदाहरणका लागि; एसएलसी परीक्षा सञ्चालनको लागि केन्द्राध्यक्ष नियुक्त गर्दा समेत दलीय भागबण्डालाई आधार बनाउने गरेको पाइएको छ। भागबण्डाको नाममा प्रावि शिक्षकलाई केन्द्राध्यक्ष नियुक्त गरिएको र गैर-शिक्षकलाई समेत यो जिम्मेवारी दिइएको पाइन्छ। यस्ता केन्द्राध्यक्षबाट परीक्षाहरू मर्यादित रूपले सञ्चालित हुने अपेक्षा गर्न सकिन्नँ।

शिक्षामा राजनीतिक दुष्प्रभाव कम गर्नका लागि केही सुझाव दिन चाहन्छु:

(क) आफ्नो मूल व्यावसायिक कर्तव्य (पठनपाठन) बिर्सेर ज्यादै राजनीतिमा संलग्न; प्रचलित नियम-कानुनको पालना




रबिन सायमि

नगर्ने, सरकारी तलब लिने तर विद्यालय नजाने र नपढाउने शिक्षकलाई सम्बन्धित निकायले कानुनको दायरामा ल्याई कारबाही गर्नुपर्दछ । यो सबैको साझा समस्या हो । त्यसैले, राजनीतिक पार्टी, अभिभावक र शिक्षक युनियनले समेत यस काममा सहयोग गर्नुपर्दछ ।

(ख) मौजुदा शिक्षा ऐन र नियमावलीमा संशोधन गरी 'विद्यालय व्यवस्थापन समितिको गठन चुनाव प्रक्रियाद्वारा गरिने' प्रावधान हटाइनुपर्दछ । बरु यसअघिको जिल्ला शिक्षा समितिबाट अध्यक्ष मनोनीत गर्ने प्रावधान नै उपयुक्त थियो । विद्यालयहरूमा स्थानीय राजनीतिक प्रभाव कम गर्न र पठनपाठनको गुणस्तर सुधार गर्न विद्यालय व्यवस्थापन समितिलाई शिक्षक भर्नाको अधिकार पनि नदिनु नै बेस हुनेछ । यसको लागि पनि शिक्षा नियमावलीमा संशोधन आवश्यक छ ।

(ग) नेपालको अन्तरिम संविधानले न्यूनतम १८ वर्ष उमेर पुगेको नेपाली नागरिकलाई बालिग ठहर गरी उसलाई मताधिकार प्रदान गरको छ । विद्यालय तह (उमावि तह कक्षा १२) सम्मका विद्यार्थी प्रायः १८ वर्षमुनिका हुन्छन् र यी नाबालिग हुन् । यिनीहरूको उमेर परिपक्व भई नसकेको हुँदा यिनीहरूले राजनीतिक कुरा बुझ्न र निर्णय लिन सक्दैनन् । त्यसकारण नै यो उमेरका बच्चाहरूलाई मतदानको अधिकार पनि नदिइएको होला । यो अवस्थामा पढाइमा बाधा पुग्नेगरी उनीहरूलाई विद्यार्थी संघ, सङ्गठनमा अल्मल्याउनु उचित हुँदैन । तसर्थ नेपालका सबै राजनीतिक दलहरूले सहमति कायम गरी कक्षा १२ सम्मका विद्यालयहरूमा विद्यार्थीका कुनै संघ-सङ्गठन खोल्न प्रतिबन्ध लगाउनुपर्दछ ।

(घ) राजनीतिक दलहरूले विद्यालयलाई आफ्नो सभा, सेमिनार र गोष्ठी स्थल बनाउन बन्द गर्नुपर्दछ । विद्यालयहरूबाट चन्दा उठाउने काम पनि बन्द गरिनुपर्छ । विद्यालयहरूलाई शान्ति क्षेत्र घोषणा गर्नमा नेपालका सम्पूर्ण राजनीतिक दलहरू सहमतिमा आउनुपर्दछ ।

(ङ) दलहरूले प्रत्येक क्षेत्रमा दलीय भागबण्डाको काम बन्द गर्नुपर्दछ । जिम्मेवारीको प्रकृति र विशेषज्ञताको आधारमा स्वतन्त्र रूपले पदाधिकारी नियुक्त गर्न सक्ने वातावरण बनाइदिनुपर्दछ ।

उपर्युक्त विवरणका बाबजुद यो कुरा सत्य हो कि, बहुदलीय राजनीतिक व्यवस्थामा सरकारको गठन राजनीतिक दलहरूले गर्दछन् । स्थानीय निकाय (स्थानीय सरकार) पनि दलहरूले सञ्चालन गर्दछन् । देशको स्रोतसाधन उनीहरूको नियन्त्रणमा हुन्छ । मुलुक नै राजनीतिक व्यक्तिहरूले सञ्चालन गर्ने हुनाले शैक्षिक संस्थाहरूलाई पनि उनीहरूको सहयोग जरुरी पर्छ नै । तर त्यस्तो सहयोग हस्तक्षेपकारी हुनुभएन जसले शिक्षण संस्था र विद्यार्थीमाथि नै नकारात्मक प्रभाव परोस् ।

**इन्द्रराज बडु**
जनज्योति उमावि, महेन्द्रनगर, कञ्चनपुर

# भ्रातृसंस्था होइन, बालक्लब खोलौं

शिक्षा आफैंमा राजनीतिक विषय हो जसले समग्र नागरिकहरूलाई देश, समाज र परिस्थिति अनुकूलको व्यवहार गर्न सिकाउँछ । शिक्षाले सचेत, सक्षम र असल नागरिक पैदा गर्दछ । तर विडम्बना नै भन्नुपर्दछ; हाम्रो आधुनिक भनिएको शिक्षाले पढेलेखेका मानिसहरूको भीड त पैदा गऱ्यो तर सामाजिक नैतिकता, सुसंस्कार र कर्तव्यबोधमा भने थप योगदान गर्न सकेन । यसको एउटा प्रमुख कारण शिक्षामा भएको राजनीतिक हस्तक्षेप हो ।

राजनीतिक दलका कतिपय नेताहरू विद्यालय व्यवस्थापन समितिलाई राजनीतिक भागबण्डाको केन्द्र बनाएर त्यहाँ हुने स्रोत र साधनको प्रयोग दलगत स्वार्थका लागि गर्न सबै हत्कण्डा प्रयोग गर्न पछिपर्दैनन् । पहुँचवाला शिक्षक, दलका नेता, शिक्षा प्रशासक आदिले आफ्ना छोराछोरीहरूलाई निजी विद्यालयमा पढाउँछन् तर संस्थागत विद्यालयमा पढाउने शिक्षक र विद्यार्थीहरूलाई दलगत राजनीतिमा प्रयोग गरेर आफ्नो स्वार्थ सिद्ध गर्दछन् ।

शिक्षकहरूलाई आफ्नो पिछलग्गु बनाएर नपुगेर विद्यालयमा अध्ययनरत कलिला बालमस्तिष्कमा समेत दलीय स्वार्थ रोपण गर्ने कार्य भइरहेको छ । यसले दीर्घकालमा गएर एउटा राजनीतिक दर्शनप्रति आस्तिक र अन्यप्रति नकारात्मक भाव बोक्ने एकपक्षीय भीडको सिर्जना गर्दछ ।

यसरी विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक र विद्यार्थीमाथि कुनै एक राजनीतिक दलको विचार लादेर शिक्षा दिनु खुला समाजविरोधी कार्य हो । शिक्षाले त विभिन्न दर्शन र सिद्धान्त बुझी जनताको हितमा कार्य गर्ने दललाई समर्थन र जनहित विपरित कार्य गर्ने दलको विरोध गर्ने निष्पक्ष जनमत पो सिर्जना गर्नुपर्ने हो ।

विद्यालयमा हुने राजनीतिक दलको हस्तक्षेप बन्द गर्नका लागि सर्वप्रथम विद्यालयमा राजनीतिक दलको भ्रातृ सङ्गठन खोल्ने कार्यलाई तत्काल कानुनी रूपमै निषेध गरिनुपर्दछ । यसको साटो हरेक विद्यालयमा बालक्लबहरू गठन गरी उनीहरूकै सहभागितामा उनीहरूको बौद्धिक र शारीरिक विकासलाई टेवा पुऱ्याउने कार्य गरिनुपर्दछ । त्यसका अतिरिक्त विद्यालय व्यवस्थापन समितिमा सदस्यको रूपमा कम्तीमा दुई जना विद्यार्थी प्रतिनिधिहरूलाई समावेश गराइनुपर्दछ । कुनै पनि राजनीतिक दलको सक्रिय सदस्य भएको व्यक्तिले विद्यालय व्यवस्थापन समितिको सदस्य बन्न नपाउने कानुनी व्यवस्था पनि गरिनुपर्दछ ।

**राजकुमार ढुङ्गाना**
सेभ द चिल्ड्रेन, नेपाल
rajkumar.dhungana@savethechildren.org.np

# शिक्षाको शत्रु दलीय राजनीति

आज दलीय राजनीतिको खेलबाट एक-दुई विशुद्ध शिक्षक मुक्त होलान् तर देशको कुनै पनि संस्था अछुतो छैन। कुरा यति मात्र हो; कतै यसको प्रभाव बढी छ कतै कम। संस्थाका प्रबुद्ध वर्गमा गनिने शिक्षक कर्मचारीहरू राजनीतिक आस्थाका आधारमा विभिन्न पार्टीगत समूहमा विभाजित छन्। फलस्वरुप राजनीतिक पार्टीहरूले शिक्षक र विद्यालयलाई आफ्नो दलीय स्वार्थका निम्ति उपयोग गर्न पाएका छन्। शिक्षक, कर्मचारीले पनि आफ्नो पेशागत वृत्ति-विकासका लागि सोचेनन्। रुण्डै-रुण्डै निजामती कर्मचारीसरह तलबलगायतका सुविधा पाए पनि प्राथमिक तहदेखि विश्वविद्यालयसम्मका शिक्षकहरू आफ्नो मान, मर्यादा, गरिमा र सीमाको महत्त्व नबुझेर पार्टीकै पिछलग्गु भए। जसको फलस्वरुप विद्यालय, विश्वविद्यालयमै इखालु दलगत राजनीति हुने गरेको छ। कतिसम्म भने शिक्षक संघ-सङ्गठनका शिक्षकहरू खाजा पनि सँगै बसेर खाँदैनन्। स्कूलबाट वनभोज तथा शैक्षिक भ्रमण पनि समूह-समूहमा जान्छन्। पार्टीगत हिसाबले व्यक्तिगत सम्बन्ध चिसिएको छ।

शिक्षा क्षेत्रमा राजनीतिको साम्राज्य छ र सम्राट छ शिक्षक। जहाँ भए पनि जस्तो भए पनि दलीय राजनीतिले बाँकी राखेन। जिल्ला शिक्षा अधिकारी, मन्त्रालयका कर्मचारी, स्कूल निरीक्षक, शिक्षक र विद्यार्थी समेत सबैमा दलीय राजनीति घुसेको छ। यो एक प्रकारको क्यान्सर रोग जस्तै हो, जुन लागेपछि मृत्युपर्यन्त हुन्छ।

राजनीतिक हस्तक्षेपबाट मुक्त नभएकै कारण सरकारी स्कूलको शिक्षा आम रूपमा स्तरीय हुनसकेको छैन। त्यसले गर्दा शिक्षा क्षेत्रमा धेरै र ठूला-ठूला समस्याहरूको चाङ लाग्दै गएको छ। यस्ता समस्याले शिक्षण पेशालाई पनि उत्तिकै असर पारेको छ। शिक्षामा राजनीति हावी हुँदाका केही नकारात्मक असरहरू निम्न छन्:


१. सार्वजनिक शिक्षाको स्तर धेरै खस्किनु,
२. समाजमा शिक्षकको मर्यादा घट्नु,
३. योग्य र दक्ष शिक्षक भर्नामा बाधा उत्पन्न हुनु,
४. राम्रा शिक्षक छान्न नसकिनु,
५. बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न नसक्नु,
६. अयोग्य व्यक्ति राहत शिक्षक बन्नु,
७. सरकारले सामुदायिक विद्यालयलाई उपलब्ध गराएको अनुदान रकम लक्षित क्षेत्रमा लगानी भए/नभएको अनुगमन हुन नसक्नु आदि।

शिक्षक व्यावहारिक र आदर्श व्यक्ति हो। भावी सन्तति कस्ता बनाउने भन्ने मुख्यतया शिक्षकमै भर पर्छ। त्यसैले जो व्यक्ति शिक्षक हो, अन्तरात्मादेखि नै आफूलाई राम्रो शिक्षक बनाउन र स्तरीय शिक्षाको निम्ति समर्पित हुनुपर्छ। राम्रा शिक्षक पद र पैसा या अरू कुराको पछिलाग्नु हुँदैन। तर दुर्भाग्यवश धेरै शिक्षकहरूमा यस्तो समर्पण भावको कमी देखिन्छ।

### शिक्षाको राजनीति

आत्मविश्वास जागृत शिक्षकका लागि स्कूल नै संसार हो। शिक्षा विकासको साँचो नै शिक्षक हो। उसका लागि सम्पत्ति र इज्जत विद्यार्थी हुन्। शिक्षकको सबभन्दा ठूलो पहिचान भनेकै देशप्रतिको प्रतिबद्धता हो। त्यसैले शैक्षिक संस्था र शिक्षा प्रणालीमा दलीय राजनीति व्यर्थ छ। वास्तवमा शिक्षकले राजनीति त गर्नुपर्छ तर दलीय होइन 'शिक्षाको राजनीति'! शिक्षापक्षीय राजनीतिमा शिक्षक मियोको भूमिकामा उभिन सक्नुपर्छ। शिक्षकहरू राजनीतिक दलको पछुवाको सट्टा आफ्नो पेशागत जिम्मेवारी र सामाजिक सचेतकको भूमिका निर्वाह गर्ने हुनुपर्छ। विद्यार्थीलाई केन्द्रबिन्दुमा राखेर शिक्षकका पेशागत संस्थाले आफ्नो पेशागत हकअधिकारको साथसाथै कर्तव्यमा अडिग रहने हो भने शिक्षामा व्याप्त दलीय राजनीतिको ठाउँमा 'शिक्षाको राजनीति' प्रारम्भ हुन अझै पनि सक्छ। शिक्षाको राजनीतिले शिक्षक, विद्यार्थीलाई मात्र होइन, देशलाई नै फाइदा गर्छ। शिक्षकको अनुभव र सिकाइका आधारमा व्यावहारिक नयाँ शिक्षा नीति बनाउन 'शिक्षाको राजनीति' आवश्यक छ। दलीय राजनीति स्तरीय शिक्षाको शत्रु बनेकै कारण विद्यालयमा स्तरीय शिक्षा दिन कठिन भएको हो।

शिक्षकले शिक्षाको राजनीतिको अगुवाई गर्दा विद्यालय क्षेत्र जस्ता सुधार कार्यक्रमको नेतृत्व लिनुपर्छ। कुन समुदाय तथा गाउँमा कस्तो विद्यालय संरचना उपयुक्त हुन्छ? कस्तो शिक्षण सिकाइ क्रियाकलाप व्यावहारिक र विद्यार्थीकेन्द्रित हुन्छ? कस्तो परीक्षापद्धति उपयुक्त हुन्छ? कस्तो शिक्षण सिकाइ सामग्री प्रभावकारी हुन्छ जस्ता प्रश्नहरूको जवाफ खोज्ने राजनीति गर्नुपर्छ।



रबिन सायमि

**सन्तोषी कुमारी चौधरी**
महेन्द्ररत्न क्याम्पस, ताहाचल,
काठमाडौं

# योग्य शिक्षक भित्र्याए राजनीति आफैं भाग्छ

राजनीतिसँगै शिक्षा एक सिक्काका दुई पाटा भएर रहेको देखिन्छ। किनकि शिक्षा विकासका सम्पूर्ण कार्यक्रम तथा योजनाहरू निर्माण एवं कार्यान्वयनमा विभिन्न सिद्धान्त बोकेका राजनेताको चरित्र तथा दूरदर्शिताले प्रभावित भएको पाइन्छ। राजनीतिक तवरबाट उद्देश्य निर्माण गरी योजना बनाई विभिन्न रणनीति अख्तियार गर्दै कार्यान्वयन तहमा पुऱ्याउन कुशल राजनीतिज्ञ चाहिन्छ वा राजनीतिक नेतृत्वको आवश्यकता पर्दछ। तब मात्र शिक्षा विकासको जग बस्दछ। जुन शिक्षाले देशको अग्रगति उन्नति हुन्छ। त्यसैगरी जतिवेला जुन देशको शिक्षा राम्रो छ त्यस देशको उन्नति छिटो हुन्छ किनकि असल शिक्षाले असल एवं दक्ष शिक्षक, कर्मचारी, प्राध्यापक, वकिल, सुरक्षाकर्मी, प्राविधिक, कर्मचारी, डाक्टर, पाइलट, इन्जिनियर उत्पादन गर्दछ। साथै कुशल राजनीतिज्ञ पनि जन्माउँछ। त्यसवेला विकासका हरेक क्षेत्रको असल योजना निर्माण गरी कार्यान्वयन गर्दा प्रतिफल पनि राम्रो हुने निश्चित छ।

विद्यालय शिक्षामा कार्यान्वयन तहको प्रमुख तत्व शिक्षक हो। जहिलेसम्म दक्ष शिक्षक कक्षाकोठाभित्र प्रवेश गर्दैन तबसम्म गुणस्तरीय शिक्षाको अपेक्षा केवल मिथ्या सपना मात्र हुनेछ। दश शिक्षकलाई कक्षाकोठा प्रवेशमा सरकारले के गऱ्यो ? अभिभावकले के गरे ? स्वयं शिक्षकका नेताले के गरे ? केवल स्वार्थको बाँडफाँडमा व्यापकता गरे, नातावादलाई संरक्षण गरे, राम्रालाई पर हाम्रालाई वर सारे। शायद योग्य शिक्षक भएको भए कसैलाई जदौ गर्दैनथ्यो होला जागिर खुवाइदेऊ, सरुवा गरिदेऊ, बढुवा गरिदेऊ भनेर। तर, के गर्नु; बाध्यता हुनसक्छ विचरा शिक्षकको। कतै शिक्षकको हित गर्ला कि भनेर छानेको नेता शिक्षकले के गर्नुछ र! दशैं-तिहार विदेशमा मनाइहाले, केन्द्रमा नभए पनि जिल्लामा शिक्षकको नेता भनेर हाइदहाइ गर्न पाएकै छन्। आफ्नो लागि ज्यान त्यागेर भए पनि गरेकै छन्। उफ् हामीले के आशा गर्नु छ र मात्र आशा... अन्त्यमा निराशा।

उपर्युक्त सम्पूर्ण कुराको जडसूत्रको रूपमा रहेको विषय शिक्षालाई मान्ने हो भने निम्न कार्य गरेमा केही हदसम्म सुधार हुने अपेक्षा गर्न सकिन्छ–

१. शिक्षा क्षेत्रमा सरकार तथा जनताका तर्फबाट साझेदारी लगानी वृद्धि गर्नुपर्छ। जसमा मुनाफारहित कार्ययोजना निर्माण गरी लागू गर्नुपर्दछ। हाल सञ्चालनमा रहेको समुदायमा विद्यालय हस्तान्तरण एवं सामुदायिक अध्ययन केन्द्रको स्थापनाले केही सहयोग पुऱ्याएको छ यसलाई व्यापक गरिनुपर्दछ।
२. अभिभावक तथा सरकारको तर्फबाट नियमित रूपमा सुपरीवेक्षण गर्नुपर्छ। सरकारका विभिन्न शैक्षिक योजनामा नियमित अनुगमन गर्ने कुराको उल्लेख भए पनि कार्यान्वयन नभएकाले त्यो नाम मात्रको भएको छ। अधिकांश विद्यालयमा १० वर्षमा एक पटक पनि अनुगमन भएको छैन।
३. सरोकारवाला सबैसँग जवाफदेहिताको बाँडफाँडमा सन्तुलन गरी कार्यान्वयन गर्नुपर्छ।
४. शिक्षा विकासमा संलग्न सबैलाई स्पष्ट मापदण्ड तय गरी दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्छ।
५. विद्यालय शिक्षाका सरोकारवाला सबैलाई नियमित रूपमा सेमिनार, गोष्ठी, अन्तरक्रिया, छलफल, तालिमका साथै कार्यगत अनुसन्धान गरी प्राप्त उपलब्धिको संरक्षण गर्न बढीमा ५० विद्यालय बराबर एक अनुसन्धान केन्द्र स्थापना गर्नुपर्छ।
६. शिक्षा विकासको पहिलो तत्व शिक्षक भएकाले दक्ष एवं योग्य शिक्षक नियुक्त हुने वातावरण सृजना गर्नुपर्छ।
७. दक्ष एवं योग्य शिक्षक राजनीतिको पछि लाग्दैन। त्यसैले यो पेशामा योग्य र दक्ष बाहेक अरूले छिर्नै नसक्ने व्यवस्था गर्नु शिक्षाबाट राजनीतिलाई गलहत्याउने सबैभन्दा भरपर्दो उपाय हो। यति गरेपछि शिक्षाको गुणस्तर स्वतः बढ्छ।
८. शिक्षकको सेवा, शर्त र सुविधा तथा नियुक्तिमा सरकारले शिक्षक सेवा आयोगलाई जवाफदेहितामा सक्रिय तुल्याउनुपर्छ।
९. शिक्षण अध्यापन अनुमतिपत्र लिएकालाई जागिरको ग्यारेण्टी गरिनुपर्छ।
१०. शिक्षक सधैं आत्मविश्वासी हुनुपर्छ। आत्मविश्वास बढाउन सरुवा-बढुवादेखि लिएर मानपदवी वितरणमा पारदर्शिता ल्याउनुपर्छ। विद्यमान राजनीतिक पहुँचवालाको पञ्जामा रहने व्यवस्था सुधार गर्नुपर्छ।
११. शिक्षण पेशामा आकर्षण थप गर्नुपर्छ; जुन कारणले योग्य शिक्षकको प्रवेश होस्। शिक्षकको जागिर नपाए मात्र अन्य जागिरमा जाने परिपाटीको विकास गर्नुपर्छ।
१२. शिक्षक नियुक्ति, सरुवा, बढुवा, नियमित गर्नुपर्छ। स्वेच्छिक एवं अनिवार्य अवकाशको व्यवस्थामा परिमार्जन गर्नुपर्छ। अनिवार्य अवकाश २० वर्ष र स्वेच्छिक अवकाश जहिले पनि हुनुपर्छ।
१३. शिक्षण अनुभव १० वर्षभन्दा माथि भई माथिल्लो योग्यता भएका योग्य शिक्षकबाट सुपरीवेक्षण गर्ने व्यवस्था तुरुन्त कार्यान्वयन गरिनुपर्छ।
१४. शिक्षामा स्वच्छ प्रतिस्पर्धा हुनुपर्छ। आरक्षण हुनु हुँदैन।
१५. हाल अस्थायी शिक्षक नियुक्तिको विद्यमान व्यवस्था खारेज गर्नुपर्छ। अस्थायी शिक्षक नियुक्ति प्रक्रियामा परिमार्जन गर्नुपर्छ। जसमा शिक्षक छनोट समिति अध्यक्षमा वि.व्य.स. अध्यक्ष नभनेर जुन तहको शिक्षक छनोट गर्नुपर्ने हो सोभन्दा एक तह माथिको योग्यता भएको व्यक्तिको संयोजकत्वमा बढीमा तीन सदस्यीय समिति गठन गर्ने अधिकार मात्र वि.व्य.स. लाई हुनुपर्छ।

**सीताराम बस्नेत**
वासाखाली मावि, वासा-७, सोलुखुम्बु

रिपोर्ट पाठ्यक्रम र शिक्षक

बाबुराम विश्वकर्मा

# नयाँ नयाँ पाठ्यक्रम पुराना पुराना शिक्षक

**विद्यालय तहको पाठ्यक्रम/पाठ्यपुस्तक हरेक पाँच-दश वर्षमा परिमार्जन तथा संशोधन गर्ने गरिएको छ तर परिमार्जित पाठ्यक्रम/पाठ्यपुस्तकका विषयवस्तुलाई कक्षाकोठासम्म पुऱ्याउने जिम्मेवारी बोकेका शिक्षकहरूलाई स्वतः (इनबिल्ट) अद्यावधिक तुल्याउने निर्देशिका/प्रशिक्षण कार्यक्रम भने प्रभावकारी ढङ्गले हुने गरेको छैन। फलतः परिमार्जित पाठ्यक्रम/पाठ्यपुस्तक सार्वजनिक स्कूलका शिक्षकका लागि बोझ बन्ने गरेको छ।**



स्कूलको पाठ्यक्रम/पाठ्यपुस्तकको परिमार्जन/संशोधनलाई एउटा स्वाभाविक र नियमित क्रिया मानिन्छ। पाठ्यक्रम विकास केन्द्रले नेपालको विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यवस्तु हरेक पाँच-दश वर्षमा परिमार्जन तथा संशोधन गर्दै आएको पनि छ। तर कक्षाकोठाको पठनपाठनमा समयानुकूल सुधार ल्याई शिक्षाको स्तरोन्नति गर्ने लक्ष्यले गर्ने गरिएको पाठ्यक्रम/पाठ्यपुस्तकको परिमार्जन आफैं समस्या पनि बन्ने गरेको छ।

माइक्रोसफ्टले आफ्नो कम्प्युटर सफ्टवेयरको परिमार्जित संस्करण बजारमा पठाउँदा त्यसका प्रयोगकर्तालाई नयाँ कार्यक्रम कसरी 'इन्स्टल' गर्ने र कसरी चलाउने भन्ने जानकारी सँगसँगै पठाउँछ। यसबाट पुरानो संस्करण चलाइरहेका माइक्रोसफ्टका प्रयोगकर्ताहरू स्वाभाविक र सहज रूपमा नयाँ संस्करण चलाउन सक्षम हुन्छन्। त्यस्तै कुनै जहाज कम्पनीले नयाँ एअरक्राफ्ट बनाएपछि पुराना चालकलाई नयाँ जहाज चलाउन स्वतः प्रशिक्षण दिन्छ। यथार्थमा पाइलटलाई प्रशिक्षण-पुनःप्रशिक्षण दिने कुरा विमानको निर्माण र बिक्री प्रक्रियामै अन्तरनिहित हुन्छ। यस्तो प्रक्रियाले नयाँ उत्पादन र त्यसका प्रयोगकर्ताबीच तादात्म्यता सृजना हुन्छ। यही कुरा नयाँ पाठ्यक्रम/पाठ्यवस्तु र शिक्षकहरूको हकमा पनि लागू हुनुपर्ने हुन्छ। तर परिमार्जित पाठ्यक्रम/पाठ्यपुस्तक अनुरुप शिक्षकहरूलाई दीक्षित तुल्याउने जिम्मेवारी पाएको शैक्षिक जनशक्ति विकास केन्द्रले सञ्चालन गर्ने तालिमले शिक्षक र परिमार्जित पाठ्यक्रम/पाठ्यपुस्तकबीचको खाडल पुर्न सकेको पाइँदैन।

पाठ्यक्रम/पाठ्यपुस्तक परिमार्जन तथा संशोधन भइरहने तर शिक्षक तयारीसम्बन्धी प्रशिक्षणहरू फितलो हुने गरेका कारण सरकारी स्कूलका शिक्षकलाई परिमार्जित पाठ्यपुस्तक बोझिलो लाग्ने गरेको छ। विषय-विज्ञहरूले परिमार्जन गरेका पाठ्यक्रम/पाठ्यपुस्तक पढाउन धेरै शिक्षकलाई कठिन भएको पाइन्छ। पाठ्यक्रम/पाठ्यवस्तुमा थपिएका नयाँ पाठ अनुरुप आफूलाई 'अपडेट/अपग्रेड' गर्न शिक्षकहरू स्वयं अग्रसर पनि नहुने परिस्थितिका कारण यो समस्या अरू जटिल बनेको छ।

खासगरी सार्वजनिक विद्यालयका शिक्षकले नयाँ पाठ्यक्रम/पाठ्यपुस्तक पढाउने क्रममा के-कस्ता कठिनाई झेलेका होलान् भन्ने जिज्ञासाको जवाफ फेला पार्न *शिक्षक मासिक* ले पूर्वाधारका हिसाबले सुविधासम्पन्न राजधानीका केही सार्वजनिक स्कूलका शिक्षकको अनुभव खोज्ने जमर्को गऱ्यो। *शिक्षक मासिक* सँगको कुराकानीमा ती स्कूलका शिक्षकले परिमार्जित पाठ्यपुस्तकका केही पाठ नबुझेकाले कक्षाकोठामा पुऱ्याउन नसकिएको गुनासो सजिलै गरे। नयाँ पाठ्यपुस्तक लागू भएपछि कक्षा-शिक्षणमा कठिनाई झेलिरहेकी शिक्षकमा पर्छिन् काठमाडौंको धुम्बाराहीस्थित धुम्रबराह माविमा सामाजिक अध्ययन





**कक्षा ६ को *सामाजिक अध्ययन* को पृ.८३ मा दिइएको एसियाको प्राकृतिक नक्सा।**
**यो नक्सा हेरेर शिक्षक र विद्यार्थीले के बुझ्लान् ?**

(सोसल स्टडी) पढाउँदै आएकी शिक्षक इन्दिरा गौतम। अर्थशास्त्रमा बीएड उत्तीर्ण इन्दिरालाई कक्षा ६ को सामाजिक अध्ययन शिक्षण गर्न समस्या परेको छ।

उक्त विषयको पृष्ठ १४ मा दिइएको 'शिक्षाको उपयोगिता र आजको आवश्यकता' पाठको अध्ययनपछि छात्रछात्राले पाँच विकास क्षेत्रको साक्षरता प्रतिशत बताउन सक्ने उद्देश्य पाठ्यक्रममा राखिएको छ। तर, पाठ्यपुस्तकमा पाँच विकास क्षेत्रको साक्षरतासम्बन्धी आँकडा दिइएको छैन। इन्दिरा एक वर्षअघि साक्षरता आँकडा खोज्न जिशिका काठमाडौं पुगिन्। जिशिकाले उनलाई साक्षरतासम्बन्धी विवरण लिन शिक्षा विभाग जान आग्रह गऱ्यो। विभागले आफूसँग क्षेत्रगत साक्षरता आँकडा नभएको जानकारी दिएपछि उनले आजसम्म छात्रछात्रालाई पाँच विकास क्षेत्रको साक्षरता प्रतिशत बताउन सकेकी छैनन्।

धुम्रबराह माविकै प्रावि तहमा सामाजिक विषय पढाउने केही शिक्षक आफूहरूले इन्दिराको भन्दा चर्को समस्या झेल्नु परेको बताउँछन्। उक्त स्कूलमा कक्षा ३ मा सामाजिक अध्ययनसँगै सृजनात्मक कला पढाउँदै आएकी सावित्री फुँयाल आफैंले सो विषय नबुझेका कारण पढाउन सकेकी छैनन्। उक्त विषयमा कक्षा १ देखि नै सङ्गीत, नृत्य, पेन्टिङ, माटो र कागजबाट विभिन्न सामग्रीको निर्माण गर्नुपर्ने जस्ता सृजनात्मक कलासम्बन्धी पाठहरू दिइएको छ। कक्षा २ को मेरो सामाजिक अध्ययन तथा सृजनात्मक कलाको पृष्ठ ५७ मा 'कोलाज बनाऔं' भनिएको छ। तर प्रावि तहका

# रिपोर्ट पाठ्यक्रम र शिक्षक




धेरै शिक्षकले कोलाज भन्ने शब्दलाई अर्थ्याउन सकेको पाइँदैन । त्यस्तै उक्त पुस्तकको पृष्ठ ६० मा दिइएको *'माटोको काम गरौं, विभिन्न आकारका वस्तु बनाऔं'* शीर्षकको पाठ पढाउन शिक्षकहरूले कामचलाउ शैली अपनाउने गरेका छन् । सोही पुस्तकको पृष्ठ ६३ मा कागज काटेर काग, चुच्चे टोपी, हाँस, कागजको तारा, पुतली, खरायो, पाटेबाघ बनाउने जस्ता कला छात्रछात्रालाई सिकाउन शिक्षकलाई निर्देशन दिइएको छ । तर, कागजका उल्लिखित सामग्री बनाउने जाँगर र आत्मविश्वास उक्त स्कूलका कुनै शिक्षकहरूमा भेटिँदैन ।

कक्षा २ कै सामाजिक अध्ययन तथा सृजनात्मक कला अन्तर्गत पृष्ठ ६८ मा दिइएको सङ्गीत पाठ पढाउने शिक्षक सरकारी स्कूलहरूमा भेटिँदैनन् । उक्त पाठ अन्तर्गत छात्रछात्रालाई स्वरको आरोह, अवरोहको अभ्यास गराउन भनिएको छ । साथै हार्मोनियमको *मध्य सप्तक, सारेगम पधनिसा, सानिधप मगरेसा,* मादलको *आठ मात्रा (कहरवा)* को तालमा नृत्य गराउन शिक्षकलाई निर्देशन दिइएको छ । तर, कक्षा १ देखि ५ सम्मै राखिएका यी पाठहरूको अभ्यास पाठ्यक्रम र पाठ्यपुस्तकको उद्देश्य अनुसार भएको विरलै भेटिन्छ । सृजनात्मक अभिव्यक्ति कला पढाउनका लागि विद्यालयमा हार्मोनियम, मादल, बाँसुरी, पियानो आदिको आवश्यकता पर्छ । धेरै स्कूलहरूमा सङ्गीत र वाद्यवादनसम्बन्धी उपकरणको व्यवस्था छैन । सङ्गीत सिकाउने उपकरण स्कूलमा नभए पनि शिक्षकहरूमा उक्त विषय शिक्षण गर्ने जाँगर र तत्परता भएमा यस्ता सामग्रीको अभावकै कारण पठनपाठन रोकिँदैन । तर त्यस्ता शिक्षक तयार पार्न बाँकी नै छ ।

ललितपुरको शान्ति विद्याश्रम प्राविका प्रअ निर्मला थापाले प्राविमा शिक्षण गर्न थालेको रुण्डै ३५ वर्ष पुग्न लागेको छ । उनले १० महिने शिक्षक तालिम पनि लिएकी छन् । तर, पाठ्यपुस्तक परिमार्जन गरिएका कारण उनलाई उक्त विषय बोझिलो लाग्छ । पाँच वर्षअघि परिमार्जन भएको प्रावि तहको सामाजिक अध्ययनअन्तर्गतको सृजनात्मक कला पढाउन थापालाई समस्या परेको पनि पाँचै वर्ष भएको छ । आफ्नो समस्या स्रोतव्यक्ति तथा विनिसमक्ष राखेको उनको कथन छ । तर, समाधान कतैबाट निस्किएको छैन । थापा भन्छिन्, “सङ्गीत, नृत्य जस्ता विधा हामीले नै बुझेका छैनौं । शिक्षक तालिमबाट पनि कक्षा शिक्षणमा आइपर्ने समस्या समाधान गर्न सकिएन । अनि कसरी पढाउने?” सामाजिक अध्ययनबाट सृजनात्मक कलालाई अलग गरेर छुट्टै शिक्षकको व्यवस्था नगरी आफूले भोगेको समस्याको दिगो समाधान ननिक्लने थापा जस्ता धेरै शिक्षकको भनाइ छ । “आफूले जे जानेको छ, त्यही सिकाउने गरिएकाले परीक्षामा छात्रछात्राले जे लेख्छन् त्यसैलाई सही मानेर अङ्क दिनुपर्ने बाध्यता छ”, थापा थप्छिन् ।

तालिम नपाएको वा छुट्टै शिक्षकको व्यवस्था नगरिएकाले परिमार्जित पाठ्यक्रम पढाउन कठिन भएको शिक्षकहरूको भनाइ रहे पनि कतिपय जाँगरिला र जागरुक शिक्षकले आफ्नै प्रयासमा पहिले नपढेका विषय पनि पढाउँदै आएको पाइन्छ । कालीमाटीको नीलबाराही माविका शिक्षक लक्ष्मी महर्जनलाई प्राविको सृजनात्मक कला विषय पढाउन कुनै कठिनाइ छैन किनभने सङ्गीतमा रुचि भएकी महर्जनले व्यक्तिगत खर्चमा त्यससम्बन्धी तालिम लिएर छात्रछात्रालाई सिकाउने गरेकी छन् । तैपनि लक्ष्मी भन्छिन्, “पाठ्यक्रम र पाठ्यपुस्तकमा नयाँ विषय समावेश गर्नुअघि उक्त विषय पढाउने शिक्षकको व्यवस्था गरिनु जरुरी छ ।” पाठ्यक्रम विकास केन्द्रको तर्फबाट सृजनात्मक कला विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा संलग्न टार्जन राई पनि उक्त विषय प्राविधिक भएकाले प्राविका शिक्षकहरूलाई पढाउन कठिन भएको स्वीकार गर्छन् ।

सामाजिक अध्ययन प्रावि शिक्षकहरूका निम्ति मात्र होइन, निमावि र मावि शिक्षकहरूका निम्ति पनि टाउकोदुखाइको विषय भएको पाइन्छ । काठमाडौंको भीमसेनस्थानको परोपकार आदर्श माविमा पाँच वर्षदेखि कक्षा ६ लाई सामाजिक अध्ययन अध्यापन गर्दै आएकी

मेनुका ढकाललाई एसियाको जनजीवन, नेपालको नक्सा, साइबर नदी जस्ता पाठ पढाउन गाह्रो लाग्छ; किनभने किताबमा छापिएका चित्र, नक्सा, तस्बिर स्पष्ट छैनन् । धेरैजसो पाठमा छात्रछात्रालाई किताबमा दिइएका नक्सा तथा चित्र हेरेर त्यस्तो चित्र तथा नक्सा बनाउन आग्रह गरिएको छ । तर पुस्तकमा दिइएका चित्र तथा नक्साहरूमा मसी पोतिएका काला धब्बा मात्र देखिन्छन् ।

बीए/बीएड उत्तीर्ण गरी परोपकार माविका कक्षा ९ र १० मा सामाजिक विषय पढाउने यदुमाया पाठकलाई पनि आफूले पढाउँदै आएको पाठ्यपुस्तकका केही पाठ शिक्षण गर्न गाह्रो लाग्छ । नेपाली, गणित, अङ्ग्रेजी, भूगोल, नागरिक शास्त्र, इतिहास जस्ता धेरै विषय मिसाइएकाले एउटा विषयमा स्नातक वा स्नातकोत्तर गरेका आफू जस्ता शिक्षकलाई माविको सामाजिक अध्ययन पढाउन कठिन हुने गरेको पाठक बताउँछिन् । उनले सामाजिक अध्ययनमा दिइएको भूगोलका पाठहरू पढाउनका निम्ति भूगोल पृष्ठभूमिका उक्त स्कूलका सहायक प्रअ चूडामणि बज्राचार्य र अरू विषयसँग सम्बन्धित पाठ पढाउनका निम्ति सम्बन्धित विषयका शिक्षकको मद्दत लिने गरेकी छन् । सहायक प्रअ बज्राचार्य कुनै एउटा शिक्षकले मात्र सामाजिक अध्ययन पढाउन नसक्ने हुनाले विभिन्न विषयका शिक्षकले सामूहिक रूपमा सो विषय पढाउनुपर्ने धारणा राख्छन् ।

पाठ्यक्रम निर्माण तथा परिमार्जनमा संलग्न पाठ्यक्रम विकास केन्द्रका सामाजिक अध्ययन उपसमितिका पाठ्यक्रम अधिकृत डिकबहादुर राई पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक र शिक्षक तालिमबीच ठूलो खाडल रहेको स्वीकार गर्दै भन्छन्, "पाठ्यक्रम निर्माता र शिक्षकबीच ग्याप छ, पाठ्यपुस्तक तयार गर्नेले नै सबै बुझेको हुन्छ भन्ने छैन, त्यसैले शिक्षकहरूले पाठ्यक्रमका आधारमा शिक्षण गर्नुपर्छ, न कि पाठ्यपुस्तकका आधारमा ।" माविको सामाजिक अध्ययन पाठ्यक्रम तथा पाठ्यपुस्तकको लेखनमा संलग्न विजय स्मारक उमाविका सामाजिक अध्ययन विषयका शिक्षक डिल्लीप्रसाद शर्मा चाहिँ सामाजिक अध्ययन शिक्षणका समस्याको स्थायी समाधानका निम्ति विश्वविद्यालयले सामाजिक अध्ययन विषयको पठनपाठन शुरु गरी विषय शिक्षक उत्पादन गर्नुपर्ने प्रस्ताव राख्छन् । "अहिलेको शैलीमा पढाएर पाठ्यक्रम र पाठ्यपुस्तकको लक्ष्य हासिल गर्न सकिँदैन । सामाजिक अध्ययन विषय पढाउने शिक्षकको उत्पादन आजको खाँचो हो", उनको जोड छ ।

## विज्ञान पनि बोझ

पाठ्यपुस्तक परिमार्जन र शिक्षकको मौजुदा क्षमताबीच तालमेल नमिलेकाले अरू विषय पढाउने शिक्षकले पनि समस्या झेल्दै आएका छन् । २१ वर्षदेखि शिक्षण पेशामा रहेकी शान्ति विद्याश्रम प्रावि, ललितपुरकी शिक्षक सिद्धकुमारी खनालले कक्षा ५ को *मेरो विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा* को पृष्ठ ६९ को *सौर्यमण्डल* पाठ बुझ्न सकेकी छैनन् । तर पनि उनले कामचलाउ तरिकाले विद्यार्थीलाई उक्त पाठ पढाउँदै आएकी छन् । प्रावि तहको विज्ञान पढाउनका लागि नयाँ पाठ्यपुस्तक अनुसार विज्ञान शिक्षक आवश्यक पर्ने उक्त विषय पढाउँदै आएका शिक्षकहरू बताउँछन् । तर, सरकारले तत्कालै प्रावि तहलाई विषयगत शिक्षक व्यवस्था गर्न सक्ने अवस्था देखिँदैन । विज्ञानका धेरै पाठ पुरानो कोर्ष पढेका शिक्षकले नबुझ्ने किसिमका छन् । विज्ञानको आधारभूत अवधारणा बुझाउन खोजिएको उक्त प्राविको विज्ञानसम्बन्धी पाठ्यक्रम/पाठ्यपुस्तकलाई एसएलसी उत्तीर्ण पुराना प्रावि शिक्षकले आफूले जे जानेको छ, त्यसकै भरमा अध्यापन गराइरहेका छन् ।

विज्ञानसँगै राखिएको स्वास्थ्य र शारीरिक शिक्षा पनि पढाउन नसकिएको सोही विद्यालयकी प्रावि शिक्षक रमा न्यौपानेको अनुभव छ । स्वास्थ्य शिक्षामा दिइएका धेरै पाठहरू स्वास्थ्य विषय पढेका शिक्षकले मात्र बुझ्ने खालका रहेकाले उक्त विषयलाई विज्ञानबाट अलग गरेर छुट्टै शिक्षकले पढाउनुपर्ने उनको प्रस्ताव छ । त्यस्तै शारीरिक शिक्षामा दिइएका जिम्न्यास्टिक, पल्टनबाजी, खेलकुद र शारीरिक व्यायामसम्बन्धी पाठहरू शिक्षक स्वयंले अभ्यास गरेर छात्रछात्रालाई अभ्यास गराउनुपर्ने किसिमका छन् । तर, प्रावि तहको शारीरिक शिक्षामा राखिएका पाठहरू खेल तथा व्यायाम सम्बन्धी कुनै अभ्यास नभएका र उमेर ढल्किसकेका शिक्षकहरूले अभ्यास गरेर विद्यार्थीलाई सिकाउने सम्भावना देखिँदैन ।

नेपालीलाई कठिन लाग्ने अङ्ग्रेजी विषयको पाठ्यपुस्तक व्यावहारिक नभएकाले शब्द सिकाएर अक्षर सिकाउन थाल्नु परेको ललितपुर, पाटनको शान्ति विद्याश्रम प्राविकी शिक्षक प्रभा पोखेलको गुनासो छ । शुरुमा अङ्ग्रेजी अक्षर सिकाएर त्यसपछि शब्द अनि वाक्य सिकाउने व्यवस्था पाठ्यपुस्तकमा भए आफूहरूलाई सजिलो हुने तिनको कथन छ । धुम्रबराह माविकी अङ्ग्रेजी शिक्षक सिमन श्रेष्ठ चाहिँ कक्षा २ को अङ्ग्रेजी पाठ्यपुस्तकमा *ए, एन* र *द* तथा *एक्जुलरी भर्ब* को प्रयोगसम्बन्धी कुनै पाठ नराखिएकाले कलिला नानीहरूलाई अङ्ग्रेजी वाक्यको आधारभूत अवधारणा बुझाउन नसकिएको अनुभव सुनाउँछिन् । सोही विद्यालयको कक्षा ३ मा गणित शिक्षण गर्दै आएकी दुर्गा न्यौपानेलाई तीन अङ्कको भाग सिकाउन हम्मे पर्छ ।

गणितका मावि शिक्षकहरूले पनि गणित शिक्षणका क्रममा समस्या भोगेको पाइन्छ । धुम्रबराह मावि धुम्बाराहीमा विगत २१ वर्षदेखि गणित अध्यापन गर्दै आएका बीकम/एमएड रतनकुमार थापाले कक्षा ७ को ज्यामितिको *'दिशा स्थिति र स्केल ड्रोइङ'* पढाउन सकेका छैनन् । उनी आफैँले उक्त पाठ नबुझेका कारण उक्त पाठ छोड्ने गरेका छन् । आफ्नो समस्या तालिम तथा गोष्ठीहरूमा पनि राखेको तर कतैबाट समाधान नपाएको थापाको गुनासो छ । मावि तहको



# ‘प्रावि शिक्षक स्नातक हुनुपर्छ’

**प्रा.डा. तीर्थराज पराजुली,** पाठ्यक्रमविद्

**बदलिँदो देश, काल, परिस्थिति र ज्ञान-विज्ञानको प्रगतिसँगै विद्यालयको पाठ्यक्रम/पाठ्यवस्तु अद्यावधिक/परिमार्जन गर्नु एउटा स्वाभाविक प्रक्रिया हुन्छ । पाँच-दश वर्षको अन्तरालमा हामीकहाँ यो काम हुँदै पनि आएको छ । तर, त्यसरी परिमार्जित पाठ्यक्रमको उद्देश्य प्राप्तिका निम्ति संशोधित पाठ्यपुस्तक पढाउने शिक्षकहरूलाई त्यहीअनुरुप अद्यावधिक गरिनु पनि उत्तिकै अपरिहार्य हुन्छ । यहाँको विचारमा हाम्रो पाठ्यक्रम/पाठ्यपुस्तकको परिमार्जन र शिक्षकको योग्यता/क्षमता अभिवृद्धिबीच कत्तिको तादात्म्यता छ ?**

परिमार्जित पाठ्यक्रम अनुसारका पाठ्यपुस्तक पढाउन सक्ने तुल्याउन शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षकहरूलाई तालिम त दिइरहेको छ तर, त्यो पर्याप्त छैन । विद्यालय क्षेत्र सुधार कार्यक्रम (एसएसआरपी)मा पनि शिक्षकको क्षमता विकासका कुराहरू राखिएका छन् । तर, त्यो अनुरुप काम हुनसकेको छैन । त्यसैले परिमार्जित पाठ्यक्रम/पाठ्यपुस्तक र शिक्षकको योग्यताबीच वाञ्छित तादात्म्यता कायम हुनसकेको छैन ।

**यसको अर्थ परिमार्जित पाठ्यपुस्तक पढाउन शिक्षकहरूलाई कठिन भइरहेको छ भन्ने हो ?**

यो कुरा चाहिँ शिक्षक आफू पेशागत रूपमा कत्तिको दक्ष बन्न चाहन्छ भन्ने कुरामा पनि निर्भर गर्छ । अर्कोले दिएको तालिमबाट मात्रै होइन, शिक्षक आफूले पनि नयाँ-नयाँ विषयवस्तुसँग ‘अपडेट’ भइरहनुपर्छ । त्यो दायित्व शिक्षकको पनि हो ।

एसएसआरपीले आधारभूत तहको शिक्षकका लागि स्नातक र माध्यमिक तहको लागि स्नातकोत्तर शैक्षिक योग्यता तोकेको छ । तर, यसलाई हामीले अझै व्यवहारमा ल्याउन सकेका छैनौं । हालको पाठ्यक्रम/पाठ्यपुस्तकसँग साँच्चिकै तादात्म्यता कायम गर्नका लागि कक्षा पाँचसम्म पढाउने शिक्षकले पनि स्नातक गरेको र प्राथमिक शिक्षणको तालिम लिएको हुनुपर्छ ।

अर्को कुरा कस्ता व्यक्ति चाहिँ शिक्षक हुने भन्ने महत्त्वपूर्ण प्रश्न हो । शिक्षणका लागि विशेष क्षमता राख्ने व्यक्ति मात्रै शिक्षक बन्न सक्छ । विद्यार्थीसँग घुलमिल हुनसक्ने, बुझाउन सक्ने, विद्यार्थीको मनोवैज्ञानिक पाटोलाई समातेर शिक्षण गर्न सक्ने क्षमता भएको व्यक्तिलाई हामीले शिक्षणमा ल्याउन सकेका छैनौं । त्यसैले शिक्षकको कमजोर क्षमताका कारणले पनि पाठ्यपुस्तक र शिक्षकबीच खाडल रहेको देखिन्छ ।

‘मैले यो कुरा चाहिँ पढाउन सकिनँ’ भनेर शिक्षकले कहिल्यै सोध्दैन । तालिम लिएपछि बढुवा भइन्छ र भत्ता पाइन्छ भन्ने मानसिकताले तालिम लिने प्रवृत्ति छ । यो एउटा विडम्बना हो । तालिममा सिकेका कुरालाई पनि उनीहरूले व्यवहारमा उतारेको पाइँदैन ।

**संशोधन/परिमार्जन गरिँदै आएका हाम्रा पाठ्यक्रम/पाठ्यपुस्तकहरू समयको माग अनुसार कत्तिको व्यावहारिक र वैज्ञानिक छन् ?**

अहिलेको पाठ्यक्रमको विषयवस्तु त्यति कमजोर छैन । अन्य मुलुकसँग मिल्दोजुल्दो नै छ । तर, पाठ्यक्रमले कक्षागत तहमा हासिल गर्ने उपलब्धिको स्तरमा भने हामी धेरै पछि छौं । पाठ्यक्रम र पाठ्यपुस्तकबीच त्यति खाडल छैन, तर शिक्षकको ज्ञानको दायरा र पाठ्यपुस्तकबीच चाहिँ ठूलो समस्या छ ।

पाठ्यपुस्तक परिमार्जनपछि निर्देशिका र अन्य सामग्री पनि

गणितको पुरानो पाठ्यपुस्तकमा अङ्क गणित, बीज गणित र ज्यामिति मात्र समेटिएको थियो । तर, परिमार्जित पाठ्यक्रम/पाठ्यपुस्तकमा त्रिकोण मिति, समूह, तथ्याङ्कशास्त्र र सम्भाव्यता थपिएको छ । गणित पढाउने शिक्षकहरूको अनुभवमा अनिवार्य गणितमा समेटिएका धेरै पाठहरू बोझिलो र अव्यावहारिक भएका कारण धेरैजसो छात्रछात्रा गणितमै असफल हुने गरेका छन् । परोपकार आदर्श माविका विज्ञान तथा गणित शिक्षक लक्ष्मण गिरी भन्छन्, “उच्च शिक्षामा गणित लिएर अध्ययन नगर्नेका लागि मौजुदा गणितको पाठ्यक्रम बोझयुक्त छ ।” नेपाल शिक्षक युनियनका महासचिव रहेका गणित शिक्षक चुन्नीशरण यादव पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षकबीच ठूलो खाडल रहेको बताउँदै नयाँ पाठ्यपुस्तकका कतिपय पाठ आफूले पनि नबुझ्ेका कारण आफ्ना चेलालाई ती पाठ पढाउन लगाउने गरेको अनुभव सुनाउँछन् ।

### मोफसलमा झन् समस्या

कक्षा उही, विद्यार्थी तिनै । शिक्षक शान्ता कँडेललाई भने सबै नौला र अपरिचित झैं लागिरहेका थिए । परिणामस्वरुप- पढाउन भनेर कोठाभित्र पसेकी उनी नपढाएरै बाहिरिइन् । “किन हो खै, मैले विद्यार्थीलाई पढाउने हिम्मत नै गर्न सकिनँ”, उनले भनिन् । सुर्खेतको मोहटीस्थित सामुदायिक माविकी शिक्षक



प्रमोद आयाम

तयार गरेको देखिन्छ । तर, यसको पनि व्यावहारिक पाटो कमजोर छ । सुविधासम्पन्न ठाउँकै एउटै शिक्षकले दशौं पटक तालिम र निर्देशिका जस्ता सामग्रीहरू पाउने गरेको अनि दूरदराजका शिक्षकले त्यस्तो अवसर नपाएको अवस्था छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा चाहिँ के हो भने शिक्षकलाई अर्को कुनै संस्थाले 'अपग्रेड' गराइदिने भन्दा पनि ऊ आफैं 'अपग्रेड' हुने पद्धतिको विकास हुनु जरुरी छ । अहिलेको शैक्षिक उद्देश्य भन्नु नै 'लर्निङ टु लर्न' (सिक्नका लागि सिकिरहने) हो । भनाइको मतलब शिक्षकलाई माछा मारेर दिने होइन । माछा मार्ने कला सिकाउने हो । तर, हामीले त्यसो गर्न सकेका छैनौं । नयाँ ज्ञानका स्रोतहरू शिक्षक आफूले कसरी खोज्न सक्छ भन्नेतर्फ हामीले ध्यान दिएनौं । हाम्रो पाठ्यक्रम र तालिमको मुख्य कमजोरी हो यो ।

**सरकारी स्कूलका धेरैजसो शिक्षकले आफूलाई परिमार्जित पाठ्यक्रम/पाठ्यपुस्तक बोझिलो भएको र कतिपय पाठ पढाउन समेत नसकिएको गुनासो गर्ने गरेका छन् । यस्तो समस्या किन उत्पन्न भएको हो जस्तो लाग्छ ?**

प्राथमिक तहका शिक्षकमा यस्तो समस्या बढी देखिन्छ । पुराना शिक्षकहरूसँग शिक्षणका लागि पर्याप्त शैक्षिक योग्यता र आधारभूत ज्ञानकै अभाव छ । त्यसैले म फेरि भन्छु प्राथमिक शिक्षकले पनि कम्तीमा स्नातक गर्नै पर्छ । भविष्यमा यो समस्या झन् बढ्ने देख्छु म । शिक्षक बन्नका लागि परिपक्वता चाहिन्छ । अहिले एसएलसी सक्नासाथ शिक्षाशास्त्र पढ्न लगाइन्छ । त्यो उमेरमा शिक्षाशास्त्र पढिँदैन । कम्तीमा १८-२० वर्ष त पुग्नैपर्छ । जो आफू स्वयं मनोवैज्ञानिक रूपमा परिपक्व हुँदैन, उसले बालबालिकाको मनोविज्ञान कसरी बुझ्छ र शिक्षण गर्छ ?

**शिक्षकले पाठ्यक्रम र पाठ्यपुस्तकलाई कसरी लिनुपर्छ त ?**

पाठ्यक्रम र पाठ्यपुस्तक भनेका शिक्षकका अभिन्न अङ्ग हुन् । त्यसैले शिक्षकले हरबखत पाठ्यक्रम र पाठ्यपुस्तकलाई आत्मसात् गर्न सक्नुपर्छ । शिक्षक सधैं त्यसैमा रमाउनुपर्ने हुन्छ । तर, हामीकहाँ त्यस्तो देखिँदैन । पाठ्यक्रमको बारेमा शिक्षकले पर्याप्त जानकारी नै पाएको हुँदैन । अर्कोतिर, पाठ्यक्रमको जानकारी पाउने शिक्षकले पनि त्यसमा त्यति चिन्तन गरेको पाइँदैन ।

**पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षकबीचको खाडललाई कसरी पुर्न सकिएला ?**

पाठ्यक्रम र पाठ्यपुस्तकबीचमा त्यति खाडल त छैन । तर, पाठ्यक्रमको मर्मअनुरुप शिक्षकले गर्ने कक्षा-शिक्षणमा चाहिँ खाडल छ । पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोगकर्ता शिक्षक नै हो । यसमा खाडल पुर्न मुख्यत: शिक्षक आफूमा प्रतिबद्धता चाहियो । दोस्रो कुरा, शिक्षकहरूलाई नियमित रूपमा 'अपग्रेड' गराउने संयन्त्रको विकास सर कारले गर्नुपर्छ ।


शैक्षिक सत्र शुरु हुनुअघि आफ्नै स्कूलमा स्रोतव्यक्ति वा अन्य जानकार व्यक्तिलाई बोलाएर परिमार्जित पाठ्यक्रम र पाठ्यपुस्तकबारे छलफल गर्ने परिपाटी मात्रै बसाले पनि धेरै शिक्षकका समस्या सहजै हल हुनसक्छन् ।

शान्ताले दुई वर्षअघि भोगेको समस्या हो यो । एक दशकदेखि प्राथमिक तहमा पढाउँदै आएकी शान्तालाई सोही वर्ष बदलिएको पाठ्यक्रमले अलमलमा पारेको थियो । "परिवर्तित पाठ्यक्रमअनुसार पुस्तक फेरियो तर कसरी पढाउने भन्नेबारे जानकारी दिइएन, त्यसैले शिक्षक नै आफूले पढाउने पुस्तकसँग अलमलमा पर्नु पर्‍यो", उनले भनिन् । कक्षा ३ को पुस्तक परिवर्तन भएको वर्षको अनुभव सुनाउँदै शान्ताले भनिन्, "पढाउन त जसोतसो पढाइयो, तर परीक्षामा प्रश्नपत्रै बनाउन सकिएन ।" पहिलाको तुलनामा चित्रको प्रयोग बढी गर्नुपर्ने भएकाले पढाउन र प्रश्नपत्र निर्माण गर्न समस्या भएको उनले बताइन् ।

शनिमोर निमाविका शिक्षक पवन कोइरालाले पनि पाठ्यक्रम परिवर्तनका कारण सास्ती भोग्नुपरेको छ । नयाँ पाठ्यक्रममा अधिकतम शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने भए पनि सामग्रीको प्रयोग विधिबारे जानकारी नहुँदा पाठ उद्देश्य अनुसार पढाउन नसकिएको उनले बताए ।

जिशिकाले परिवर्तित पाठ्यक्रमबारे शिक्षकलाई अभिमुखीकरण दिने गरेका कारण शिक्षकहरूले मिहिनेत गरे अध्यापनमा समस्या नहुने सुर्खेतका जिशिअ भक्तबहादुर ढकाल बताउँछन् । उनी भन्छन्, "अधिकांश शिक्षकहरू शिक्षाशास्त्र पढेरै आएका छन्, नपढेकालाई पनि लामो तालिम दिइएको छ, यस्तो

# रिपोर्ट पाठ्यक्रम र शिक्षक


पाठ १७ स्वर (अलङ्कार) अभ्यास

म स्वर (अलङ्कार) अभ्यास गर्छु ।

क)

आरोह – सा रे ग म प ध नी सां

अवरोह – सां नी ध प म ग रे सा

ख)

आरोह – सासा रेरे गग मम पप धध नीनी सांसां

अवरोह – सांसां नीनी धध पप मम गग रेरे सासा

अभ्यास

स्वरहरूको अभ्यास तालमा गर ।

शिक्षण निर्देशन :

हार्मोनियमको मध्य सप्तकको पहिलो सेतो पर्दालाई (सा) मानेर आरोह र अवरोह तालीमा अभ्यास गर्न लगाउनुहोस् । स्वर अभ्यासको पहिलोमा एकपल्ट ताली बजाउँदा एउटा स्वरको उच्चारण गर्दै अभ्यास गर्न लगाउनुहोस् र स्वर अभ्यासको दोस्रोमा एकपल्टको तालीमा दुईओटा स्वरहरूको उच्चारण गरी अभ्यास गर्न लगाउनुहोस् ।

(नोट : यदि हार्मोनियम उपलब्ध छैन भने कुनै एउटा स्वरलाई सा (कि नोट) मानेर विद्यार्थीहरूलाई अभ्यास गराउनुहोस् । )

सिर्जनात्मक कला ७१

**कक्षा २ को मेरो *सामाजिक अध्ययन तथा सिर्जनात्मक कला* को पृष्ठ ७१ मा दिइएको यो पाठ प्रावि शिक्षकहरूका निम्ति कठिन भइरहेको छ ।**

अवस्थामा आफैँ तल्लीन हुने हो भने गाह्रो छैन ।" उनले यस वर्ष सुर्खेतका १४ वटै स्रोतकेन्द्रमार्फत शिक्षकहरूलाई अभिमुखीकरण तालिम दिएको जानकारी दिए । तथापि सुर्खेतको जस्तै अवस्था सबैतिर छैन । काठमाडौंको धुम्रबराह माविका शिक्षकहरूले जिशिकाले स्रोतकेन्द्रमार्फत आयोजना गर्ने तालिम हतारहतार सक्ने गरिएको र आफूले त्यसबाट केही सिक्न नसकिएको गुनासो गरेका छन् । "तालिम त हुन्छ, तर १० दिनको तालिम दुई दिनमै सक्ने गरिएको छ", उक्त स्कूलका शिक्षक बैजन्ती श्रेष्ठले भनिन् ।

## समाधान शिक्षक तयारी

*शिक्षक प्रतिनिधि* ले रिपोर्टिङका क्रममा भेटेका सरकारी स्कूलका शिक्षकले परिमार्जित पाठ्यपुस्तकलाई अन्तर्राष्ट्रियस्तरको तुल्याउनका निम्ति अद्यावधिक गरिएको तर, शिक्षकलाई नयाँ पाठ्यपुस्तक सहज रूपमा पढाउन सक्ने तुल्याउन त्यस अनुसार तालिम सञ्चालन नगरिएकाले धेरै शिक्षकलाई कक्षा शिक्षणमा समस्या परेको बताएका छन् । परिमार्जित नयाँ पाठ्यक्रम क्रियाकलापमुखी भएको तर अभ्यास गराउनका निम्ति विद्यालयमा शैक्षिक सामग्री, भौतिक पूर्वाधार र समय अभाव भएकाले पाठ्यक्रम/पाठ्यपुस्तक परिमार्जन नै समस्या बन्दै गएको छ । पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम/पाठ्यपुस्तक परिमार्जनपछि त्यसबारे शिक्षक निर्देशिका जारी गर्ने गरेको छ । त्यस्तै पाठ्यक्रम/पाठ्यपुस्तकमा भएको परिमार्जनबारे स्रोतकेन्द्रको माध्यमबाट शिक्षकलाई जानकारी दिने गरिएको छ । परिमार्जित पाठ्यक्रम/पाठ्यपुस्तकका बारेमा शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षकहरूलाई तालिम पनि दिने गरेको छ । तर, यस्ता प्रयासले शिक्षकहरूले भोगेका समस्या समाधान गर्न सकेका छैनन् । धेरै विद्यालयका शिक्षकले पाठ्यक्रम, शिक्षक निर्देशिका, शिक्षक तालिम तथा पाठ्यक्रम/पाठ्यवस्तु परिमार्जन भएको जानकारी समेत समयमा पाउन सकेका छैनन् ।

पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम र पाठ्यपुस्तकमा हुने परिवर्तनले शिक्षकलाई कक्षा शिक्षणमा ठूलो चुनौती र समस्या थपिएका गुनासा आफूसमक्ष पनि आउने गरेको जनाएको छ । केन्द्रका निमित्त निर्देशक टेकनारायण पाण्डेका अनुसार स्कूल तहको पाठ्यक्रम र पाठ्यपुस्तकलाई अन्तर्राष्ट्रियस्तरको तुल्याउनका निम्ति समयअनुकूल परिमार्जन र अद्यावधिक गरिएको तर पाठ्यक्रमको बोझ उठाउन सक्ने शिक्षक सिष्टमले दिन नसकिएकाले समस्या उत्पन्न भएको हो । उनले भने, "हामीले स्तरीय पाठ्यक्रम र पाठ्यपुस्तक उत्पादन गरेका छौं तर त्यस्तो पाठ्यक्रम र पाठ्यपुस्तक पढाउन सक्ने शिक्षकको व्यवस्था गर्न सकिएको छैन, भएका शिक्षकलाई पनि पाठ्यक्रम/पाठ्यवस्तु सहज रूपमा शिक्षण गर्न सक्ने सीप दिन सकिएको छैन ।" प्रावि तहको पाठ्यक्रम पढाउन विगतमा जैँ एसएलसी उत्तीर्ण शिक्षकले नसक्ने देखिएको छ, त्यसनिम्ति विषयगत शिक्षकको व्यवस्था एवं भएका शिक्षकको अपग्रेड/अपडेट, तालिम जस्ता तरिका अपनाउन जरुरी देखिन्छ ।

शिक्षा मन्त्रालयले सरकारी स्कूलमा लागू भएका पाठ्यक्रम र पाठ्यपुस्तकलाई समयअनुकूल परिवर्तन गरी अद्यावधिक गर्नुअघि नयाँ पाठ्यपुस्तक पढाउने शिक्षकको योग्यता, ज्ञान र क्षमताको लेखाजोखा नगर्दा पाठ्यक्रम र शिक्षकबीच दूरी बढ्दै गएको हो । पाठ्यक्रम, पाठ्यपुस्तकको परिमार्जनसँगै शिक्षकको क्षमता अभिवृद्धि गर्नु मौजुदा समस्या समाधानको भरपर्दो उपाय हुनसक्छ । दीर्घकालीन रूपमा योग्य तथा विषयगत शिक्षकको व्यवस्था गर्नु उत्तम विकल्प हुन्छ । यसतर्फ शिक्षा मन्त्रालयका अधिकारीहरूको ध्यान पुग्न ढिलो भइरहेको छ । पाठ्यक्रम, पाठ्यपुस्तक परिमार्जन मात्र गरिरहने तर शिक्षकको क्षमतालाई बेवास्ता गर्ने हो भने पाठ्यक्रम/पाठ्यपुस्तक परिमार्जन तथा अद्यावधिक गरिरहनुको औचित्य हुने देखिँदैन ।

साथमा **कलेन्द्र सेजुवाल, सुर्खेत**


हाम्रा केही साहित्यिक प्रकाशन
आफैंतिर फर्केर हेर्दा
लेखक : श्रीभद्र शर्मा
अवकाश पछिको आकाश
लेखक : तेजेश्वरबाबु ग्वङ:
विस्मृतिका फूलहरू
लेखक : बमप्रसाद श्रेष्ठ (मास्के)
तारा राई
छापामार युवतीको डायरी
लेखक : तारा राई
चर्चित व्यक्तित्व
लेखक : व्याकुल पाठक
घामको चुम्बन
लेखक : युवराज नयाँघरे
गृहप्रवेश
लेखक : डायमनशमशेर राणा
कहाँ गए ती दिनहरू
लेखक : अम्बर गुरुङ
पहेंलो गुलाफ
लेखक : प्रेमा शाह
शिशिरको बतास
लेखक : अर्जुन निरौला
रत्न पुस्तक भण्डार
बैठकमार्ग-३१ 'ग' बागबजार, काठमाडौं, नेपाल । फोन : ४२२३०२६, ४२४२०७७


IMAGE
97.9 FM
MUSIC OF YOUR LIFE

बालकुमार जमरकट्टेल



# अप्रेसन गणित !

**धेरैजसो विद्यार्थी, अभिभावक र शिक्षकहरू समेत एसएलसीमा १० कक्षाको पाठ्यपुस्तकबाट मात्रै गणितका प्रश्न सोधिन्छ भन्ने ठान्छन्। तर यो भ्रम हो। यही भ्रमका कारण गणितमा धेरै विद्यार्थीहरू फेल भइरहेका छन् । वास्तविकता त के हो भने, एसएलसीमा सोधिने गणितका प्रश्नहरू कक्षा १ देखि १० सम्मका गणितका पाठ्यपुस्तकहरूको समष्टी ज्ञानको योग हो ।**




*"राधाले कुनै काम दुई घण्टामा गर्न सक्छिन् । कृष्णले सो काम तीन घण्टामा गर्न सक्छन् । अब राधा र कृष्ण मिली सो काम कति समयमा गर्न सक्छन् ?"*

एसएलसी परीक्षाको परिवर्तित विशिष्टीकरण तालिका–२०६५ अनुसार अङ्कगणितको लागि छुट्याइएको कुल अङ्कभार १६ मध्ये पहिलो एकाइ 'समय र काम' बाट समूह'ख' मा लामो उत्तर आउने प्रश्नअन्तर्गत चार अङ्कभारको एउटा प्रश्न सोधिने प्रावधान राखिएको छ। अङ्कगणित अभ्यास गराउने क्रममा त्यसको पहिलो एकाइबाट नै शुरु गर्नु स्वाभाविकै हो। 'समय र काम'(ऐकिक नियम)का हिसाबहरू सामान्यतया अरू एकाइका हिसाबहरूभन्दा कठिन मानिन्छन्। कुनै सूत्र पनि प्रयोग नहुने, चित्रको माध्यमबाट वा प्रयोगात्मक तरिकाबाट पनि सिकाउन नसकिने। व्यावहारिक ज्ञान र बोधको आधारमा प्रश्नलाई सामान्यीकृत गरी गणितका आधारभूत सीपहरू प्रयोग गरी निष्कर्ष निकाल्नुपर्ने भएकाले प्राय: विद्यार्थीहरूको लागि यो एकाइबाट आउने प्रश्नहरू पछिल्लो रोजाइमा पर्ने गर्छन्। तापनि शुरुमै आफैंले यसलाई गाह्रो प्रश्न आउने एकाइको रूपमा चित्रित गरी विद्यार्थीलाई हतोत्साहित गर्ने कुरा भएन। अभ्यास गराउनै पर्‍यो।

पाठप्रति विद्यार्थीहरूको ध्यान केन्द्रित गराउन ऐकिक नियमका आधारभूत नियमहरू 'प्रत्यक्ष विचरण' र 'अप्रत्यक्ष विचरण'का उदाहरणसमेत पुनरावलोकन गराई विषय प्रवेश गर्छु। शिक्षण सिकाइको आधारभूत सिद्धान्त 'सरलबाट जटिलतिर' अनुसार 'समय र काम'का समस्या समाधान गर्दा सर्वप्रथम एकाइ समयमा गरिएको काम पत्ता लगाई हिसाब गर्न शुरु गर्नुपर्छ भन्ने कुरा सिकाउन तुलनात्मक रूपमा सजिलो समस्या पाठ्यपुस्तकको अभ्यासको प्रश्न नं. १ मा दिइएको माथिको प्रश्नको समाधानतिर विद्यार्थीहरूलाई डोर्‍याउँछु–

*राधाले २ दिनमा १ काम गर्छिन् ।*
*राधाले १ दिनमा $\frac{१}{२}$ काम गर्छिन् ।*
*कृष्णले ३ दिनमा १ काम गर्छन् ।*
*कृष्णले १ दिनमा $\frac{१}{३}$ काम गर्छन् ।*
*राधा र कृष्णले १ दिनमा ($\frac{१}{२}+\frac{१}{३}$) काम गर्छन् ।*

सबै हिसाब आफैँले गरिदिँदा विद्यार्थीहरू पूर्ण रूपमा शिक्षकमा निर्भर हुनपुग्छन् । उनीहरूमा भएको आधारभूत ज्ञान र सीपको मौलिक रूपमा प्रयोग गराउँदा मात्र विद्यार्थीको क्षमता प्रस्फुटित हुने मौका पाउँछ । त्यसैले उक्त भिन्नको जोड गर्न विद्यार्थीहरूलाई नै छोडिदिन्छु र उनीहरूले गरेको समाधान अवलोकन गर्नतिर लाग्छु ।

तर मेरो पहिलो गाँसमा नै ढुङ्गा लाग्छ । असमान हर भएका भिन्नको सरलीकरण गर्दा सर्वप्रथम हरहरूको लघुत्तम समापवर्त्य निकाल्नुपर्छ भन्ने आधारभूत ज्ञान भएका र उक्त भिन्नका हरहरूको ठीकसँग लघुत्तम समापवर्त्य (ल.स.) निकाल्न सक्ने विद्यार्थीहरू मुस्किलले १० प्रतिशतभन्दा बढी पाउन सक्दिनँ । अधिकांश विद्यार्थीहरूको समाधान यस्तो रहन्छ–

$$\frac{१}{२}+\frac{१}{३}=\frac{१+१}{२+३}=\frac{२}{५}$$

विचरा विद्यार्थीहरू सजिलैसँग अंशमा अंश र हरमा हर जोड्न थाल्छन् । मलाई साह्रै दिक्दारी लागेर आउँछ । विद्यार्थीहरूको यत्तिका वर्षको मेहनत, समय र आर्थिक लगानी व्यर्थमा खेर गएको महसुस हुन्छ । असमान हर भएका भिन्नको सरलीकरण गर्दा सर्वप्रथम हरहरूको लस निकाली साझा हरको रूपमा राख्ने र प्रत्येक हरले ल.स.लाई भाग गरी आएको भागफलले सम्बन्धित अंशलाई गुणन गर्ने र गुणनफलहरूको बीचमा प्रश्नमा दिइएअनुसार जोड वा घटाउ गर्नुपर्ने कुरा स्मरण गराउँछु । त्यसपछि थप ३० प्रतिशत जति विद्यार्थीहरूले समाधान पहिल्याउँछन् । बाँकी ६० प्रतिशत जति विद्यार्थीहरूलाई ल.स. भनेको के हो र यो कसरी पत्ता लगाउने भन्ने कुरामा नै अलमल हुन्छ । यी विद्यार्थीहरू गणितको आधारभूत ज्ञान विना यत्तिका कक्षा पार गरेर कसरी एसएलसीको तयारी गर्न आइपुगे ? एकछिन सोचमग्न हुन पुग्छु । भन्न त मन लाग्छ– "कक्षा चारको पाठ्यपुस्तक खोजी गरेर ल्याऊ, उक्त पुस्तकको पेज नं. ५५ र ५६ मा दिइएका सम्पूर्ण हिसाबहरू पहिला सिकिसकेपछि मात्र हाम्रो पाठ अगाडि बढाउनु जाती हुन्छ ।" तर रोकिन्छु किनकि उनीहरूको मुखैमा आइसकेको एसएलसी परीक्षाको सवाल छ । एसएलसी परीक्षामा केवल ३२ अङ्क प्राप्त गरी उत्तीर्ण गर्न मेरो भर परेका विद्यार्थीलाई म निराश र हतोत्साहित बनाउन पनि त सक्दिनँ । आफैँले हिसाब पूरा गरिदिन्छु –

$$\frac{१}{२}+\frac{१}{३}=\frac{१\times३+१\times२}{६}=\frac{३+२}{६}=\frac{५}{६}$$

अर्थात् $\frac{५}{६}$ काम गर्न १ दिन लाग्छ ।
अर्थात् दुवै मिली १ काम (पूरै काम) गर्न $\frac{१}{५/६}$ दिन वा $\frac{६}{५}$ दिन वा $१\frac{१}{५}$ लाग्छ ।

## प्राथमिक कक्षामा भिन्न शिक्षणका उद्देश्य

**कक्षा १**

१) $\frac{१}{२}$ र $\frac{१}{४}$ लाई जनाउन: छायाँ पारेका चित्रहरूलाई छुट्याई भिन्नमा लेख्न र विभिन्न आकृतिमा आधा र चौथाई $\frac{१}{२}$ र $\frac{१}{४}$ लाई छायाँ पारेर देखाउन ।

**कक्षा २**

१) $\frac{१}{२}$, $\frac{१}{४}$, $\frac{३}{४}$, $\frac{१}{३}$ र $\frac{२}{३}$ लाई छायाँ परेका चित्रहरूमा छुट्याउन तथा $\frac{१}{२}$, $\frac{१}{४}$, $\frac{३}{४}$, $\frac{१}{३}$, $\frac{२}{३}$, $\frac{१}{१०}$ लाई छायाँ पारेर देखाउन ।
२) छायाँ परेका चित्रलाई (आधा, चौथाइ, तीन चौथाइ, एक तिहाइ र दुई तिहाइ) गणितीय भाषामा लेख्न ।

**कक्षा ३**

१) समान हर भएका भिन्नहरूको क्रम मिलाउन ।
२) समान हर भएका भिन्नहरूको जोड र घटाउ गर्न (मिश्रित सङ्ख्याको प्रयोग नहुने गरी)

**कक्षा ४**

१) समान हर भएका भिन्न सङ्ख्याहरूको जोड र घटाउ गर्न ।
२) असमान हर भएका भिन्नलाई समान हरमा बदल्न (दुईवटा मात्र भिन्न समावेश भएका समस्या मात्र) र ठूलो र सानो छुट्याउन ।

**कक्षा ५**

१) मिश्रित सङ्ख्या र अनुपयुक्त भिन्नहरूलाई एकअर्कामा रुपान्तर गर्न ।
२) मिश्रित सङ्ख्याको जोड र घटाउ (दुईओटा) हिसाब गर्न र भिन्नका सरल गुणन गर्न ।
३) भिन्नसम्बन्धी जोड र घटाउका सरल व्यावहारिक समस्याहरू हल गर्न ।

यो हिसाब शुरुमा म आफैँले गरिदिएको भए लगभग ४५ सेकेण्ड भन्दा कम समयले पुग्ने थियो । तर अहिले यसको लागि ४५ मिनेटभन्दा बढी समय खर्च भइसकेको छ । म भारी मन लिएर कक्षाबाट बाहिरिन्छु । गन्ती गरेको त छैन, तर जहाँसम्म लाग्छ, म कक्षाबाट आत्मसन्तुष्टि लिएर निस्केको भन्दा भारी मन लिएर निस्केका दिनहरूकै सङ्ख्या बढी हुने गरेका छन् ।

प्राथमिक तहको पाठ्यक्रमअनुसार लेखिएका पाठ्यपुस्तक अध्यापन हुने विद्यालयबाटै प्राथमिक तहको अध्ययन पूरा गरी विद्यार्थीले अङ्कगणितको आधारभूत ज्ञानअन्तर्गत कक्षा १ देखि नै भिन्नको ज्ञान हासिल गर्न थालेका हुन्छन् । उनीहरू कक्षा ५ सम्म आइपुग्दा मिश्रित सङ्ख्या र अनुपयुक्त भिन्न प्रयोग भएका जोड र घटाउका सरल व्यावहारिक समस्याहरू हल गर्न सक्षम भइसक्ने उद्देश्य हाम्रो प्राथमिक तहको पाठ्यक्रमले राखेको छ । *(हे. बक्स)*

# विधा–विश्लेषण

यसका साथै प्राथमिक तहको पाठ्यक्रमले निम्नानुसार दुईवटा रणनीति पनि लिएको छ–

१) कक्षा ५ पछि पढाइ छोड्ने विद्यार्थीहरूका लागि उनीहरूको दैनिक जीवनमा आउने क्रियाकलापहरू सञ्चालन गर्न र आइपर्ने समस्याहरू समाधानका लागि आवश्यक आधारभूत न्यूनतम गणितीय ज्ञान, सीप र अभिवृद्धिको विकास गराउने

२) कक्षा ५ को पढाइपछि कक्षा ६ मा पढ्ने विद्यार्थीहरूका लागि पूर्वाधारको रूपमा आवश्यक गणितीय ज्ञान र सीपको विकास गराउने ।

तर एसएलसीको तयारी गर्ने मेरा विद्यार्थीहरूमा न त पाठ्यक्रमले राखेका उद्देश्यहरूको नै कुनै छेउटुप्पो भेटिन्छ न पाठ्यक्रमले अवलम्वन गरेका रणनीतिहरूको नै कुनै साइनो जोडिएको छ ।

माथिको प्रसङ्ग विषय प्रवेश गर्नको लागि मात्र उठान गरिएको हो । यस्ता कैयौं सन्दर्भहरू हाम्रा कक्षाहरूमा भेटिन्छन् जसको कारणले एसएलसीको तयारी कक्षामा विद्यार्थी र शिक्षकको ५० प्रतिशतभन्दा बढी समय खेर जाने गर्दछ । यस्ता कैयौं गौंडाहरूमा विद्यार्थीलाई ठेस लाग्ने गर्दछ जसलाई प्राथमिक तहमा नै सम्याइनुपर्ने थियो । जग बलियो नहुँदा घरको जुन नियति हुन्छ, प्राथमिक तहमा गणितका आधारभूत ज्ञान र सीप हासिल हुन नसक्दा निम्नमाध्यमिक र माध्यमिक तहमा विद्यार्थीले सोही नियति भोग्नुपर्छ ।

विद्यालय तहमा विद्यार्थीहरूले प्राप्त गरेको शैक्षिक उपलब्धिहरूको मानकको रूपमा एसएलसी परीक्षाका नतिजालाई लिने गरिएको छ । तर, गणित विषय अरू जस्तो सोही कक्षामा पठनपाठन हुने पाठ्यवस्तु मात्र अभ्यास गरेर त्यसकै आधारमा परीक्षामा लेखेर उत्तीर्ण हुने विषय होइन । एसएलसी परीक्षामा कक्षा १० बाट मात्र प्रश्नहरू सोधिन्छ भन्ने भ्रम विद्यार्थी, अभिभावक, शिक्षकलगायत सम्पूर्ण सरोकारवालाहरूमा रहेको पाइन्छ । तर, वास्तविकता के हो भने, एसएलसी परीक्षामा सोधिने गणितको प्रश्नपत्र कक्षा १ देखि कक्षा १० सम्मको पाठ्यवस्तुहरूको समष्टी योग हो ।

## दृष्टान्त १

### एसएलसी पूरक परीक्षा (२०६६)मा सहभागी परीक्षार्थीहरूको विवरण

| क्र.सं. | विषय | परीक्षार्थी सङ्ख्या |
|---|---|---|
| १. | अङ्ग्रेजी | ५५,११८ |
| २. | गणित | ४६,६२० |
| ३. | विज्ञान | २७,१०४ |

*स्रोत: गोरखापत्र, २०६७ साउन ३१ गते*

### किन यस्तो भइरहेको छ ?

हाम्रो सामुन्नेमा भएको यथार्थ तस्विर हो यो । यसका पछाडि धेरैवटा दृश्य वा अदृश्य कारणहरू हुन सक्लान् । तर कतिपय सन्दर्भहरूलाई देखे पनि जिम्मेवार व्यक्ति वा निकायहरूबाट आँखा चिम्लिइन्छ भने कतिपय अवस्थामा देखेर पनि आँखा चिम्लनुपर्ने बाध्यता पनि छ । केही दृष्टान्तहरू यहाँ प्रस्तुत गर्ने प्रयास गरिएको छ–

विगतदेखि वर्तमानसम्मकै एसएलसी परीक्षाको नतिजा विश्लेषण गर्ने हो भने सर्वाधिक विद्यार्थी अङ्ग्रेजी, गणित र विज्ञान विषयमा अनुत्तीर्ण हुने गरेका छन् । प्राय: सबैजसो सरकारी विद्यालयहरूमा नेपाली माध्यममा अध्ययन-अध्यापन गरिने हुँदा भाषागत कठिनाईका कारण उक्त विद्यालयहरूमा प्राय: अङ्ग्रेजी विषयमा अनुत्तीर्ण हुने गर्छन् भन्ने कुरा अधिकांश निजी विद्यालयको नतिजाले प्रस्ट पार्दछ । अङ्ग्रेजी माध्यमका निजी विद्यालयमा विद्यार्थीहरू अङ्ग्रेजीमा कमै मात्र अनुत्तीर्ण हुने गरेका छन् भने तिनका अनुत्तीर्णमध्ये अधिकांश गणित र विज्ञानमा अनुत्तीर्ण हुने गरेका छन् । विषयगत गहनताको कारणबाट सामुदायिक विद्यालयहरूमा गणित र विज्ञानमा अनुत्तीर्ण हुने विद्यार्थीको सङ्ख्या पनि अङ्ग्रेजीकै हाराहारीमा हुने गर्छ । यी विषयहरूमा उत्तीर्ण भएर पनि अन्य विषय अनुत्तीर्ण भएको कारणले अर्को वर्ष कुर्नुपर्ने अवस्था अपवादमा मात्र आउला ।

यो तथ्यलाई शिक्षा मन्त्रालय र यसअन्तर्गतका पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, परीक्षा नियन्त्रण कार्यालयलगायतका निकायहरूले समेत स्वीकार गरेका छन् । यी विषयमा किन सधैं विद्यार्थी अनुत्तीर्ण हुन्छन् भन्ने विषय समेतलाई आफ्नो अध्ययनको विषय बनाएर केही वर्ष अगाडि शिक्षाविद् केदारभक्त माथेमाको संयोजकत्वमा गठित कार्यदलले महत्त्वपूर्ण सुझावसहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो । जसअनुसार पाठ्यक्रममा समसामयिक सुधार गरी परीक्षा प्रणालीमा लचिलोपन अपनाउन केही पहल पनि गरियो । तर ती पहल र प्रयासहरू समस्याको चुरो पहिल्याएर आमूल सुधार गर्नको लागि नभएर टालटुले समाधानमा मात्र सीमित भएका छन् । शिक्षामा आमूल सुधारसहितको परिवर्तन गर्न दृढ इच्छाशक्तिसहितको शैक्षिक नेतृत्व सधैं खट्किने गरेको छ । विभिन्न निकायहरूमार्फत रेडियो, टेलिभिजन र पत्रपत्रिकाको माध्यमबाट सहयोगी कक्षाहरू सञ्चालन गर्ने र एसएलसी परीक्षाको लागि सहयोगी सामग्री (गाइड) छापेर वितरण गरी परीक्षामा राम्रो नतिजा ल्याउने कुरामा प्रयासलाई केन्द्रित गर्ने गरिएको छ । सकेसम्म धेरै विद्यार्थी उत्तीर्ण गराई शिक्षाको गुणस्तर अभिवृद्धि भएको देखाउन नितान्त रूपमा नतिजामुखी परीक्षाप्रणाली अवलम्वन गर्ने गरिएको छ । पिलो निचोरेर सधैंको लागि घाउ निको बनाउन होइन, घाउबाट नमीठो दुर्गन्ध नफैलियोस् भनेर विभिन्न दातृनिकायहरूको समेत सहयोगमा बहुमूल्य अत्तर छर्कने काममा हाम्रा सम्बन्धित निकायहरूको ऊर्जा खर्च हुने गरेको छ ।

## दृष्टान्त २

### विद्यालयमा रहने शिक्षक दरबन्दी

"(घ) माध्यमिक विद्यालयमा

१. ८ कक्षादेखि १० कक्षासम्म सञ्चालन भएको विद्यालयमा माध्यमिक तहका पाँचजना शिक्षक

२. ६ कक्षादेखि १० कक्षासम्म सञ्चालन भएको विद्यालयमा देहायबमोजिमका कम्तीमा नौजना शिक्षक:-

(१) अङ्ग्रेजी मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना
(२) **विज्ञान वा गणित मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना**
(३) नेपाली मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना
(४) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना
(५) अन्य ऐच्छिक विषयको लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना
(६) विज्ञान वा गणित मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एकजना
(७) अङ्ग्रेजी मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एकजना
(८) अन्य विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको दुईजना

३. ................................"

*स्रोत: शिक्षा नियमावली, २०५९, अनुसूची-१२ (नियम ९२ सँग सम्बन्धित)*

रुट्ट हेर्दा त्यति ठूलो नदेखिने साथै विद्यमान नियमको कारणबाट काम गर्नमा कुनै अड्चन आएको नपाइए तापनि गणित र विज्ञान विषयको विषयगत गहनतालाई हाम्रा नीति निर्माताहरूले कति हलुको रूपमा लिनुभएको छ भन्ने कुरा दृष्टान्त १, २ र ३ को तुलनात्मक अध्ययनबाट बुझ्न सकिन्छ। शिक्षा नियमावलीको अनुसूची १२ को बुँदा (घ) मा गरिएको व्यवस्थाअनुसार माध्यमिक तहको पाठ्यक्रममा समावेश गरिएका विषयहरू अध्यापन गर्न अङ्ग्रेजीको लागि एक जना, नेपालीको लागि एकजना, सामाजिकको लागि एकजना तथा विज्ञान र गणितको लागि एकजना विषयगत शिक्षकहरू रहनुपर्ने व्यवस्था गरिएको छ। नियमावलीको यस व्यवस्थाबाट हाम्रा नीति निर्माताहरूले के कुरा बुझ्नुभएको प्रस्ट हुन्छ भने-

१. गणित र विज्ञान दुईवटा विषयहरू फरक विषय नभई दुवै विषयहरू एउटै विषयका शाखा मात्र हुन्।
२. गणित र विज्ञान विषय अध्यापन गर्न एकजना मात्र शिक्षक पर्याप्त छ।
३. गणित र विज्ञान विषय एउटै पिरियडमा अध्ययन-अध्यापन गर्न/गराउन पनि सकिन्छ।
४. विज्ञान मूल विषय लिई स्नातक उत्तीर्ण गरेको शिक्षकले गणित विषय स्वत: अध्ययन गरेको हुन्छ।
५. गणित मूल विषय लिई स्नातक उत्तीर्ण गरेको शिक्षकले विज्ञान विषय पनि स्वत: अध्ययन गरेको हुन्छ।

**धेरै विद्यार्थी उत्तीर्ण गराई शिक्षाको गुणस्तर अभिवृद्धि भएको देखाउन नतिजामुखी परीक्षाप्रणाली अवलम्वन गर्ने गरिएको छ। तर, यो भनेको पिलो निचोरेर सधैँको लागि घाउ निको पार्ने होइन कि घाउबाट दुर्गन्ध नफैलियोस् भनेर बहुमूल्य अत्तर छर्कनु जस्तै हो।**

## दृष्टान्त ३

### पाठ्यक्रमको ढाँचा

| सि.नं. | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १. | नेपाली | ५ | १०० |
| २. | अङ्ग्रेजी | ५ | १०० |
| ३. | गणित | ५ | १०० |
| ४. | विज्ञान | ५ | १०० |
| ५. | सामाजिक अध्ययन | ५ | १०० |
| ६. | स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा | ४ | १०० |
| ७. | ऐच्छिक प्रथम पत्र | ५ | १०० |
| ८. | ऐच्छिक द्वितीय पत्र | ५ | १०० |
| जम्मा | | ३९ | ८०० |

*स्रोत: माध्यमिक शिक्षा पाठ्यक्रम, २०५५/२०६४*

यसरी गणित र विज्ञान दुईवटा विषय अध्ययनका फरक फरक क्षेत्र हुन् र माध्यमिक तहमा शिक्षकको दरबन्दी व्यवस्था गर्दा गणित र विज्ञान दुवै विषय अध्यापन गर्नको लागि दुईजना नै शिक्षक दरबन्दीको व्यवस्था गरिनुपर्छ भन्ने कुराको सामान्यज्ञान समेत राख्न नसक्ने नीतिनिर्माताहरूबाट उक्त विषयहरूको गहनतालाई आत्मसात् गरी सोही अनुसारको नीति निर्माण होला भन्ने आशा गर्नु त्यति युक्तिसङ्गत नहोला। तर्क गर्न सकिएला, गणित र विज्ञान एकअर्कासँग अन्तरसम्बन्धित भएकाले यस्तो व्यवस्था गरिएको हो भनेर। त्यसो हो भने अनिवार्य विषयहरू अङ्ग्रेजी र नेपाली दुवै भाषाका विषय भएकाले *'अङ्ग्रेजी वा नेपाली मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना'* भन्ने व्यवस्था गरियो भने कस्तो कुरुप देखिँदो होला?

## दृष्टान्त ४

### विद्यालय शिक्षकलाई समाजले हेर्ने दृष्टिकोण

*शिक्षक* मासिक मङ्सिर २०६५ को आवरण आलेख "गतिला शिक्षक गतिलै पढाइ" मा देशकै उत्कृष्ट गणित शिक्षकहरूको रूपमा महालक्ष्मी मा.वि. ललितपुरका राजेन्द्र तिमिल्सिना, पब्लिक उ.मा.वि. धरानका सन्तोषकुमार रेग्मी, महेन्द्रबोधी उ.मा.वि. तानसेनका केशव के.सी.को बायोग्राफी समेटिएको छ। उहाँहरूले पढाएका विद्यार्थीले एसएलसी परीक्षामा पूर्णाङ्क वा सोको हाराहारीमा अङ्क प्राप्त गरेका र गणित विषयमा विद्यालयको नतिजा समेत शतप्रतिशतको हाराहारीमा रहेकाले उहाँहरू 'उम्दा र गतिला' शिक्षकको श्रेणीमा *शिक्षक* ले राखेको छ। राम्रो कुरालाई राम्रो नै भनिनुपर्छ, यो अत्यन्तै सकारात्मक कुरा हो। तर ती विद्यालयहरूको प्रशासनिक र व्यवस्थापकीय प्रभावकारिता कस्तो रहेको छ, निम्न माध्यमिक र प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकहरू कति 'उम्दा र गतिला' छन्, विद्यालयमा अपनाइने परीक्षा र मूल्याङ्कन प्रणाली

## विधा–विश्लेषण




कति प्रभावकारी छ, विद्यार्थी, शिक्षक र अभिभावकबीचको सहसम्बन्ध कस्तो छ, अन्य विषयमा पठनपाठनको स्तर कस्तो छ लगायत विद्यार्थीहरूले प्राप्त गर्ने नतिजामा प्रत्यक्ष रूपमा प्रभाव पार्ने विविध पक्षहरूप्रति भने *शिक्षक* ले पूरापूर आँखा चिम्लिएको छ ।

सोही आलेखमा उल्लिखित जन उ.मा.वि. सुर्खेतका विज्ञान शिक्षक पूर्ण नेपालीको विचार– "स्तरीय शिक्षाका लागि प्रभावकारी विद्यालय प्रशासन चाहिन्छ, शिक्षकलाई तलब खुवाएर मात्र पुग्दैन ।" केशव के.सी.को विचार– "सानैदेखि गणितको अवधारणा बुझाउन सकियो भने विद्यार्थी पछिसम्म पनि सिक्न उत्सुक हुन्छन्" लाई *शिक्षक* ले समेत गम्भीरताका साथ मनन् गरेको पाइएन । गणित शिक्षणका समस्याको बारेमा *शिक्षक* कै पुस २०६५ अङ्कमा छापिएको डा. टङ्कनाथ धमलाको विश्लेषणात्मक लेख आजका दिनमा पनि उत्तिकै ताजा छ ।

परीक्षामा विद्यार्थीले प्राप्त गर्ने अङ्कको विश्लेषण गरी राम्रो नतिजाको पगरी माध्यमिक शिक्षकलाई मात्र गुथाइँदा माथि उल्लेख गरिएका अन्य पक्षहरू माथि घोर अन्याय हुन जान्छ भन्ने कुरा *शिक्षक* ले बुझ्नु आवश्यक छ । विद्यार्थीले अपेक्षाकृत राम्रो नतिजा ल्याउन नसक्दा महालक्ष्मी मा.वि.का तत्कालीन गणित शिक्षक पुरुषोत्तम नेपालले जस्तो *शिक्षक* मासिकमार्फत सार्वजनिक रूपमा अपमानित हुनुपर्ने अवस्था शिक्षकको अध्यापकीय क्षमताको सही मूल्याङ्कन हुन सक्दैन । *शिक्षक* मासिकको विश्लेषण त वास्तविक गहिराइसम्म पुग्नसकेको छैन भने सर्वसाधारणले कसरी समस्याको जड खोतल्ने प्रयास गर्न सक्लान् ? मावि तहमा पढाउने बिचरो एउटा गणित शिक्षक जतिसुकै 'उम्दो र गतिलो' भए पनि समग्र शैक्षिक वातावरण शिक्षणमैत्री भएन भने ऊसँग मात्र परीक्षाको नतिजा सुधार गर्ने के त्यस्तो जादुको छडी हुन्छ र ? शिक्षकमा प्रभावकारी अध्यापकीय क्षमता हुनुपर्ने कुरा त पहिलो अपरिहार्य शर्त नै हो त्यसमा कसैको दुईमत हुनुहुँदैन तर पठनपाठनमा प्रभाव पार्ने समग्र पक्षहरू शिक्षणमैत्री भइदिएनन् भने जतिसुकै 'उम्दा र गतिला' शिक्षकको पनि अध्यापकीय क्षमताले समेत प्रस्फुटित हुने अवसर नै नपाउन सक्छ भन्ने कुरामा सम्बन्धित सबैको ध्यान जानु नितान्त आवश्यक छ ।

**(लेखक नवयुग माध्यमिक विद्यालय, जैसीदेवल, काठमाडौंका गणित शिक्षक हुन् ।)**



# नेपाल टेलिभिजनको साँढे दुई दशक
# नेपालमा टेलिभिजन प्रसारणको पच्चीस वर्ष

Silver Jubilee Year 2010

विश्वसनीय समाचार

भाषिक-सांस्कृतिक विविधताको सजीव तस्बिर

स्वस्थ मनोरञ्जन

स्वतन्त्र आमसञ्चार: बहुलवादको प्रतिबिम्ब

समग्र नेपालको आवाज

नेपाली टेलिभिजन च्यानहरुबीचको प्रतिस्पर्धामा अग्रणी, अगुवा र अथक

भोलाप्रसाद  दाहाल



# पुस्तकभन्दा पाठ्यक्रम हेरौं !

१७ वर्षको उमेरदेखि लगातार १० वर्षसम्म शिक्षक पेशामा जीवन बित्यो । रामेछापको दूरदराजमा रहेको गुम्देल गाविस-१ को हिमालय प्रावि, लाहाछेवरदेखि हेटौंडाको प्रगति माविसम्म र काठमाडौंका केही विद्यालयहरूमा पनि पढाउने काम गरें । विद्यालयमा पढाउँदा शिक्षकको परिभाषा र जिम्मेवारीको ज्ञान ममा थिएन । बाल विकास र सिकाइका चरणहरूको जानकारी हुनु त धेरै टाढाको कुरा थियो । आफूले अध्ययन गर्दाका केही राम्रा शिक्षकहरूको अनुकरण गर्दै पढाउने काम प्रारम्भ भयो ।

नेपालीका अध्यापक धर्मानन्द वाग्लेको मीठो वचन, लययुक्त पठनपाठन, विद्यालयमा मात्र होइन कक्षाकोठामा पनि नियमित उपस्थिति हुने र सुधारात्मक गृहकार्यको व्यवस्थापन आजसम्म पनि सम्झनलायक छन् । उहाँको विज्ञता, लगनशीलता र सरल सिकाइले आजसम्म पनि नेपाली लेखन र व्याकरणमा मेरो हात-कलम चलेको छ । उहाँको गुणबाट प्रभावित भई शिक्षक हुँदा कक्षाकोठामा नियमित उपस्थित हुने र विद्यार्थीको सहभागितामा पठनपाठनका गतिविधि सञ्चालन गर्ने बानीको विकास भयो ।

विद्यालयका प्रधानाध्यापक एवम् गणित शिक्षक कृष्णबहादुर बुढाथोकीको विद्यालय परिसरको भ्रमण, कक्षाकोठाको अवलोकन, शैक्षिक सामग्रीको रूपमा स्थानीय चिजबिजको प्रयोग, विद्यार्थीलाई कालोपाटीमा हिसाब गर्न लगाउने तरिका, कक्षा कार्यमा उत्प्रेरणात्मक तथा प्रतिस्पर्धात्मक बालकेन्द्रित विधि, नियमित कक्षा कार्य र गृहकार्यको परीक्षण, कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन गर्ने परिपाटीले गणित शिक्षक बन्ने हौसला जगाएको थियो । बुढाथोकी सरले विद्यार्थीकालमा कक्षाकोठा अगाडि बोलाएर हिसाब गर्न लगाउँदा प्रारम्भमा डर लागे पनि विस्तारै म पनि शिक्षक बन्न सक्छु भन्ने विश्वास बढ्यो । गणित सजिलो लाग्दै गएपछि गणित पढाउन प्रारम्भ गरें । मानविकीमा प्रमाणपत्र र व्यवस्थापनमा स्नातक गरे पनि माध्यमिक तहको गणित पढाउन समेत विद्यालयले जिम्मेवारी दियो । गणितलाई घरपरिवारको मासिक बजेट, दैनिक खर्चको हिसाबकिताब र छिमेकीसँगको लेनदेनलाई अङ्कगणितका पाठहरूमा जोड्दा विद्यार्थीले सजिलै बुझ्दा रहेछन् । कक्षाकोठा, पाठ्यपुस्तक र विद्यार्थीलाई नै पनि शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिँदो रहेछ ।

शिक्षकले पाठ्यपुस्तकको सट्टा पाठ्यक्रमलाई आधार बनाउँदा शिक्षित बेरोजगार युवा उत्पादन गर्ने कार्य रोकिएर रुपान्तरण गर्ने अगुवा युवा दस्ताको उत्पादन शुरु हुन सक्छ ।

खेलकुद शिक्षकको खेलमैदानमा सिकाउने तरिका र कक्षाकोठाभित्र पढाउने शैलीमा तालमेल देखिन्थ्यो । ती शिक्षकले मध्यान्तरमा सधैं भलिबल, डोरी, रिङ र एथलेटिक्सका खेलहरूमा कक्षागत पालो लगाएर विद्यार्थीसँगै खेल्ने र खेलाउने तथा सिकाउने बानीले ती शिक्षकसँग सबै विद्यार्थी नजिक थिए । खेलाडीहरूको राम्रो पक्ष, विधि र तरिकालाई सधैं ती शिक्षकले छलफल गराउँथे र राम्रा सीपको प्रयोग बढाउन विद्यार्थीलाई हौस्याउँथे । यसबाट हरेक विद्यार्थीको इच्छा, रुचि र सिकाइ क्षमता फरक हुन्छ र सो अनुसार सिकाइमा विद्यार्थीलाई उत्प्रेरित गर्नु शिक्षकको कर्तव्य रहेछ भन्ने थाहा भयो । खेल विद्यार्थीले नै खेल्ने र शिक्षकले बाहिरबाट हौसला दिने र रणनीति बनाउन परामर्श गर्ने प्रक्रियाले शिक्षकको काम विद्यार्थीलाई कक्षाकोठाभित्र र विद्यालय परिसरमा सिक्ने वातावरण बनाउन सहयोग गर्ने सहजकर्ता रहेको ज्ञान दियो । खेलकुदमा खेलाडी खेलमैदानमा नायक भए जस्तै पढाइमा विद्यार्थी नायक रहने बालकेन्द्रित सिकाइलाई प्रवर्द्धन गर्ने विधि र सीप शिक्षक पेशा छोडेपछि मात्र जान्ने र बुझ्ने मौका पाइयो । शिक्षा विभाग, शिक्षक युनियन र सेभ द चिल्ड्रेनले संयुक्त रूपमा बालमैत्री शिक्षण विधिसम्बन्धी शिक्षक निर्देशिका नै प्रकाशनमा ल्याएका छन् । अहिले उक्त निर्देशिका र *शिक्षक* मासिकले शिक्षाको गुणस्तर सुधारमा बुटीको रूपमा काम गरिरहेको भान हुन्छ ।

विश्वविद्यालयको शोधार्थी बन्ने क्रममा शिक्षक र यसको भूमिका तथा विद्यार्थीको सिकाइसम्बन्धी दार्शनिक, सामाजिक, आर्थिक र प्राविधिक पक्षहरूको ज्ञान आर्जन हुँदैछ । त्यसको सीप त कक्षाकोठामा अभ्यास नगरी पूर्णता आउँदैन । शिक्षक सहजकर्ता अनि विद्यार्थी अन्वेषक भएर समाज अध्ययन गर्ने परिपाटीलाई शिक्षा भन्ने गरिन्छ । समाज बुझ्ने र बजारमा बिक्ने विद्यार्थी तयार गर्नु शिक्षाको काम हो । शिक्षाको केन्द्रबिन्दु विद्यार्थी हुन् । समाजको अध्ययन र विश्लेषण नै विद्यार्थीको पाठ्यक्रम हो । शिक्षक त्यसका सहजकर्ता मात्र हुन् । आफू विद्यार्थी हुँदा झैं अहिले पनि शिक्षकहरूले पाठ्यपुस्तक नै पढाउँछन् । त्यसैले, शिक्षक साथीहरूलाई मेरो आग्रह छ; आजैबाट किताब पढाउन छोडेर पाठ्यक्रमलाई कक्षा क्रियाकलापको आधार बनाउन प्रारम्भ गरौं ।

शिक्षकले पाठ्यपुस्तकको सट्टा पाठ्यक्रमलाई आधार बनाउँदा शिक्षित बेरोजगार युवा उत्पादन गर्ने कार्य रोकिएर रुपान्तरण गर्ने अगुवा युवा दस्ताको उत्पादन शुरु हुन सक्छ । यसका लागि धर्मानन्द गुरु र बुढाथोकी सर जस्ता शिक्षकहरू बन्नु र बनाउनुपर्छ । अक्षर चिन्ने मात्र होइन काम गर्ने सीप र श्रमको मूल्य सिकाउन गाउँकै मिस्त्री, अगुवा कृषक, गाविस सचिव, स्वास्थ्य कार्यकर्तालाई अतिथि शिक्षकको रूपमा प्रयोग गर्दा शिक्षा व्यावहारिक र कामयावी हुँदोरहेछ, क्याम्बोडियाको शिक्षा पद्धतिले यही सिकाउँछ । हरेक विद्यालयमा कक्षागत नर्सरी र करेसाबारी बनाई त्यहाँ उत्पादित बेर्ना विद्यार्थीलाई दिई अभिभावकसँगको सहकार्यमा घरघरमा करेसाबारी बनाउने अभियानले कृषिमा सुधार गर्न सकिँदोरहेछ ।



आर्थिक अभियान
अर्थ-राजनीतिक दैनिक
'आलुले सरकार ढाल्छ । कसरी ?
हरेक दृष्टि, 'आर्थिक कोण




# गभर्नर चेलाका सन्तोषी गुरु

२०२४ सालमा बनारसबाट बी.एस्सी. सकेर भर्खरै इलाम, करफोकस्थित घर फर्किएका थिए, एकराज अधिकारी। त्यहीवेला झापा, बुधबारेको बुद्ध आदर्श माविका प्रअ देवमणि ढकाल विज्ञान र गणित विषय पढाउने शिक्षक खोज्दै अधिकारीको घर पुगे। शिक्षक खोज्ने र शिक्षक बन्नेका बीचमा कुरा मिल्यो। एकराज इलामबाट झापा झरे।

झापाको बुद्ध आदर्श, त्रिभुवन निमावि र जनता माविमा ३८ वर्ष बिताउँदा एकराज अधिकारीले हजारौं छात्रछात्रालाई जीवनको बाटो देखाए। तर, आफूले पढाएका हजारौंमध्येका एक छात्र आज मुलुकको उच्च ओहोदामा पुगेको घटनाले उनलाई आफ्नो शिक्षण जीवन सार्थक भएको अनुभूति दिलाउने गरेको छ। अधिकारीको नजरमा नाचिरहेका उनका छात्र हुन् नेपाल राष्ट्र ब्याङ्कका गभर्नर डा. युवराज खतिवडा। खतिवडा ताप्लेजुङको भानु माविबाट कक्षा ६ उत्तीर्ण गरेपछि थप अध्ययनका लागि झापा झरेका थिए। एकराजले उनलाई बुद्ध आदर्शमा कक्षा ७ देखि १० सम्म गणित र विज्ञान पढाएका थिए। २०२८ सालमा बुद्ध आदर्शबाटै द्वितीय श्रेणीमा एसएलसी उत्तीर्ण गरेका युवराज आज राष्ट्रिय मुद्रामा हस्ताक्षर गर्ने पदमा पुगेका छन्।

एकराज सरको सम्झना अनुसार युवराज बाल्यकालदेखि नै भलाद्मी थिए। युवराजले स्कूलमा

> "आफूले पढाएको विद्यार्थीलाई बारम्बार टिभीमा देख्न पाउँदा मेरो छाती नै चौडा भएर आउँछ। उनले हस्ताक्षर गरेका नोट धेरै गरीब र दु:खीका हातमा परुन्, आज यही कामना गर्छु।"
>
> – शिक्षक अधिकारी

कुनै विद्यार्थीसँग झगडा गरेको थाहा छैन अधिकारीलाई। "युवराज उतिवेलै कम बोल्थ्यो, त्यो पनि मिजासिलो पारामा। युवराजमा अहिले पनि म त्यही बानीको झल्को पाउँछु", एकराज भन्छन्।

एकराजको मूल्याङ्कनमा मध्यमस्तरका छात्र थिए, युवराज। तथापि पढाइमा भने उनी निकै मेहनत गर्थे। सामान्यतया युवराज कक्षामा गयल भएको पनि एकराजलाई थाहा छैन। जिज्ञासु स्वभावका उनी शिक्षकलाई कक्षाकोठा बाहिर भेट्दा पनि नबुझेका/नजानेका पाठहरू सोध्ने गर्थे। प्रायः अघिल्लो बेन्चमा बस्थे। तर, उनी अरू विद्यार्थी भन्दा अग्लो भएकाले सधैं पछाडिबाट छेकियो भन्ने गुनासो आउँथ्यो। यस्तो गुनासो आएपछि एकराज युवराजलाई पछाडि बस्न भन्थे, उनी गुरुको आज्ञा शिरोपर गर्थे। वेला-वेलामा एकराज युवराजलाई भन्ने पनि गर्थे, "तिमी देशको गतिलो मान्छे बन्छौ।"

आफूले पढाएको चेलो आज गभर्नर जस्तो उच्च स्थानमा पुगेकोमा निकै गर्वित देखिन्छन्, एकराज अधिकारी। हर्षित मुद्रामा उनी भन्छन्, "स्कूलमा पढाउँदा आफूले कापी जाँचेपछि सही गरेर दिँदा युवराज औधी खुसी हुन्थ्यो। तर, आज उसले सही गरेको पैसा चलाउन पाउँदा गर्व लाग्छ।" आफूले पढाएका मध्ये युवराजलाई उनी सबैभन्दा सफल विद्यार्थी ठान्छन्।

गभर्नर खतिवडा पनि एकराज सरलाई एउटा 'कर्तव्यनिष्ठ शिक्षक'को रूपमा सम्झन्छन्। उनको सादा जीवन शैलीबाट आफू निकै प्रभावित भएको युवराजको कथन छ। एकराज सर साइकल चढेर स्कूल आउने-जाने गर्थे। कक्षामा नियमित उपस्थित हुन्थे। युवराज भन्छन्, "कतिपय शिक्षकहरू कक्षामा पूरा समय नबस्ने चरित्रका हुन्छन्। तर, उहाँले कहिल्यै त्यसो गर्नुभएन। उहाँको कक्षा खाली भएर चौरमा फूटबल खेल्न गएको मलाई याद छैन।" त्यतिवेला स्कूलमा विज्ञानको प्रयोगशाला त के सामान्य उपकरणसम्म पनि थिएनन्। त्यसको बाबजुद पनि एकराज सरले मेहनत गरेर विज्ञान पढाएको सम्झन्छन्, युवराज। उनी भन्छन्, "उहाँले तर्साएको र हप्काएको पनि मलाई थाहा छैन। आफूले जानेका कुरा इमानदारीपूर्वक सिकाउनुभयो। यो नै उहाँको महानता हो।" गभर्नर खतिवडाका अनुसार, विद्यार्थीसँग घुलमिल हुनसक्ने खुबी थियो, एकराज सरसँग। त्यसैले त उनी विद्यार्थीसँगै फूटबल खेल्न रुचाउँथे।

प्रथम श्रेणीमा एसएलसी पास गरेर आई.एस्सी. र त्यसपछि मेडिकल डाक्टर वा इञ्जिनियरको बाटो समात्नुपर्छ भनेर युवराजलाई सधैं प्रेरित गर्थे एकराज अधिकारी। तर, युवराज एसएलसीमा द्वितीय श्रेणीमा उत्तीर्ण भए। फलतः उनी उच्चशिक्षामा विज्ञान पढ्ने सपना त्यागेर अर्थशास्त्रतिर लागे।

युवराजले स्कूल छाडेयता यी शिक्षक-विद्यार्थीबीच दुई-तीन पटक मात्रै भेट भएको छ। राष्ट्रिय योजना आयोगको उपाध्यक्ष हुँदा चाहिँ युवराज आफ्नो सरलाई भेट्न उनको घरैसम्म गएका रहेछन्। एकराज भन्छन्, "त्यतिवेला म चारपाने गएको थिएँ। भेटै नभए पनि गुरु सम्झेर मेरो दैलोसम्म आए। यसैमा मलाई धन्य छ।"


गोरखापत्र अनलाइन

**"उहाँले तर्साएको र हप्काएको पनि मलाई थाहा छैन। आफूले जानेका कुरा इमानदारीपूर्वक सिकाउनुभयो। यो नै उहाँको महानता हो।"**

**– गभर्नर खतिवडा**

भेटघाट पातलो भए पनि गुरु-चेलाबीच वेला-वेलामा टेलिफोनमा कुराकानी भने भइरहने रहेछ।


युवराजले धेरैपटक गुरु एकराजलाई काठमाडौं बोलाएका छन्। तर, गुरुले भने चेलोको त्यो सत्कार ग्रहण गर्ने अवसर पाएका छैनन्। टेलिभिजनमा युवराजको अन्तर्वार्ता आउँदा बडो प्रसन्न भएर हेर्छन्, उनी। यसपालि हिउँदमा भने युवराजलाई राष्ट्र ब्याङ्कमै पुगेर भेट्ने योजना बनाएका छन् एकराजले। युवराजले बुद्ध आदर्शमा पढ्दा कच्ची रहेको बुधबारे-होक्से खण्डको पाँच किलोमिटर बाटो अझैसम्म पनि पक्की भएको छैन। युवराजलाई भेट्दा त्यही बाटो 'पिच' गराउनका लागि सरकारसँग पहल गरिदिन अनुरोध गर्ने सोचाइ बनाएका छन्, उनले।

आफ्ना गभर्नर चेलोप्रतिको अपेक्षा प्रकट गर्दै ६७ वर्षीय एकराज भन्छन्, "आफूले पढाएको विद्यार्थीलाई बारम्बार टिभीमा देख्न पाउँदा मेरो छाती नै चौडा भएर आउँछ। उनले हस्ताक्षर गरेका नोट धेरै गरीब र दुःखीका हातमा परुन्, आज यही कामना गर्छु।"

**चेतन अधिकारी/प्रमोद आयाम**

## नेपाल–अध्ययन

डा. तीर्थबहादुर श्रेष्ठ



# ओझेलमा नपरून् अर्ना !

**वन्यजन्तुका रूपमा शुद्ध नश्ल भएको अर्ना विश्वकै निम्ति दुर्लभ प्राणी हो । अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघको प्राविधिक मूल्याङ्कन अनुसार अर्ना अति सङ्कटापन्न प्राणीको कोटिमा परिसकेको छ । कोशी टप्पुको अर्ना हाम्रो राष्ट्रको अन्तिम अवशेषको रूपमा रहेको छ ।**

*त्रिलोकको रोगजस्तो असुर महिषासुर हुनगयो,*
*दया तीनलोकमाथि धरिकन त मारिदिनुभयो ।*

भगवती स्तोत्रका यस्ता श्लोक भट्याउँदै आएको पनि वर्षौं वर्ष भइसक्यो । तैपनि असुर र महिषासुरको पिरोलोबाट नेपाली समाज मुक्त हुनसकेको छैन । हत्या, हिंसा, आतङ्क र कोलाहल मच्चाउने महिषासुरहरूको खोजी गर्न छोडेर हामी नेपाली प्रत्येक दशैंमा निरीह प्राणीहरूको बध गरेर विजय मनाउँछौं । बन्दुक पड्काई-पड्काई हर्षोल्लासले बढाइँ पनि गर्छौं । निरीह अबोध राँगो र पाडाको शिर खुँडा र खुकुरीले छपक्क छिनालेर 'त्रिलोकको रोग जस्तो असुर महिषासुर' को बध भयो भन्ने भ्रम पालेर देवी भगवतीको पूजा गर्छौं । कहीं कसैसँग कतैबाट प्रतिवाद नगर्ने सुधो पाडोलाई कसरी महिषासुरको पगरी भिराइयो भन्ने कुराको वर्णन हाम्रो आफ्नै धर्म र संस्कृतिभित्र मौलाएको विकृतिले नै बयान गर्ला । आज यहाँ चाहिँ हामी महिषासुररुपी यस प्राणीको मौलिक स्वरुप 'अर्ना'को अस्तित्व संरक्षणबारे केही चर्चा गर्दछौं । किनभने, यो अति दुर्लभ प्राणीको संरक्षणमा यथायोग्य चर्चा हुने गरेको छैन ।

नेपालमा पाइने वन्यजन्तुहरूमध्ये सबैभन्दा मूल्यवान् सम्पदा अर्ना आज ओझेलमा पर्दै गएको छ । यो जीव पनि बाघ, गैंडा र हिमचितुवा जस्तै लोपोन्मुख अवस्थामा पुगिसकेको छ । नेपालमा यसको एउटा सानो समूह कोशी टप्पु वन्यजन्तु आरक्षभित्र मात्र सीमित छ । भारतमा, यिनीहरूको आरक्षण आसामको काजिरङ्गा राष्ट्रिय निकुञ्ज एवं मानस वन्यजन्तु

यात्रा थुलुङ



कोशी टप्पुको जङ्गली अर्ना ।

आरक्षमा हुँदै आएको छ । दक्षिण एवं दक्षिण-पूर्वी एसियाभरमा यो प्राणीको सङ्ख्या आज चार हजार पनि पुग्दैन । नेपालमा अर्नाको सङ्ख्या २२० को हाराहारीमा छ । लगभग ५० वर्ष पहिले नेपालमा अर्नाको सङ्ख्या २०/२५ मा झरिसकेको थियो । सन् १९७६ मा कोशी टप्पुको ६५ वर्ग किलोमिटरलाई आरक्ष घोषणा गरी यस प्राणीको संरक्षण गर्न थालिएको थियो । हाल यो आरक्षणले १७५ वर्ग किलोमिटर ओगटेको छ र यस वरपरको थप १७३ वर्ग किमीलाई मध्यवर्ती क्षेत्रको रूपमा व्यवस्थापन गरिएको छ ।

हिलो, धाप र सिमसार अनि पर्याप्त घाँसेमैदानको बाहुल्य भएको बासस्थान अर्नाको लागि उपयुक्त हुन्छ । वन्यजन्तुका रूपमा शुद्ध नश्ल भएको अर्ना विश्वकै निम्ति दुर्लभ प्राणी हो । अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (IUCN) को प्राविधिक मूल्याङ्कन अनुसार अर्ना अति सङ्कटापन्न प्राणीको कोटिमा परिसकेको छ । कोशी टप्पुको अर्ना हाम्रो राष्ट्रको अन्तिम अवशेषको रूपमा रहेको छ । यिनको भविष्य सुरक्षित तुल्याउन निकै चुनौतीहरूको सामना गर्नुपर्ने स्थिति छ । अर्नाको शुद्ध नश्लको सुरक्षामा सबैभन्दा ठूलो चुनौती पाल्तु भैंसीहरूसँग भाले अर्नाको संसर्गबाट जन्मेका पाडापाडी हुन् । त्यस्ता खच्चडा जन्तुहरू जङ्गली हुलमा मिसिन गएर शुद्ध अर्नाको लोप हुन जाने खतरातिर संरक्षणविद्हरू चिन्ता गर्दछन् । हुन पनि; सयौं पाल्तु भैंसी र राँगा तथा अरू चौपाया आरक्षभित्रको घाँसेमैदानमा चराउन ल्याइन्छन् । कोशी टप्पु आरक्षमा भारतबाट समेत सयौं गाईवस्तु र राँगाभैंसी चराउन ल्याउने गरेको पाइन्छ ।

पाल्तु होस् या जङ्गली दुवै प्रकारका राँगा-भैंसीलाई अङ्ग्रेजीमा पानी भैंसी (Water Buffalo) भन्ने चलन छ । पहिले वैज्ञानिक नाम पनि दुवैको एउटै बुबालस बुबालिस (Bubalus Bubalis) थियो । पछि आएर जङ्गली प्रजातिलाई बुबालस अर्नी (Bubalus arnee) भन्ने नाम स्थापित भएको छ । जे भनिए पनि पाल्तु र जङ्गलीको भिन्नता आकृतिमा ठूलो र शक्तिमा बलवान् तथा नरत्तिने स्वभाव नै टड्कारो हुने गरेको छ । एउटा वयस्क अर्ना झण्डै ९०० किलोग्राम तौलको हुन्छ । अर्नाको सिङ भने कीर्तिमानकै ठूलो हुन्छ । विश्वका जीवित चौपायाहरूमध्ये अर्नाको सिङ सबैभन्दा ठूलो मानिएको छ । दुई मिटरसम्म लामो सिङ पनि भेटिएको छ । कोशी टप्पुमा सन् १९९४ नोभेम्बर २० मा फेला परेको मृत अर्नाको सिङ २०३ सेन्टिमिटर लामो थियो ।

चेप्टो पाराले तीन धार परेको अर्नाको सिङ उँभोतिर फर्केर अर्धवृत्तमा फन्किएको हुन्छ । भीमकाय शरीर; कुनै पौराणिक अस्त्र जस्ता लाग्ने विशाल सिङ भएको टाउको, नाकका ठूलठूला पोराहरू र रातापिरा रिसाहा आँखाले गर्दा अर्नाको आकृतिमा महिषासुर गोचर हुनु अस्वाभाविक लाग्दैन । अर्नाको रिस र निर्भीक स्वभाव पनि असुर सुहाउँदो हुन्छ । जस्तै शक्तिशाली भएता पनि जब लामखुट्टेले यिनीहरूको सुरक्षा गर्न छोडे अर्थात् जब नेपालको मधेश तराईबाट औलो निर्मूल भयो; यिनको दुर्दशा पनि शुरु भयो । मानव अतिक्रमणबाट अर्नाको वासस्थान खुम्चँदै खुम्चँदै एउटा सानो आरक्षभित्र सीमित हुन पुगेको अवस्था छ ।

कोशी टप्पु वन्यजन्तु आरक्षको विशेष समस्या सप्तकोशीको बाढी हो । सन् १९६३ मा भएको कोशी व्यारेज र तटबन्धको निर्माणले यस क्षेत्रको पारिस्थितिकी प्रणालीमा ठूलो फेरबदल ल्याइदिएको छ । बाढी र डुबान क्षेत्र अधिक भइदिनाले अर्नालाई नकारात्मक असर पर्न गएको छ । तर खुल्ला जलाशय र सिमसार क्षेत्रको बाहुल्यले गर्दा पक्षी धनमा भने निकै सकारात्मक असर परेको छ । फलस्वरुप; कोशी टप्पु अर्नाका लागि भन्दा पक्षी सम्पदाका लागि विशेष रूपमा प्रख्यात हुन थालेको छ । तिहार र छठ पर्व सँगसँगै यो क्षेत्रमा हजारौं चराहरू हिमालपारिबाट हिउँद छल्न आइपुग्छन् । यहाँ ४८५ प्रजातिका चराहरू पाइएको अभिलेख छ । बर्सेनि नयाँ-नयाँ चरा थपिएको समाचार पनि सुन्न पाउँछौं । नेपालभरीबाट अभिलेख भएका चरा प्रजातिको सङ्ख्या ८६० नाघेको छ । तीमध्ये झण्डै ७४ प्रतिशत चरा प्रजाति कोशी टप्पुमा नै पाइन्छन् । त्यसका अतिरिक्त; यहाँ पचास हजार पानीहाँस एकै पल्ट विचरण गर्दछन् । चरा अवलोकनका लागि भूस्वर्ग नै मानिन्छ कोशी टप्पु । त्यसैले पनि कोशी टप्पुलाई अन्तर्राष्ट्रिय महत्त्वको सिमसार भनेर सन् १९८७ देखि नै रामसार अभिसन्धिले मान्यता दिइआएको छ । यहाँ आउने पर्यटकहरू पनि पक्षी विशेषका कारण आकृष्ट भएका हुन्छन् । तैपनि पर्यटकहरूको सङ्ख्या त्यति धेरै उत्साहजनक भने हुनसकेको छैन । आर्थिक वर्ष २०६४/६५ को तथ्याङ्क अनुसार जम्मा ४५७५ आगन्तुक आरक्ष भित्रिएका थिए । तीमध्ये ४२४० जना त नेपाली नै थिए । कोशी टप्पु जलचर, स्थलचर र नभचर सबैका लागि महत्त्वपूर्ण क्षेत्र हो । यहाँको जैविक विविधता दुर्लभ पशुपक्षीको दृष्टिले निकै उत्कृष्ट छ । तैपनि यस आरक्षले उचित बजार भने पाउन सकेको छैन ।

कोशी टप्पु नेपालको एक संवेदनशील एवं परिवर्तनशील भू-स्वरुप हो । हुन पनि काठमाडौं उपत्यका काटेपछि पूर्वको सम्पूर्ण भाग कोशीकै जलाधारभित्र पर्न आउँछ । त्यस हिसाबले ६०,४०० वर्ग किमी अर्थात् सम्पूर्ण नेपालको ४१ प्रतिशत जलाधार क्षेत्र कोशीले ओगटेको छ । त्यसमा तमोर, अरुण, इन्द्रावती, सुनकोशी, तामाकोशी, दूधकोशी र लिखु समेत ७ वटा नदीहरू मुख्य रूपमा प्रवाहित हुन्छन् । त्रिवेणीमा अरुण, सुनकोशी र तमोरको सङ्गमपछि बन्ने नदीलाई सप्तकोशी भन्दछौं । यसले वर्षौं वर्ष बाढी, कटान र डुबान गरी दुःख दिने हुनाले कोशी पश्चिममा सप्तअरी अर्थात् सात शत्रुले सताउने जिल्ला सप्तरी पर्दछ । पूर्वतिर भने सुन जस्तै धान फल्ने जिल्ला सुनसरी पर्न आउँछ । बाटो बदल्नमा अति सिपालु सप्तकोशीका पानीका धारहरूको इतिहास केलायौं भने भारतमा बिहारको पूर्णिया जिल्लामा सन् १७३६ देखि १९४९ को २१३ वर्षको अवधिमा सप्तकोशी नदी १०० किमिभन्दा बढी पश्चिम हटेको देखिन्छ ।

बदलिँदो भूपरिवेशमा अनुकूल जल, जमिन र सिमसारको आश्रयमा बाँच्दै आएको अर्नाको वासस्थान आजभोलि करोडौं मानिसको वस्ती र खेतीमा परिणत भइसकेको छ । अब मात्र १७५ वर्ग किमीको आरक्षभित्र यिनको अस्तित्व जोगाउनु आफैंमा ठूलो चुनौती बनेको छ । नेपालमा २२० वा सोभन्दा कम सङ्ख्यामा रहेको यो प्राणीले वास्तवमा गैंडा, बाघ, भालुले भन्दा बढी महत्त्व पाउनुपर्ने हो । किनभने यिनको वंशाणुगत सम्बन्ध दक्षिण एवं दक्षिणपूर्वी एसियाको अति महत्त्वपूर्ण पाल्तु चौपाया राँगा, भैंसीसँग जोडिएको छ । दुग्ध व्यवसायमा गाईलाई भैंसीले उहिल्यै जितिसकेको छ । यिनको संरक्षण र सम्बर्द्धनसँग हाम्रो आर्थिक विकास गाँसिएको छ । यिनको शिर छिनालेर महिसासुर मर्दैन । आजभोलि महिषासुर मानिसकै रूपमा अवतरण छन् । त्यसैले अबोध पशुको शिर छिनाएर महिषासुरको बध भयो भन्ने भ्रममा पर्दा वास्तविक महिषासुरहरू उम्कन नपाउन् ।

कक्षाकोठा

प्रा. भीमप्रसाद सुवेदी



# भूगोलको खोजखबर




रबिन सायमि

**भूगोल नक्सा अथवा एटलसमा कुनै निश्चित स्थान खोज्नु, त्यसको अक्षांश र देशान्तर तथा विस्तार पत्ता लगाउनु मात्र होइन। भूगोल त आफू बसेको स्थान र बाहिरी संसारको अन्वेषण हो। त्यसैगरी भौतिक पृथ्वीको वर्णन पनि। तर, हाम्रा विद्यालयका कक्षाहरुमा भूगोल विधालाई भौतिक जगतका तथ्य, महादेशीय विवरण तथा नक्सासम्बन्धी जानकारीमा सीमित गराइनाले विद्यार्थीहरु भूगोल विषयका बारेमा भ्रममा पर्ने गरेका छन्।**

भूगोल- जसलाई अङ्ग्रेजीमा ज्योग्राफी (Geography) भनिन्छ, एउटा बृहत् र सीमाविहीन झैं लाग्ने विषय हो। यसलाई मानिसले भिन्न-भिन्न समय र स्थानमा भिन्न-भिन्न कुरा बुझाउने विषयवस्तुका रूपमा अर्थ्याउने गरेका छन्। आर.जे. जोन्स्टन लगायतद्वारा सम्पादित *'ए डिक्सनरी अफ ह्युमन ज्योग्राफी'* मा डेभिड लिभिङस्टोनले भूगोलको इतिहाससम्बन्धी लेख यसरी नै शुरु गरेका छन्। उनी अगाडि लेख्छन्, "यस्तो अवस्थामा भूगोलको इतिहास लेखन कहाँबाट र केबाट शुरु गर्ने भन्ने कुरामा सर्वसम्मतिको सम्भावना छैन। तर पनि लेख्नै पर्ने अवस्थामा एक स्वतन्त्र शैक्षिक विधाको रूपमा यसको वर्णन शुरु गर्दा उन्नाइसौं शताब्दीको मध्यतिर प्राज्ञिक ज्ञानको व्यवसायीकरणको विश्वव्यापी माहोलभित्रबाट खोज्नुपर्ने हुन्छ।"

कहिलेकाहीं भन्ने गरिन्छ; भूगोल भनेको 'भूगोलविद्हरूले जे गर्छन् त्यही हो।' अर्थात् भूगोललाई कुनै परिभाषाभित्र बाँध्न सजिलो छैन। त्यसमा पनि भौतिक र सामाजिक विज्ञानबीचको पुलको रूपमा विकास गर्न खोजिएको विषयको सन्दर्भमा त यो कार्य झनै कठिन हुन्छ। त्यसैले पनि यो विषयसँग सम्बन्धित तीन वटा मूल प्रश्नको सर्वस्वीकार्य उत्तर अहिलेसम्म आउन सकेको छैन। ती तीन प्रश्न हुन्: भूगोलवेत्ता के हुन्? भूगोलवेत्ता के गर्छन्? र, यो विश्व अर्थात् दुनियाँलाई उनीहरूले कसरी अध्ययन गर्नुपर्छ?

अनुसन्धान र विश्लेषण गर्दै जाने हो भने भूगोलका सयौं परिभाषा र ती परिभाषाका सीमाहरू पनि भेटिने छन्। तर यो लेख भूगोलको शास्त्रीय परिभाषातिर प्रवेश गर्नेभन्दा पनि भूगोललाई भिन्न व्यक्ति, भिन्न समय र भिन्न ठाउँमा कसरी बुझ्ने गरिएको छ र यो विषय के हो? भन्ने दिशातर्फ डोरिएको छ।

## समसामयिक नेपाली प्रसङ्गमा भूगोल

*"गोल-भूगोलका विभिन्न स्थानबाट उच्च शिक्षाको अभिलाषा लिई यस विश्वविद्यालय क्याम्पसमा पाल्नुभएका सम्पूर्ण विद्यार्थी साथीहरूमा शैक्षिक सफलताको कामनासहित अनेरास्ववियु (क्रान्तिकारी) त्रिवि कमिटी हार्दिक स्वागत तथा शुभकामना व्यक्त गर्दछ।"*

माथिको उद्धरण त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरको प्रवेशद्वारमा टाँगिएको तुलबाट लिइएको हो। सडकमाथि वारपार ढाक्ने गरी टाँगिएको यो तुलको स्वागत स्वीकार नगरी त्यहाँ प्रवेश गर्नै सकिँदैन। भूगोलको प्राध्यापकका हैसियतले मलाई तुलको "गोल-भूगोलका विभिन्न स्थानबाट..." वाक्यांशले सधैं रुस्काउँछ। कहिले आफ्नो विषय 'भूगोल' कति व्यापक रहेछ भनी दङ्ग पर्छु। अनि कहिले चाहिँ मेरो विषयको कसरी खिल्ली उडाउन सकेका होलान् भन्ठान्छु। कहिलेकाहीं मनमनै रिसाउँछु पनि कत्ति नबुझिकनै 'भूगोल' प्रयोग गरेको देखेर। तुलको स्वागतले ममा तरङ्ग ल्याइदिन्छ सधैं तर आफ्ना सहकर्मी र विद्यार्थी साथीभाइ/बहिनीहरूसँगका जम्काभेटले भने मलाई खिन्न तुल्याउँछ। किनकि सबैको गुनासो हुन्छ- 'भूगोल किन

उकालो लाग्न सकेन ? किन ओरालो लाग्यो ? विद्यार्थी घटे, राज्यले चिनेन, अग्रजले ध्यान दिएनन्' आदि आदि । यो स्वागत तुल केटाकेटी नै छ उमेरले । तैपनि यो तुलले मलाई प्रत्येक दिन भूगोलको सम्झना गराएरै छाड्छ ।

यो विषयका अध्येताभन्दा बाहिरका पारखीहरूले 'भूगोल'लाई कसरी बुझ्ने र प्रयोग गर्ने गरेका छन् त ? थप केही प्रसङ्गहरू हेरौं ! केही महिना अगाडि प्रकाशित कनकमणि दीक्षितको *'देखेको मुलुक'* (२०६६) नामक पुस्तकमा 'लिलीभीर' शीर्षकको लेख छ । त्यहाँ सो भीरसँग भरियाको जीवनयात्रालाई जोड्दै उनी लेख्छन्, "गरिबी र पहाडे भूगोलमा भरियाको इतिहास र कहानी लुकेको छ । भारी बोक्ने तरिका, यसको चिकित्सकीय र समाजशास्त्रीय पक्ष आदिबारे अनुसन्धान, लेखन र विश्लेषण पुगेको छैन... ।"

नेपालका प्रसिद्ध भूगोलविद् डा. हर्क गुरुङको *'विषय विविध'* (डिसेम्बर २००६) नामक पुस्तकको परिचय लेख्ने क्रममा डा. तीर्थबहादुर श्रेष्ठले भूगोललाई विविध रूपमा प्रयोग गरेका छन् । श्रेष्ठको पहिलो परिच्छेद यसरी शुरु हुन्छ, "गर्भमै भूगोल लिएर लमजुङको तराँचे गाउँमा सन् १९३९ मा 'ठूला' (डा. हर्कबहादुर गुरुङ) को जन्म हुन्छ । देब्रे पैतालामा कोठी, शिरमा अल्टिमिटर (उचाइ नाप्ने यन्त्र) अनि आँखामा कम्पास (दिशा छुट्याउने यन्त्र) जडेर सृष्टिकर्ताले 'ठूला'लाई एक फिरन्तेका रूपमा छाडिदिन्छ– देश–देशान्तर चहार्नको निम्ति । हजारौं कोष हिँडिसक्दा पनि पैतालाको कोठी खिइँदैन । आकाशमै उड्दा पनि पर्वतको उचाई नापेरै छाड्छन्... ।"

भूगोलविद् डा. हर्क गुरुङ आफैं चाहिँ भूगोललाई कसरी बुझ्छन् भन्ने कुरा *'गुरुङ जातिबारे'* शीर्षकको उनकै लेखको एक अंशबाट केही कुरा थाहा पाइन्छ "...गुरुङलाई तीन समूहमा विभाजित गरियो– हिमाल उत्तर भोटखोलामा बस्ने बुद्ध धर्मावलम्बी लामा-गुरुङ, लेकमा बस्ने आफ्नै जातीय क्ले प्रि मान्ने चो-गुरुङ तथा कछाडका बाहुन मान्ने हिन्दू-गुरुङ । कावाकिता (जापानी अन्वेषक) भूगोलविद् हुनाले उनले गुरुङ जाति एक भए तापनि ठाउँका विशेषताले गर्दा तिनमा आर्थिक, सामाजिक, धार्मिक भिन्नता हुनगएको पक्षमा लेखेका छन् ।" यहाँ भूगोल क्षेत्रीय विविधताको विश्लेषण गर्ने विधाका रुपमा देखिन्छ ।

अब 'भूगोल'लाई पत्रकारितामा हेरौं । एनेकपा (माओवादी)ले २०६७ वैशाखको आन्दोलन स्थगन गरेपछिको सन्दर्भ समेटेको युग पाठकको 'खान्दानी सभाको सन्देश' शीर्षकको लेखमा (कान्तिपुर दैनिक, ३० वैशाख २०६७) 'भूगोल' यसरी प्रयोग भएको पाइन्छ "... देश दुर्घटनाको डिलैमा उभिएको वेला युद्धविरामको पनि मूल्यवत्ता हुँदो हो तर आमहडतालको स्थगनले यसले प्रस्फुटन गरेको ज्वारभाटाको अन्त्य गरेको छैन । यो देशको भूगोलभित्र रहेका पचासी प्रतिशत निम्न वर्गका मानिसको आक्रोश व्यवस्थापन कसरी हुनसक्छ ? हुँदैन । हुन्थ्यो भने जनयुद्ध हुँदैनथ्यो, दोस्रो जनआन्दोलन हुँदैनथ्यो, मधेश आन्दोलन हुँदैनथ्यो । इतिहास यथास्थितिवादीहरूकै रोडम्यापमा चलिरहेको हुन्थ्यो ।" यस्तैगरी अर्का स्तम्भकार चन्द्रकिशोरले 'डेटलाइन तराई' स्तम्भमा भूगोल यसरी प्रयोग गरे, "...तराईको स्वास्थ्यस्थितिमा परिवर्तन ल्याउने पक्षहरू भनेको भूगोल, जलवायु परिवर्तन, परम्परागत सोच, रैथाने उपचारको अवस्था, जीवनशैली, लोकमार्ग र खुला सीमा हुन् ।" (कान्तिपुर दैनिक, १७ भदौ २०६७) । सोही लेखको अर्को अनुच्छेदमा लेखिएको छ, "तराईमा भूगोलजन्य कारणले हुने रोगहरू यस्ता छन्, जो पहाडी क्षेत्रमा छैनन् । उसो त बदलिँदो वातावरणीय तापक्रमले गर्दा औलो पहाड चढेको छ । जस्तो कि आर्सेनिकको समस्या तराई क्षेत्रमा देखिएको छ ।"

यसैगरी 'दशैं, राजनीति र राष्ट्र' शीर्षकको *कान्तिपुर* (२९ असोज २०६७, शुक्रबार) को लेखमा गोपाल खनालले भूगोललाई यसरी प्रयोग गरे– "... नेपाल सङ्घीय गणराज्य हो तर सङ्घीयताका विरोधीहरू 'विखण्डन' हुने भन्दै प्रतिगमन फर्काउने षडयन्त्रमा छन् । जात र धर्मका आधारमा प्रदेश विभाजन गर्दा यस्तो अवस्था आउला तर भूगोल, स्रोतलाई आधार बनाउँदा सङ्घीयताले मुलुकलाई जोड्छ । त्यतापट्टि खै बहस ?"

राज्यको पुनर्संरचनाको बहसमा 'भूगोल'ले पटकपटक चर्चा पायो- प्रदेश विभाजनको आधार बनाउन सकिने चल (variable) का रूपमा । तर यो प्रयोजनका लागि प्रयोग भएको 'भूगोल' पनि आ-आफ्नै बुझाइअनुसारको रह्यो– कुनै अमूर्त, कुनै सीमित त कुनै असीमित परिधि समेट्ने खालको । हेरौं, हिमाल मिडियाद्वारा प्रकाशित तथा राजेन्द्र दाहाल र ध्रुव सिम्खडाद्वारा सम्पादित *'संविधानयात्रा-२:* नयाँ संविधान र सङ्घीयतासम्बन्धी बहस'का केही लेखहरूमा प्रयुक्त 'भूगोल' का विविध बुझाइका प्रयोग र प्रसङ्गहरू । त्यसमा प्रा. कृष्ण खनाल 'प्रदेश-प्रान्त निर्माणका आधार के के हुनसक्छन् ?' भन्ने प्रश्नको जवाफ यसरी दिन्छन्, "हामी बहुआधारमा जानुपर्छ । जनसङ्ख्याको बनोटको आधारमा भूगोलसँग तादात्म्य हुने गरी प्रदेशहरू बनाउनुपर्छ । बाहिरको दृष्टान्त हेर्दा पनि प्राय: देशहरूले बहुआधारमै प्रदेशहरू निर्माण गरेको भेटिन्छ । भारतमा भाषा (गुजरात, तामिलनाडू आदि) भौगोलिक क्षेत्र (उत्तरप्रदेश, मध्यप्रदेश आदि) जातीय बसोबास (पञ्जाब, बङ्गाल आदि) लाई प्रान्त विभाजनका प्रमुख आधार बनाइएको छ ।"

प्रा. आलोक बोहरा 'चार राज्यको सहकारी संरचना' शीर्षक लेखको एक खण्डमा 'भूगोल'लाई यसरी प्रयोग गर्छन्, "नेपालको भूगोल, स्रोत-साधन, पर्यावरण, आर्थिक अवस्था र जातीयता



**राज्यको पुनर्संरचनाको बहसमा 'भूगोल'ले पटकपटक चर्चा पायो- प्रदेश विभाजनको आधार बनाउन सकिने चल (variable) का रूपमा । तर यो प्रयोजनका लागि प्रयोग भएको 'भूगोल' पनि आ-आफ्नै बुझाइअनुसारको रह्यो– कुनै अमूर्त, कुनै सीमित त कुनै असीमित परिधि समेट्ने खालको ।**

जस्ता कुरालाई ध्यान दिँदा सहकारी सङ्घीय संरचनामा जानु उपयुक्त हुनसक्छ । यो सङ्क्रमणकालीन मध्यमार्गी अवधारणा अन्तर्गत हरेक राज्यमा तीनदेखि पाँचवटासम्म क्षेत्रहरू रहने गरी चारवटा सहकारी सङ्घीय राज्यमा नेपाललाई लैजान सकिन्छ ।" *(सं यात्रा-२, पृष्ठ ५३)*

संविधानसभामा पेश गरिएका विभिन्न समितिका मस्यौदा प्रस्तावमा विभिन्न पार्टीका मत तथा फरक मत प्रस्तुत गर्ने सिलसिलामा थुप्रै ठाउँमा 'भूगोल'ले स्थान पाएको छ । केही उद्धरण यसप्रकार छन्:

"एमाले सभासद् देवीलाल थापाले प्रत्यक्ष निर्वाचनको लागि जनसङ्ख्या र भूगोलको समानुपातिकताको आधारमा निर्वाचन क्षेत्र कायम गर्नुपर्ने छुट्टै प्रस्ताव राखेका छन् । 'जनसङ्ख्याको आधारमा' भन्ने शब्दको सट्टामा 'जनसङ्ख्या र भूगोलको समानुपातिकताको आधारमा' भन्ने शब्दहरू थप्नुपर्ने र ... ।" *(सं यात्रा-२, पृष्ठ १८३)*

अर्को उद्धरण, प्रदेशसभामा बढीमा ३५ जना सदस्य रहने समितिको मूल मस्यौदाका सम्बन्धमा माओवादीको फरक मतसँग सम्बन्धित छ जहाँ 'भूगोल' शब्दको प्रयोग यसरी भएको छ, "भूगोल र जनघनत्वको अनुपात हेरी जाति, भाषा र प्राकृतिक स्रोतको उपलब्धताका आधारमा २५-४५ जनासम्म सदस्य रहनेगरी स्वायत्त प्रदेश जनप्रतिनिधिहरूको गठन गरिनुपर्छ ।" *(सं यात्रा-२, पृष्ठ १८६)*

सोही सङ्ग्रहमा 'जातीय सङ्घीयताको मनोवैज्ञानिक असर' शीर्षकको लेखमा पत्रकार भानु बोखिम 'भूगोल'लाई यसरी उल्लेख गर्छन्, "प्रदेश निर्माणमा भूगोललाई आधार बनाउनु जरुरी छ । तर मधेशवादी दलको जस्तो सिङ्गो तराईको एक प्रदेश होइन । एउटै प्रदेशभित्र हिमालदेखि तराईसम्मको भूभाग समेट्न जरुरी छ ।...." *(सं यात्रा-२, पृष्ठ २१६)*

लेखक, विशेषज्ञ, प्राध्यापक, पत्रकार, पार्टीका नेताहरूले मात्र होइन सर्वसाधारण नागरिकहरू पनि भूगोल आफ्नै किसिमले बुझ्छन् र प्रयोग गर्छन् । *हिमाल खबरपत्रिका* द्वारा २०६६ भदौमा हेटौंडामा आयोजित सर्वपक्षीय अन्तरक्रियामा स्थानीयवासीले व्यक्त गरेको विचारलाई "सङ्घीयताको प्रमुख आधार भूगोल हुनुपर्दछ" भन्ने शीर्षकअन्तर्गत समेटिएको छ । उक्त अन्तरक्रियाका सहभागीमध्येका सोनामसिंह स्याङ्देन (विजय)को भनाइ यस्तो थियो, "साझा भाषा, साझा भूगोल, साझा अर्थतन्त्र र साझा मनोविज्ञान मिलेर जाति बनेको हुनाले जातीय आधारमा प्रदेश बन्न सक्छ । जाति भनेको 'नश्ल' हो, राष्ट्रियता पनि हो । यही कारणले ताम्सालिङ हुन्छ तर 'एक मधेश, एक प्रदेश' हुन सक्दैन । मधेशमा साझा भाषा, साझा भूगोल, साझा मनोविज्ञान छैन । थरुहट छ, मिथिला छ, कोचिला छ... ।" *(सं यात्रा-२, पृष्ठ २६४)*

यसैगरी राजविराजका हासिम अन्सारीको विचार यसरी पञ्जीकृत गरिएको छ– "... मुस्लिम समुदाय मधेशी मात्र भएर नेपालमा बस्न चाहँदैन । प्राकृतिक स्रोत-साधन, आर्थिक विकास, काम, धर्म, जनसङ्ख्या, भूगोल आदि सबैलाई ध्यान दिएर प्रदेशहरू विभाजन गरिनुपर्छ । प्रदेशको नामकरण गर्दा कुनै जाति र समुदायको आधारमा गरिनुहुँदैन । हामी नेवा, थरुहट, लिम्बुवान, खम्बुवान जस्ता राज्यको विरोधमा छौं ।" *(सं यात्रा-२, पृष्ठ २७४-२७५)*

माथि उल्लेख गरिएका भूगोलसम्बन्धी बुझाइ र प्रयोग केही प्रतिनिधिमूलक टिपोट मात्र हुन् । यिनको उद्देश्य एकातिर




डम्बरकृष्ण श्रेष्ठ

'भूगोल' कति व्यापक रहेछ भन्ने दृष्टान्त प्रस्तुत गर्नु हो भने अर्कोतिर त्यही भूगोल भन्ने विषयवस्तु कसरी विविध व्यक्ति/समुदायले विविध रूपमा बुझ्ने र प्रयोग गर्ने गरेका छन् भन्ने कुरालाई प्रस्तुत गर्नु हो । यसका साथै आफूलाई भूगोलका अध्येता अथवा भूगोलविद् भन्नेहरूको अपेक्षा विपरित कसरी भूगोल (विषय तथा अवधारणा) को सार्वजनिक क्षेत्रमा प्रयोग, सदुपयोग वा सीमान्तीकृत प्रयोग भइरहेको छ भन्ने कुरा देखाउनु पनि रहेको छ । अझ थप कुरा के भने भूगोल अध्येताहरूको भूगोल विषयको (विषयवस्तुसमेत) बुझाइ र समाजका विभिन्न क्षेत्रका अगुवाहरूको 'भूगोल' को बुझाइबीच कति ठूलो खाडल रहेछ र कसरी भूगोलको अध्ययन-अध्यापन र अभ्यासबीच कार्यमूलक सामञ्जस्यता ल्याउनुपर्ने अवस्था अझ टड्कारो रूपमा देखा परिरहेको छ भन्ने कुरा दर्शाउनु पनि हो ।

## कहाँ छैन भूगोल ?

अब यथार्थमा भूगोल विषय के हो र यसको अध्ययनको क्षेत्र के हो अथवा कहाँसम्म हो भन्ने कुराको चर्चा गरौं ।

भूगोल प्रत्येक मानिसको दैनिक जीवनको अभ्यासको विषयवस्तु । सारा संसारको चासोको विषय । यसको अभ्यासविना सारा दुनियाँको एक दिन पनि बित्न सक्दैन । जानिफकार, हरेक क्षेत्रका कलाकार, समाजका अगुवा सबै भन्छन्, "भूगोल चाखलाग्दो विषय हो ।" भन्न नसक्ने अथवा बोली नबिक्नेहरूले व्यवहारमा अझ बढी नै भूगोललाई बुझेका र अभ्यास गर्ने गरेका छन् । नत्र उनीहरूको जीवनयापन पद्धति नै जोखिममा पर्थ्यो । पत्रकारलाई आफ्नो प्रस्तुति वस्तुनिष्ठ बनाउन भूगोलसँगै जोड्नुपर्ने । नेताहरूले भाषण गर्दा अथवा कार्यकर्तालाई प्रशिक्षण दिनुपर्दा भूगोललाई नै उपयोग गर्नुपर्ने अथवा दोष लगाउनुपर्ने । मानव मूल्य र आ-आफ्नो पहिचान पनि भूगोलकै सीमाभित्र खोज्नुपर्ने । हाँस्नु, खेल्नु, डुल्नुपर्ने पनि भूगोलकै सीमाभित्र । सुख-दुःख, ऐँचो-पैँचो पनि भूगोलकै सीमाभित्र हुनुपर्ने । *देशको देउता गाउँको भूत, लेकको माने औंलाको काने, नेपाल गए कपालसँगै बर्मा गए कर्मसँगै* आदि



**पिरतीका गीतमा भूगोल उल्लेख भएकै राम्रो सुनिने- *खोलापारि म माया लाउँदिनँ, वर्षा लाग्यो साइँला दाज्यै म आउन पाउँदिनँ, फूलसरी माया... ।* फेरि नारी सुन्दरताको तुलनामा पनि भूगोल नै खरो उत्रने जस्तो- *काठमाडौंकी नेवार्नी, सिन्धुपाल्चोके तामाङ्नी, हेलम्बुकी शेर्पिनी, रुम्जाटारे गुरुङसेनी; राम्रा भन्छन् सबैले... ।* प्रकृति वर्णन गरिने गीतमा त भूगोल नहुने कुरै भएन ।**

लोकोक्ति वा उखानले पनि 'भूगोल' नै बोल्छन् ।

लोकगीतमा दृष्टि दियो भने त्यहाँ पनि कम छैन भूगोल- *लेक र बेँसी धाएर तिमीले किन लायौ माया... ।* ज्याउरे गीतमा त 'भूगोल' झनै धेरै पाइन्छ: *लेकै हेरौं लालीगुराँस औले हेरौं प्याउली, पिरती गाँस्ने परेवा त विरह बोल्ने न्याउली ।* पिरतीका गीतमा पनि 'भूगोल' उल्लेख भएकै राम्रो सुनिने- *खोलापारि म माया लाउँदिनँ, वर्षा लाग्यो साइँला दाज्यै म आउन पाउँदिनँ, फूलसरी माया... ।* फेरि नारी सुन्दरताको तुलनामा पनि भूगोल नै खरो उत्रने जस्तो- *काठमाडौंकी नेवार्नी, सिन्धुपाल्चोके तामाङ्नी, हेलम्बुकी शेर्पिनी, रुम्जाटारे गुरुङसेनी; राम्रा भन्छन् सबैले... ।* अलिक अगाडि रचिएको माधव घिमिरेको *गाउँछ गीत नेपाली* नामक राष्ट्रिय गीतको *'गण्डकी, कोशी, कर्णाली, मेची र महाकाली, लेक र बेँसी ब्यूँझन्छन् पहिलो झुल्का निकाली'* होस् अथवा व्याकुल माइलाको नयाँ राष्ट्रिय गानका *मेची महाकाली तराई पहाड हिमाल* जस्ता शब्दहरू हुन् अथवा *'तराई हेर कति राम्रो हरियो वन हुनाले, पहाड हेर झनै राम्रो गुराँस फुल्नाले, म त फिल्के यसै राम्रो नेपाली हुनाले'* होस्- भूगोलले नै सबैलाई लोभ्याएको छ । प्रकृति वर्णन गरिने गीतमा त भूगोल नहुने कुरै भएन । एउटा मात्र उदाहरण दिऊँ: *चितवनको गैंडा, हात्ती, मयुरको ताँती, पहाडको डाँफे मुनाल नाच्छ भाका छोपी... ।* अरू त के कुरा विदेशको नक्कल गरिएका हिजोआजका आधुनिक गीतलाई छाडेर अलिक पहिलेका स्थानीय र आञ्चलिक, क्षेत्रीय र राष्ट्रिय गीतहरू पनि भूगोलकै वर्णनले सुन्दर र मन्त्रमुग्ध पार्ने किसिमका छन् र ती जीवन्त छन् । यसरी हिँड्दा, बोल्दा, गाउँदा, नाँच्दा, जतातत्तै भूगोल नै भूगोल ।

चिनेजानेका मानिसहरूसँग भलाकुसारी हुँदा अथवा अपरिचितहरूसँग परिचित हुने क्रममा चर्चा चल्दा सबैजसोका मुखबाट 'भूगोल खुब चाख लाग्ने विषय, मलाई पनि खुब मनपर्थ्यो वा (अझै) मन पर्छ' भनेको मैले सधैंजसो सुन्ने गरेको छु । तर, पनि पठनपाठन र पहिचानका हिसाबले अहिले आएर भूगोल खुम्चिएको महसुस हुँदैछ । प्रयोग सबैले गर्ने अनि सबैलाई चाखलाग्दो पनि हुने तर सरोकारवालाहरूले यसको महत्त्वलाई आत्मसात् नगर्ने परिस्थितिको सिकार भइरहेको छ भूगोल ।

## सुरुआतको सन्दर्भ

भूगोलको अध्ययन-अध्यापन किन वा कसरी शुरु भएछ भन्ने कुराको चर्चा एण्टन चेखोवको एउटा विद्वत्वाणीबाट थालनी गरौं : "People don't notice whether it's winter or summer when they are happy" (अर्थात् खुसी/सुखी हुञ्जेल मानिसले हिउँद होस् वा वर्षा केही पनि वास्ता गर्दैनन्) । तर संसारमा सबै मानिस सधैं खुसी/सुखी भइरहन सम्भव हुँदैन । हरेकलाई तातो/चिसोको साथै अरूको संसारबारे पनि चासो हुन्छ । उनीहरूलाई हिउँद र वर्षाको फरक छुट्याउनुपर्ने आवश्यकता पर्छ नै । प्राचीन मानवले आफ्नो तात्कालीन जीवनपद्धति सहज बनाउने क्रममा उठाउने गरेका प्रश्नहरू स्वाभाविक रूपमा नै आफ्नो वरिपरिको वातावरणसँग सम्बन्धित थिए । अन्य पशुपन्छी जस्तै मानिस पनि धर्तीको कुनै एक निश्चित (भू) भागलाई 'आफ्नो' वा आफ्नो बसोबासको क्षेत्र (Living Space) का रूपमा पहिचान गर्छ र त्यही भूभागलाई आफ्नो पहिचान (Identity) को थलो भनी आफ्नो परिचय गाँस्दछ ।

हामी 'घर' शब्दको प्रयोग व्यापक मात्रामा गर्छौं । बोलीचालीमा 'घर'तिर के छ ? वा घरतिरको हालखबर कस्तो छ ? भनी सोध्छौं । थाहा पाई वा नपाई हाम्रो... (स्थान विशेष), हाम्रो... (फलानो), हाम्रो... (संस्था विशेष) आदि आदि भन्दै कुनै निश्चित स्थानसँग सम्बद्ध आफ्नो पहिचान अभिव्यक्त गरिरहेका हुन्छौं । यसैगरी आफ्नो 'घर' (Home Space) को क्षितिजभन्दा बाहिरको दुनियाँलाई 'पर' भनी बिरानोको हिसाबले हेर्छौं, व्यवहार गर्छौं । बोलीचाली, लेखन तथा गायनमा प्रशस्त प्रयोग हुने 'पराइ' शब्द (अवधारणा) यसैको द्योतक हो । स-साना केटाकेटीलाई सावधान गराउँदा तथा चेतावनी दिँदा 'पराइ आयो', 'पराइले लैजाला', 'पराइलाई दिऊँ ?' जस्ता स्वाभाविक रूपमा आउने अभिव्यक्तिहरू मानिसको आफ्नो स्थान विशेषसँगको सम्बन्धका परिचायक हुन् । यिनै 'घर' र 'पर' शब्दभित्र अन्तर्निहित अवधारणाले मानिसको संसारप्रतिको दृष्टिकोण (Worldviews) पनि प्रस्ट्याउँछ । तदनुसार मानवीय व्यवहार, रहन-सहन र जीविकोपार्जनका आधारहरू दुईवटा संसारका अवधारणामा सञ्चालित छन्– 'घर'को संसार र 'पर'को संसार । यसको सिमाङ्कन स्थिर छैन र चलायमान छ । व्यक्तिको आफ्नो सामर्थ्य, समय विशेष, बसोबासको स्थान र तात्कालीन रूपमा उपलब्ध प्रविधिमा पहुँचका आधारमा यसका सीमाहरू साँघुरा वा फराकिला हुने गर्छन् । यही कारणले नै व्यक्तिगत/समूहगत तथा स्थानविशेषको विविधता सिर्जना भइरहन्छ । यही सेरोफेरोमा 'भूगोल' आफ्नो विधागत पहिचान स्थापना गर्न प्रयत्नशील छ । सम्भवत: यो यात्रा निरन्तर जारी रहनेछ ।

आफूभन्दा 'पर' को दुनियाँ कस्तो होला ? भन्ने जिज्ञासा पूर्णत: स्वाभाविक हो । वास्तवमा मानवभित्र हुने यही जिज्ञासाले नै उसलाई आफ्नो क्षेत्रको क्षितिजभन्दा बाहिरको दुनियाँका बारेमा खोजखबर गर्न बाध्य बनाउँछ । भूगोल विषयको जन्म यही 'आफ्नो संसार' को क्षितिजभन्दा बाहिरको संसारबारे जानकारी लिने जिज्ञासा पूरा गर्ने सिलसिलामा भएको देखिन्छ । बाहिरको संसार त्यसै बुझिन्न । त्यसनिम्ति पहिला आफ्नो संसार राम्रोसँग

बुझ्नुपर्छ । तसर्थ सुरुका दिनहरूमा साहसिक यात्राका विवरणहरू नै भूगोलका मूल विषय बन्ने गर्थे । भौगोलिक अवधारणा र यसको अध्ययन पद्धतिको ऐतिहासिक विश्लेषण गर्दा सबै प्रकारका मानव बसोबास र पृथ्वीमा मानव जातिको विस्तार तथा वितरणबारे बढीभन्दा बढी तर्कपूर्ण र उपयोगी जानकारी उपलब्ध गराउनु नै यो विषयको प्रमुख ध्येय रहेको बुझिन्छ । यो विषयले पृथ्वी र यसका विभिन्न अंशहरूको बारेमा जानकारी प्राप्त गर्ने वा दिलाउने प्रयास गर्छ तर यो प्रयास धरतीलाई एक मानव-संसारका हिसाबले बुझ्नका लागि हो; न कि धरतीलाई केवल एक भू-भौतिक स्वरुप (Earth surface)का रूपमा बुझ्न । यहीँनेर भूगोलका अध्येताहरू र अन्य अभ्यासकर्ताबीच कहिलेकाहीँ अल्पबुझाइ हुने स्थिति देखापर्छ ।

## केही अल्पबुझाइका प्रसङ्ग

सर्सर्ती हेर्दा 'भूगोल' थुप्रै मानिसहरूको मनपर्दो र जो-कोहीले पनि बुझ्ने र प्रयोग गर्ने गरेको विषय देखिन्छ । तर यो विषय धेरैले सजिलै बुझ्े जस्तो भन्दा केही गहन र अझ बढी महत्त्वपूर्ण पनि छ । उदाहरणका लागि हुम्ला जिल्ला कहाँ पर्छ ? क्वेटो शहर कहाँ छ ? क्यामरुन र तुभालु राज्य कहाँ पर्छन् ? मेसोपोटामिया कहाँ छ ? आदि प्रश्नको उत्तर जान्नुभन्दा अलि बढी नै हुन्छ भूगोल अध्ययनको दायरा ।

यसैगरी; संसारको सबभन्दा अग्लो शिखर कुन हो ? कहाँ छ ? सबभन्दा लामो नदी वा गहिरो ताल वा ठूलो मरुभूमि कुन हो र कहाँ छ ? ठूलो महादेश-देश कुन हो ? जोर्डन नदीको पश्चिम किनाराको बस्ती कुन हो ? यस्ता प्रश्नको जवाफभन्दा भूगोल निकै बढी छ । यस्ता प्रश्नको जवाफमा मात्र भूगोललाई सीमित गर्नु अल्पबुझाइ मात्र हुन्छ ।

'भूगोल' भित्तामा झुण्ड्याइएको नक्सा अथवा नक्साहरूको सङ्कलन (एटलस) मा कुनै निश्चित स्थान खोज्नु, त्यसको अक्षांश र देशान्तर तथा विस्तार पत्ता लगाउनु मात्र पनि होइन । त्यस्ता मानचित्रहरू बनाउनु अथवा बनाउन सिकाउनु मात्रै पनि होइन । यसो गर्नु भनेको भूगोललाई नक्सा हेर्ने, बनाउने र बनाउन सिकाउने विज्ञानका रूपमा बुझ्नु र भूगोलका अध्येताहरूलाई मानचित्र बेत्ता (कार्टोग्राफर) ठान्नुसरह हुन्छ । मानचित्र भूगोल अध्येताहरूको अत्यावश्यक औजार त हो तर 'भूगोल' त्यति मात्र होइन ।

भूगोलका अध्येता वा अभ्यासकर्ताहरू आफू बसेको स्थान र बाहिरको संसारका बारेमा बढी नै रुचि राख्छन् । उनीहरू बढी नै यात्रा गर्छन्, अवलोकन गर्छन्, विभिन्न ठाउँहरूको वर्णन गर्छन् र विवरण लेख्छन् । यिनीहरू अन्वेषक पनि हुन् । तर, 'भूगोल' यत्ति नै हो भनेर बुझ्दा पनि भूगोलप्रति अन्याय नै हुन्छ । 'भूगोल' त्योभन्दा अझ बढी नै हो ।

भूगोलका किताबमा डाँडाकाँडा, पहाड, पर्वत, नदीनाला, हावापानी, वनस्पति, खनिज सम्पदा आदिको अवस्थिति र विशेषतासहितको पृथ्वीको वर्णन पाइन्छ । तसर्थ 'भूगोल' भनेको भौतिक पृथ्वीको वर्णन हो । यी माथिका प्रसङ्गहरू भूगोलको सिमाङ्कन गर्ने प्रयासका अभिव्यक्तिहरू हुन् । यिनीहरू सबैले यो विषयको तथ्यगत ज्ञानप्रति बढी जोड रहेको देखाउँछ । तथ्यगत ज्ञान महत्त्वपूर्ण हुन्छ तर भूगोलको ज्ञानलाई कुनै खास विषयवस्तुबारेको तथ्यगत जानकारीमा घेराबन्दी गर्नु गणित विज्ञानलाई जोड, घटाउ, गुणा र भागमा सीमित गर्नु अथवा कुनै भाषाको शब्दकोश कण्ठ गरेर 'म सो भाषामा पोख्त छु' भन्नु जस्तै हुन्छ । हाम्रा विद्यालयहरूमा भूगोल विधाभित्र अध्यापन गराइने यस्ता भौतिक जगतका तथ्य, महादेशीय विवरण तथा विद्यार्थीलाई नक्सासम्बन्धी काममा सीमित गराइनाले थुप्रै मानिसहरू भूगोल विषयका बारेमा भ्रममा पर्ने गरेका छन् ।

## भूगोल के हो त ?

भूगोल विषयको अध्ययन-अध्यापन तथा लेखनमा बढी भन्दा बढी मात्रामा प्रयोग हुने केही शब्दहरू यी हुन्: अवस्थिति (Location), स्थान (Place/Space), प्रदेश (Region), मापन (Scale), वितरण (Distribution), नियमितता (Pattern), नक्सा (Map), प्रक्रिया (Process), क्षेत्रगत अन्तरक्रिया (Spatial Interaction) आदि । भूगोलका अध्येताहरू पनि कोही प्राकृतिक विज्ञानसँग बढी नजिक हुन्छन् भने कोही सामाजिक विज्ञानसँग । यसले गर्दा यो विषयप्रतिको पारिभाषिक दृष्टिकोण पनि कुन अध्येता कतातर्फ नजिक छ सो अनुसार फरक पर्ने गर्दछ । प्राकृतिक विज्ञानका पृष्ठभूमि भएकाहरू भौतिक पृथ्वी, भूस्वरुपको विकास प्रक्रिया र परिस्थिति, प्राकृतिक स्रोत-साधनतर्फ बढी केन्द्रित पाइन्छन् भने सामाजिक विज्ञानको पृष्ठभूमि भएकाहरू मानव बसोबास, जनसङ्ख्या, बसाइँसराइ, सामाजिक-सांस्कृतिक पक्ष, मानव तथा प्राकृतिक स्रोतसाधनको अन्तरसम्बन्ध, क्षेत्रीय तथा स्थानीय विकास जस्ता विषयवस्तुमा बढी केन्द्रित भेटिन्छन् । यसमा पनि 'वातावरणीय भूगोलविद्' भन्न रुचाउनेहरू आफूलाई मध्यमार्गीको रूपमा समेत उभ्याउन पछि पर्दैनन् । अहिले भूगोल पनि प्राज्ञिक क्षेत्रका अन्य विधाहरू झैं विषयगत विशिष्टीकरणमा जेलिएको छ । थुप्रै अध्येताहरू आफूलाई विशेषणयुक्त भूगोलविद्; जस्तै- कृषि भूगोलविद्, जनसंख्या भूगोलविद्, भू-विज्ञानविद्, पर्यटन भूगोलविद्, बस्ती भूगोलविद् आदि भनी चिनाउने गर्छन् ।

विविध विषयवस्तु समेट्ने तथा विश्लेषणात्मक पद्धति अँगाल्ने विषयको रूपमा भूगोलको विकास भए पनि वास्तवमा भूगोलको अध्ययन र अभ्यास तल उल्लिखित तीन अवधारणाको सीमाभित्र केन्द्रित रहेको देखिन्छ । १. स्थान (सबै तहका), २. मानव (सबै विशेषताका) र ३. अन्तरक्रिया ।

स्थान (Place) को अवधारणा कम्तीमा दुई सन्दर्भमा विश्लेषण हुने गर्छ । पहिलो, कुनै प्राकृतिक वा सांस्कृतिक विशेषताको आधारमा सीमाबद्ध गरिएको भूखण्ड वा क्षेत्र । यस्तो क्षेत्र सानोभन्दा सानो स्थानीय एकाई (घर, गाउँ, टोल, शहर अथवा हाम्रो सन्दर्भमा जिल्ला, प्रदेश, प्रान्त वा राज्य) देखि महाद्वीप, महादेश तथा धर्ती सिङ्गै पनि हुनसक्छ । दोस्रो सन्दर्भमा स्थान भन्नाले भू-आकृतिहरू (जस्तै मैदान, समथर भूमि, पठार (Plateau), पहाड तथा निम्न भूमि (LowLand), उच्च भूमि (Highland) भन्ने बुझिन्छ । यी पछिल्ला शब्दावलीहरू (पहाड, मैदान... आदि)ले एक विशेष किसिमको भू-आकृतिक समूह वा वर्ग जनाउँछन् । यस्ता विविध आकृतिहरूको प्रकृति र प्रक्रिया समेट्ने गरी विकास गरिएका यी शब्दावली मानस-निर्मित अथवा मानसिक अवधारणा (Mental Construct) हुन् । प्रकृति स्वयंबाट नामकरण गरिएका होइनन् । धर्तीमा देखिने विविध आयतन र आकारका भू-स्वरुपहरूलाई खास विशेषताका आधारमा छुट्याई मानव मात्रले बुझ्न र बुझाउन सहज होस् भनी सरलीकृत गरिएका अवधारणा हुन् । वेलाबखतमा यस्ता स्थानलाई प्रदेश भनी सम्बोधन गर्ने गरिन्छ ।

'मानव' भन्ने अवधारणाले यो धर्तीमा बसोबास गरेका सबै वर्ग, जात, जाति, धर्म, लिङ्ग, वर्ण र विशेषतायुक्त मानव जातिलाई समेट्छ। यसको व्याख्या विश्लेषणका क्रममा परिमाणात्मक तथा गुणात्मक दुवै पक्ष समावेश हुन्छन्। अध्ययन/अध्यापनको प्रकृति हेरी एक व्यक्तिदेखि ठूलाठूला समूहलाई विश्लेषणको मापदण्ड बनाउन सकिन्छ। यसैगरी 'अन्तरक्रिया' भन्नाले माथि उल्लिखित स्थान र मानवबीचको आदान-प्रदान, मानव-मानवबीचका अन्तर सम्बन्धहरू, अन्तरक्षेत्रीय तथा अन्तर प्रादेशिक आदान-प्रदानका प्रक्रिया र पद्धतिहरू पर्दछन्। स्पष्ट शब्दमा भन्दा- मानव जातिले आफ्ना स्थानविशेषका प्राकृतिक तथा सांस्कृतिक स्रोतसाधनको प्रयोगको सम्बन्धमा गर्ने (जस्तैः खेतीपाती, घाँस-दाउरा, चरन, गोठ, खनजोत, निर्माण, विकास, खोरिया फडाइ, पूजाआजा आदि) क्रियाकलापहरू नै मानव-स्थान अन्तरक्रियाहरू हुन्। यसमा प्रदेशभित्रै वा कुनै खास समूहभित्र सीमित अन्तरक्रिया पनि यसैभित्र पर्दछन्। मानव मानवबीचका र मानव-गैरमानव अन्तरक्रिया पनि मानव-स्थान विशेष अन्तरक्रिया (People place interactions) भित्रै पर्दछन्। प्राविधिक रूपमा यी अन्तरक्रियाका रुपहरूः *तटस्थ* (कुनै पक्षलाई हानि नोक्सानी नपुऱ्याउने), *नकारात्मक* (कुनै एक पक्षलाई असर पर्ने वा एक पक्ष निर्मूल हुने अथवा बसोबास छाड्नुपर्ने) र *सकारात्मक* (अन्तरक्रियामा संलग्न दुवै पक्षलाई फाइदा हुने अथवा कम्तीमा एक पक्षलाई फाइदा हुने तर अर्को पक्षलाई नोक्सान नहुने) समेत तीन प्रकारका हुन्छन्।

संसारको विकासका क्रममा मानव-स्थान अन्तरक्रियाको प्रकृति अनुसार थुप्रै भूखण्डहरूले नयाँ पहिचान बनाउँछन्। हामीले भन्ने गरेका कृषि क्षेत्र, औद्योगिक क्षेत्र, शहर, खेलमैदान आदि कुनै स्थानविशेषलाई मानिसले जसरी प्रयोग गरे त्यही अनुसार पहिचान स्थापित भएका उदाहरण हुन्। भूगोलको पाठ्यक्रमभित्र पढाइने विभिन्न प्रकारका बस्ती, बसोबासका स्थल, पूर्वाधार, प्राकृतिक स्रोतसाधनसँग सम्बन्धित कुराहरू मानव र स्थान (प्रकृति) बीचको अन्तरक्रियाका अभिव्यक्ति तथा उत्पादनका प्रतीक हुन्। ती स्वतन्त्र र एकाङ्की अवयव (Isolated identity) होइनन्। यसरी नै मानव-मानव अन्तरक्रियाबाट नै गुणात्मक, 'सभ्य' तथा 'सुसूचित' मानव समुदायको विकास हुन्छ। अनि यिनै गुणात्मक प्रतिफलहरूलाई स्थानविशेषसँग जोडेर 'शहर' अथवा 'विकसित क्षेत्र' अथवा 'सुकिलामुकिला क्षेत्र' भनी नयाँ पहिचान कायम हुने गर्छ, नयाँ प्रदेश वा समुदायको जन्म हुन्छ। दुर्भाग्यको कुरा के भने विद्यालय तथा महाविद्यालयमा दिइने भूगोलका पाठ्यक्रम निर्माण तथा कार्यान्वयन प्रक्रियामा सतही प्रतिफलहरू समावेश भए पनि ती प्रतिफलका अन्तरवस्तु र मर्मलाई पूर्णतः बेवास्ता गरिएको कारणले रचनात्मक उमेरका शिक्षार्थीले सच्चा भूगोलको विषयवस्तु र मर्म अनुभव गर्न नपाई तह पार गर्नुपरेको छ। भूगोलले थुप्रै होनहार नागरिकको अन्तरमन छुनै पाएको छैन। 📖

***(आगामी अङ्कमा भूगोल किन पढ्ने-पढाउने र कसरी पढाउने ?)***

*(हवाइ विश्वविद्यालय, अमेरिकाबाट भूगोलमा विद्यावारिधि प्राप्त लेखक त्रिवि, कीर्तिपुरमा प्राध्यापन गर्छन्।)*



Greg Goodmacher

# Teaching Conversation Skills With Content Based Materials




With a little imagination, teachers can create fun lessons that integrate conversation skills and tasks with various content no matter what the content is and what level of the class is. Through trial, error, and determination, I have found that many of the basic conversation games and activities that EFL (English as a Foreign Language) teachers use can be adapted to fit the needs of content courses. Basically, it is a matter of slipping content into activities commonly used in conversation classes.

The "Find Someone Who..." activity is very easy to slip content into. In an art college where I taught English for art, I used this activity, and in an environmental studies class I have also used this activity. In an English for Art class, which I taught for foreign students in America, I gave each student a small card with information such as the following:

- Your name is Shardul. You are a surrealist. I also attached a small picture of one of his works.
- Your name is Ram Chitrakar. You are a famous black and white landscape photographer. I included a small picture of his.

All students received this handout:
Find Someone Who... Write the names of the artists below.

1. is a surrealist ________________
2. is a sculptor ____________________
3. is a landscape photographer ________
_
4. is a modernist __________________

This was followed up by a discussion activity in which students talked about their favorite art and artists. They also expressed their opinions about the pictures.

My environmental studies class concentrated on using environmental content and issues as a spring board for improving communication skills. I recently wanted my students to understand and communicate about endangered species, and I found the "Find Someone Who..." activity very useful. In this class, after pre-teaching necessary vocabulary, I gave each student a card such as the following:

- You are an African elephant. You are endangered because of habitat destruc-

tion and poaching for your ivory. I also attached a picture.

- You are an Atlantic bluefin tuna. You are endangered because of overfishing. I also attached a picture.

Students received a handout like the one below:

Find Someone Who is... Write the name of the endangered species below.

1. endangered because of poaching for fur ______
2. endangered because of poaching for ivory ____
3. endangered because of overfishing __________
4. endangered because of habitat destruction ____

Various types of content can be used with the speaking game normally referred to as "20 Questions." In my environmental studies class my students have played this gameusing vocabulary related to animal classification. Students asked questions such as below:

- Are you a mammal?
- Do you have sharp teeth?
- Are you a carnivore?
- Are you a tiger?

In a mass media based EFL class, my students played "20 Questions" to help them remember vocabulary related to various types of media and media related occupations. Each student pretended to have a job in the media. Example questions were:

- Do you work in the print media?
- Do you work in the electronic media?
- Do you appear on television?
- Do you report news?
- Are you a sports reporter?
- Are you an entertainment reporter?

Jigsaw activities offer opportunities for mixing content of any type with English conversation skills. Jigsaw activities can be made for teaching all aspects of conversation. With the jig saw activity described below, I concentrated on listening and speaking skills.


For the environmental studies class, I cut out pictures from a nature magazine. One set of pictures was about scientists trying to restore bald eagles to states in America where they no longer live. The other was about marine biologists trying to preserve habitat for sea horses. Then, using the pictures, I made a poster for each story. The posters were displayed at opposite ends of the class. Along with each poster, I placed a cassette player with a tape recording, which explained the pictures. Using vocabulary which I felt most of the students knew, I recorded the stories of the pictures, and I added a few relevant words. I pretaught the new vocabulary to the whole class, and then divided the class into the eagle and sea horse group and assigned each student a partner who was with the other group. Then, I explained that half of the class would listen to one tape while taking notes, so that they could explain the pictures and story to their partner with the other half of class. Students could play the tape over and over again. They could stop it when they wanted. I informed them that at the end of class we would play a game, using the information from the posters and cassette tapes.

I let the students go to see their pictures. They listened and wrote notes. I observed the class and at the point when they appeared to have completed with note taking, I told each student in the eagle group to pair off with their sea horse group partner and explain the eagle poster. Next, the sea horse group explained the sea horse poster. After this, I had the class return to their seats with the partners sitting together. Each pair was assigned a number. I read questions about the poster stories aloud. The first pair to correctly answer the questions received a point. Within each pair, sea horse group students could only answer questions about the eagle picture. Eagle group students could only answer questions about the sea horse story. They could explain the answer to their partner, but their partner would have to announce the correct answer to me. The pair with the most correct answers received a small prize.

If you are not teaching a content based course, but are interested in these ideas, I suggest you do a survey of your class to find out what interests your students. Then, combine the topics they like with your conversation class activities.

These are three examples of mixing content with conversation activities. If you are not teaching a content based course, but are interested in these ideas, I suggest you do a survey of your class to find out what interests your students. Then, combine the topics they like with your conversation class activities. Most of my students in Japan respond that they want to communicate and learn about music, travel, and foreign cultures. I have found that students respond favorably to English lessons in which I have integrated their content choices.

*(Source: edweek.com)*




# नयाँ सङ्ग्रह बजारमा




*शिक्षक* मासिकको २०६६ सालका अंकहरू 'बाइण्डिङ' गरिएको सङ्ग्रह तयार भएको छ । इच्छुक पाठक तथा विक्रेताहरूले नजिकको पत्रिका पसल अथवा *शिक्षक* को कार्यालयमा सम्पर्क राख्नुहोला:


**कार्यालय: ०१-५५४८१४२**
**९७२१५८००४८ (हरि)**
**९८४१६१९९९८ (शिरीष),**

**मूल्य रू.: ३५०/-**

# फुर्सद



## शब्द खेल-२६



नामः — — — — — — — — — — —

ठेगानाः — — — — — — — — — — —

### तेर्सो

१) भरिभराउ/टनाटन
५) चर्को स्वभावको/रूखो
६) मुर्दा जलाउने वा गाड्ने ठाउँ
७) दोषको आरोप लगाइएको/दोष लागेको
८) महादेवको वाहन/साँढे
१०) विवाह गर्न जुरेको योग वा मुहूर्त
१२) बुद्धका पूर्वजन्मका कथाहरू लेखिएको ग्रन्थ
१५) भिरालो ठाउँ/ओर्लनुपर्ने
१७) कुनै विशेष समय तथा परिस्थितिमा सबैलाई वा खास-खास किसिमका व्यक्तिलाई दिइने सुविधा
१८) नोकरी/सेवा
१९) पानी जमेर वा धेरै हिलो भएर गाडिने र भास्सिने ठाउँ
२०) अग्नि

### ठाडो

१) काँचो हलुवाबेद वा यस्तै फलमा पाइने स्वाद
२) कुष्ठरोगलाई यसो पनि भन्ने गरिन्छ
३) सम्म परेको/समथर
४) कचकच/फतफत
५) चालचलन बिग्रेको/काम नलाग्ने
७) पहिला र दोस्रो चरणमा तेह्र तेह्र मात्रा हुने अनि दोस्रो र चौथो पाउमा एघार-एघार मात्रा हुने एक प्रसिद्ध छन्द
९) फलित ज्योतिष अनुसार कुनै माङ्गलिक कार्य आरम्भ गर्ने शुभ समय
११) मान्द्रेमेसो बुट्टा देखिने गरी बुनिएको परालको सुकुल/मोटो र बाक्लो देखिने गरी उनेको फूलको माला
१२) जान्दाजान्दै/थाहा दिएरै/हाकाहाकी
१३) व्यायाम
१४) पुराणअनुसार चार युगमध्ये पछिल्लो
१५) चर्को घाम, वर्षा आदिबाट जोगिन शरण लिने ठाउँ
१६) लोभ गर्ने/लालची/लुब्ध रहने
१९) माकुराले जाल बनाउन निकालेको मसिनो डोरो

## आयुर्वेद लौकाको औषधीय गुण

**लौका** वर्षैभरि बजारमा पाइने चीज हो । हाम्रो शरीरलाई चाहिने सबैजसो पोषकतत्व यसमा हुन्छ । विशेषगरी तरकारी बनाएर खाने गरिए पनि लौकामा औषधीय गुण प्रशस्त हुन्छ ।

१) लौका ठन्डी चीज हो । त्यसैले यसको बोक्रा र गुदी पैतालामा घसिदियो भने गर्मीका कारणले आएको ज्वरो निको हुन्छ । पैतालामा पोलेको पनि शीतल भएर आउँछ । लौकाको ताजा रस हत्केलामा लगाएमा पोलेको र चिलाएको निको हुन्छ ।



२) पिसाब पोल्छ भने एक गिलास लौकाको रसमा अलिकति कागतीको रस मिसाएर पिइदिनुस् ठीक हुन्छ ।

३) दाँत दुखेमा ५० ग्राम लौका र १० ग्राम लसुनलाई खलमा राखेर कुट्नुस् । यसलाई एक लिटर पानीमा उमाल्नुस् । मनतातो भएपछि यो पानीले मुख कुल्ला गर्नुस्, दाँत दुखेको तुरुन्त निको हुन्छ ।

४) आँखा धमिलो भयो र टाउको पनि दुख्यो भने लौका एक टुक्रा काटेर निधारमा राखिराख्नुस्, केहीबेरमा सन्चो हुन्छ ।

५) लौकाको बोक्रा छहारीमा राखेर सुकाउनुस् अनि सुकिसकेपछि कुटेर पाउडर बनाउनुस् । बिहान-बेलुकी एक-एक चम्चा पाउडर पानीसँग तीन-चार दिन लिने हो भने अलकाई (हर्षा) रगत आउन बन्द हुन्छ । दिसामा रगत आउनेहरूका लागि पनि यो पाउडर उपयुक्त औषधि हो । लौका उसिनेर खाने गरेमा कब्जियत हुँदैन ।

६) हैजा अथवा तीव्र अतिसारका रोगीलाई लौकाको रस र नरिवल पानी बराबर मात्रामा मिलाएर २०-२५ मिलीलिटरको मात्रामा १५-२० मिनेटको फरकमा पिलाइरहनुस् । डिहाइड्रेसन हुने सम्भावना रहँदैन ।

सावधानः चिसो सहन नसक्नेहरू, बाथ रोगी अनि छिटोछिटो रुघा लाग्नेहरूलाई काँचो लौकाको जूस पिलाउनु हुँदैन । पिलाउनै परे मरीच र सोंठ हालेर मात्र दिनुपर्छ । तीतो लौका खानुहुँदैन ।

**नियमः** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक मासिक* निःशुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ ।
यस अंकका प्रश्नको जवाफ/समाधान **२० पुस २०६७** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।
**जवाफ पठाउने ठेगानाः** ***शिक्षक*** मासिक, मच्छिन्द्र मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।

# तपाईंले पढेको स्कूल र पढाउने शिक्षकहरूलाई सम्झनुहुन्छ ?




## यदि सम्झन चाहनुहुन्छ भने
## *शिक्षक* को ग्राहक बनिदिनुहोस्;
## हामी पुर्‍याइदिन्छौं, उहाँहरू पक्कै खुशी हुनुहोला ! !

तपाइँको सफलता र उपलब्धीको पहिलो खुट्किलो भनेको तपाइँले पढेको स्कूल नै हो । तपाइँ जहाँ पुगे पनि त्यो स्कूल अहिले पनि त्यहीँ छ । हुनसक्छ; तपाइँलाई सफल जीवनको बाटो देखाइदिने कतिपय शिक्षकहरू पनि त्यहीँ अध्यापनरत हुनुहुन्छ । आफूले पढेको स्कूल र आफूलाई पढाउने शिक्षकहरूलाई 'मैले बिर्सिएको छैन है' भन्ने दर्शाउन *शिक्षक* मासिक नियमित रूपमा पठाइदिने व्यवस्था गरिदिनुभयो भने ती शिक्षकको मन कति प्रफुल्ल होला !

यस निम्ति; तपाइँले *शिक्षक* मासिकको ग्राहक बनिदिए मात्रै पुग्छ; तपाइँले इच्छाएको स्कूल वा शिक्षकको हातमा पत्रिका पुर्‍याउने ग्यारेन्टी हाम्रो भयो !

**शिक्षक** मासिक

मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर
फोनः ५५४३२५२, ५५४८१४२, फ्याक्सः ५५४११९६, इमेलः mail@teacher.org.np
९७२१५८००४८ (हरि), ९८४१६१९९९८ (शिरीष)

# सुडोकु-२६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ९ | | | ४ | ७ | २ | | |
| | | | ३ | | ९ | | | ८ |
| ८ | | ५ | | | | ७ | | |
| ४ | ३ | | | | | | १ | |
| ९ | | | | ७ | | | | ४ |
| | २ | | | | | | ७ | ६ |
| | | ३ | | | | ६ | | १ |
| ६ | | | २ | | ३ | | | |
| | | ९ | ७ | ८ | | | ३ | |

**नाम:** _ _ _ _ _ _ _ _ _ _

**ठेगाना:** _ _ _ _ _ _ _ _ _ _

# सुडोकु-२४ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ७ | ३ | ८ | २ | ९ | ४ | ६ | ५ |
| ६ | ५ | २ | ४ | ७ | १ | ३ | ९ | ८ |
| ४ | ९ | ८ | ३ | ५ | ६ | १ | ७ | २ |
| ८ | ४ | ५ | २ | ९ | ३ | ७ | १ | ६ |
| ३ | १ | ९ | ६ | ८ | ७ | ५ | २ | ४ |
| २ | ६ | ७ | १ | ४ | ५ | ९ | ८ | ३ |
| ९ | ८ | ४ | ७ | ३ | २ | ६ | ५ | १ |
| ५ | २ | १ | ९ | ६ | ४ | ८ | ३ | ७ |
| ७ | ३ | ६ | ५ | १ | ८ | २ | ४ | ९ |

# सामान्यज्ञान-२६

१. कसका सन्तान चेपागाँडा कहलिन्छन् ?

२. पृथ्वीको बनोटलाई क्रस्ट (Crust), म्यान्टल (Mantle) र कोर (Core) गरी तीन भागमा विभाजन गरिएको छ । पृथ्वीको बाहिरी भागमा क्रस्ट, त्यसभन्दा भित्री म्यान्टल र सबै भन्दा भित्र चाहिँ कोर हुन्छ । अब भन्नुहोस्, कोर (Core) को बाक्लोपन (Thickness) कति मिटर अनुमान गरिएको छ ?

३. एचआईभी (HIV) र एड्स (AIDS) को पूरा रूप (Full Form) के हो ?

४. खसी, कुखुरा र बँदेलको शुद्ध मासुमध्ये कोलेस्टोर कुनमा बढी हुन्छ ?

५. तल दिइएका नेपाली बाजाको नाम लेख्नुहोस् ।



## सामान्यज्ञान-२४ को सही उत्तर

१. विश्वको सबैभन्दा ठूलो महासागर प्रशान्त महासागर हो । यसको क्षेत्रफल करिब १६ करोड ५६ लाख ४० हजार वर्ग किमी छ । यसले पृथ्वीको जल क्षेत्रको ४६ प्रतिशत हिस्सा ओगटेको छ ।

२. "म विद्यार्थीको हातमा पुस्तक नभए पनि हुन्छ भन्छु । पुस्तक त शिक्षकहरूले पढ्नुपर्छ । मेरो विचारमा शिक्षकहरू नै विद्यार्थीका वास्तविक पाठ्यपुस्तक हुन् ।" यो कथन महात्मा गान्धीको हो ।

३. नेपालमा नेवार जातिको जनसङ्ख्या १२,४५,२३५ अर्थात् ५.५ प्रतिशत (वि.सं. २०५८) छ । यसमध्ये हिन्दू धर्मावलम्बी ८४ प्रतिशत छन् ।


४. नेपालमा विद्यालय जाने उमेरका ६.३ प्रतिशत बालबालिका अझै स्कूल बाहिर छन् भने बीचैमा स्कूल छाड्ने ६.५ प्रतिशत छन् । त्यस्तै, १४.४ प्रतिशत छात्रछात्राले प्राथमिक तहमा कक्षा दोहोऱ्याउँछन् ।

५. गणितको पाइथागोरस सिद्धान्तसँग सम्बन्धित छन् ।

# फुर्सद



## अन्ताक्षरी-२६




नाम: _ _ _ _ _ _

ठेगाना: _ _ _ _ _ _ _

१) अपर्झट/अकस्मात्/पूर्व सूचनाविना (४)
२) कलाक्षेत्रमा प्राप्त गरेको सीप/कलामा निपुणता (५)
३) बन्धकमाथिको पनि बन्धक (५)
४) प्राणीको बाह्य रूप/बाहिरी आवरण/देवताको प्रतिमा (४)
५) रचनात्मक हुने भाव गुण वा विशेषता (६)
६) पाल्पा जिल्लाको सदरमुकाम (४)
७) स्थायित्व नभएको/क्षणभङ्गुर/नाशवान् (३)
८) विष्णुकी शक्ति/लक्ष्मी (२)
९) कसैको इज्जत, प्रतिष्ठामा क्षति पुऱ्याउने काम (४)
१०) आधार नभएको/विना प्रमाणको (४)
११) युद्धस्थल/लडाइँको मैदान (४)
१२) परस्पर मिलेको वा मिलाएको मतो (४)
१३) बिगार्ने र भत्काउने जस्ता विध्वंसकारी काम (४)
१४) दशैंमा प्रायः घरैपिच्छे बजाइने बाजा/डिबडिबे (३)
१५) पछि गरिने कामको मोटामोटी अनुमान/मूर्ति आदि तयार पार्न कोरिएको रूपरेखा (४)
१६) झ्याल-ढोकामा जोडिएको लगाउने र खोल्ने फग्ल्याँटो (२)

**शब्दखेल-२४ को सही उत्तर**

तेर्सो: २) विचित्र ५) सुदामा ६) पखेटा ७) दवाई ९) तकिया ११) खनिज १३) खनक १५) असीम १७) सशस्त्र १९) बखत २०) आपत २१) कनिका

ठाडो: १) अदालत ३) चितुवा ४) धोखेबाज ७) दया ८) ईख १०) किटान १२) निकासी १३) खलखल १४) कस १५) अस्त्र १६) मनपरी १८) शकुनि

**अन्ताक्षरी-२४ को सही उत्तर**

१) खरखर २) रमरम ३) मगज ४) जरिवाना ५) नाजवाफ ६) फराकिलो ७) लोलोपोतो ८) तोक-आदेश ९) शल्य-चिकित्सक १०) कठोर ११) रवाफ १२) फलिफाप १३) परिवार १४) रचयिता १५) ताकिता १६) तात्पर्य




# पुरस्कार विजेता र सही समाधान पठाउनेहरू

**शब्दखेल-२४ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *दिलीप कोइराला,* नवदुर्गा मावि, दलगाउँ, भोजपुर**

**सही समाधान पठाउने अन्य सहभागीहरू**
- बलराम इटनी, त्रिपुरा सुन्दरी उमावि, खरी-४, धादिङ
- प्रेमबहादुर हमाल, विश्वज्योति मावि, पाखापानी-४, सिम्ले, पर्वत
- जानुका श्रेष्ठ, दियाले-१, ओखलढुङ्गा
- शंकरसिंह साउद, महाकाली जनसेवा उमावि, हल्दुखाल, कञ्चनपुर
- देवराज श्रेष्ठ, उदय प्रावि, तीनधारे, ओखलढुङ्गा
- खड्ग विक्रम विष्ट, वैजनाथ मावि, गैलनदी, सुडा-९, कञ्चनपुर
- कमलादेवी राजभण्डारी, ऐंसेलुखर्क-३, नयाँटोल, खोटाङ
- रूद्रप्रसाद दाहाल, सृजना निमावि, उर्लाबारी, मोरङ
- कमलादेवी कार्की, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ-७, म्याग्दी
- कृष्णबहादुर लिम्बु 'कमल', कुरूले तेनुपा-५, बन्दुकेडाँडा, धनकुटा
- उद्धव सापकोटा, महेन्द्र उमावि, छतिवन, मकवानपुर
- सविना सापकोटा, छतिवन-५, मकवानपुर
- रामप्रसाद अधिकारी, किराञ्चोक कार्कीडाँडा मावि, बैरेनी-१, धादिङ
- चन्द्रप्रसाद घिमिरे, पञ्चपोखरी प्रावि, चुचुरे-५, रामेछाप
- शन्तु शर्मा चापागाईं, शारदापुर बालविकास केन्द्र, पाङ, पर्वत
- सुनिता खतिवडा, बुधबारे-७, ट्रान्समिटर चोक, झापा
- मीराकुमारी खत्री, दीपेन्द्र निमावि, जोगिडाँडा, रिस्कु-६, उदयपुर
- प्रेमबहादुर गुरूङ, बाल भैरव प्र.नि.मा.वि., थारी, लेखगाउँ-१, सुर्खेत
- ओम भुजेल, भूपू सैनिक आमावि, भोटेओडार, लमजुङ
- गोविन्दप्रसाद आचार्य, जनकल्याण उमावि, पालुङ, मकवानपुर
- युवराज ढकाल, पञ्चावती उमावि, उदयपुरगढी, उदयपुर
- मनिराम भट्टराई, संस्कृत तथा साधारण मावि, रिडी, गुल्मी
- सरोज रेग्मी, पटिहानी-४, सुन्दरवस्ती, चितवन
- फाल्गुना दाहाल, नवदुर्गा प्रावि, धनगढी न.पा.-१२, कैलाली
- गंगा भुसाल, नुवाकोट मावि, अर्घाखाँची
- सहदेव बहादुर तिम्सिना, भृकुटी निमावि, डाँडागाउँ-२, काभ्रे
- वैदेही शरण यादव, उमावि बसबिट्टी, वसन्तपुर-३, महोत्तरी
- प्रकाश खड्का, वेष्ट प्वाइन्ट ई.बो. स्कूल, इलारी-७, कञ्चनपुर
- ध्रुवकुमार खड्का, जालपादेवी प्रावि, देउराली-१, रामेछाप
- मीठू डल्लाकोटी, निमावि बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- रमेशहरि शर्मा ढकाल, जनज्योति उमावि, च.पुर, रौतहट
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर-१३, मोरङ
- बलराम शिवाकोटी, राजकुलेश्वर निमावि, दोलखा
- भगवती अधिकारी, राम्चे प्रावि, बुंकोट, गोरखा
- लालबहादुर डि.सी., मिलन पुस्तक पसल, बोटेचौर, सहारे, सुर्खेत
- रामचन्द्र अधिकारी र सरोज अधिकारी, जलकन्या निमावि, बैरेनी-६, पाल्चोक, धादिङ
- मीनकुमार दाहाल, दिक्तेल-४, खोटाङ

**सुडोकु-२४ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *सुनिता खतिवडा,* बुधबारे-७, ट्रान्समिटर चोक, झापा**

**सही समाधान पठाउने अन्य सहभागीहरू**
- प्रेमबहादुर हमाल, विश्वज्योति मावि, पाखापानी-४, सिम्ले, पर्वत
- कपिलबहादुर गाहा, आलमदेवी-८, स्याङ्जा
- मीठू डल्लाकोटी, निमावि बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- गणेशबहादुर श्रेष्ठ, सातकन्या कालिकादेवी प्रावि, कदमबास-१, लप्से, सिन्धुपाल्चोक
- रूद्रबहादुर श्रेष्ठ, पाँचकन्या प्रावि, कदमबास-७, भैसे, सिन्धुपाल्चोक
- कौशलकुमार यादव, मधेशी शिक्षक फोरम, नेपाल, जिल्ला समिति, महोत्तरी
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- हेमराज पौडेल, लक्ष्मीनारायण निमावि, अमलाचौर-९, सरङ्गी, बाग्लुङ
- जनकप्रसाद आचार्य, प्रभात मावि, पालुङ, मैनादी-३, पाल्पा
- प्रकाश तजले, वाइज ल्याण्ड ई. स्कूल, जगाती-७, भक्तपुर
- शिवबहादुर खड्का, जनशक्ति उमावि, नामजुङ-४, गोरखा
- कोमलबाबु थापा, देउराली मावि, तुलसी-७, चुरे, धनुषा
- सरस्वती श्रेष्ठ, राम्चे प्रावि, बुंकोट, गोरखा
- लालबहादुर डि.सी., मिलन पुस्तक पसल, बोटेचौर, सहारे-८, सुर्खेत
- डिल्लीप्रसाद आचार्य, बौडेचौर मावि, सिगना-१, बागलुङ
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ-७, म्याग्दी
- प्रकाश खड्का, वेष्ट प्वाइन्ट ई.बो. स्कूल, झलारी-७, कञ्चनपुर
- सरोज रेग्मी, पटिहानी-४, सुन्दरवस्ती, चितवन
- हेमन्तप्रसाद खतिवडा, पझसना निमावि, सेरा, अछाम
- ओमप्रकाश जोशी, भि.न.पा.-७, हल्दुखाल, महेन्द्रनगर, कञ्चनपुर
- दीपेन्द्रकुमार झा, भीमेश्वर निमावि, रामपुर-७, रामेछाप
- देवराज तामाङ, प्रीति-२, उमांखु, रामेछाप
- निर्मल चन्द, पूर्णागिरी प्रावि, दोधारा-४, कन्चनपुर
- रामजी राउत, जनज्योति प्रावि, रिस्कु-४, उदयपुर
- सुनिल सारू मगर, भृकुटी निमावि, डाँडागाउँ-२, काभ्रे
- धरमबहादुर बुढाथोकी, चन्द्रोदय प्रावि, भावाङ-६, एनावाङ, रोल्पा
- चन्द्रप्रकाश वली 'निश्चल' 'अभागी कान्छा', धारापानी-४, डोब, सुर्खेत
- प्रमोदकुमार दास, दीपेन्द्र निमावि, जोगीडाँडा-६, रिस्कु, उदयपुर
- कमलप्रसाद भण्डारी, मनकामनादेवी मावि, शेरा-१, अछाम
- शंकरसिंह साउद, महाकाली जनसेवा उमावि, हल्दुखाल, कञ्चनपुर
- गोविन्दप्रसाद ढुङ्गाना, महाँकाल निमावि, ढूलोपर्सेल-१, काभ्रे
- किसन सिंह कुँवर, जनविकास उमावि, बारबाँज, दार्चुला
- विपिन रेग्मी, गोंगबु-३, काठमाडौं
- ध्रुवकुमार खड्का, जालपादेवी प्रावि, देउराली-१, रामेछाप
- देवचन्द्र श्रेष्ठ, ७१'ग' बैंकमार्ग, बागबजार, काठमाडौं
- वीरसिंह बगाल, लटीनाथ प्रावि, बरमुडे, दार्चुला
- माधव अधिकारी, जनहित उमावि, खनालथोक, काभ्रे
- शम्भुबहादुर आले मगर, नीलकण्ठेश्वर मावि, कठजोर-७, रामेछाप
- पल्लवराज जोशी, रिठा, चौपाता-८, मैखोली, दार्चुला
- सागर तामाङ, मावि सुगारे, लदाभीर-२, सिन्धुली
- तिलककुमारी खत्री, सुम्निम सनलाईट पब्लिक एकेडेमी, बजेडीचौर-४, सुर्खेत
- दीपकराज आचार्य, सरस्वती मावि, सिमघाट, सहारे-८, सुर्खेत
- कर्मागेलु शेर्पा, जुनबेसी मावि, सोलुखुम्बु
- साङकेन हाङ्ग राई, शान्ति निमावि, होम्ताङ-४, भोजपुर
- मानबहादुर थापा मगर, ने.रा.मावि, दौंघा-८, गुल्मी
- कान्तिबहादुर रायमाझी, दुर्गानदी प्रावि, चुल्ठेपानी, मझुवा-४, रामेछाप
- गणेश थापा, सिमरा कलेज, सिमरा, बारा
- हर्कबहादुर थापा मगर, तितौरे मावि, पालाकोट-७, बाग्लुङ
- दुपनारायण पौडेल, देवचुली उमावि, रजहर, नवलपरासी
- नेत्रबहादुर केसी, जनकल्याण उमावि, चिति, लमजुङ
- मीरा न्यौपाने, शारदा मावि, खोप्लाङ-२, गोरखा
- हरिराम पौडेल 'आत्रेय', प्रभात निमावि, मिजुरेडाँडा-४, पाखुरीकोट, कास्की
- कन्चन माया राई, शंखरानी निमावि, रानीबास-२, भोजपुर
- नवराज ओझा, रिठुकादेवी प्रावि, किराञ्चोक-३, धादिङ
- रत्नराज इटनी, भुवनेश्वरी मावि, चैनपुर-१, धादिङ
- कृष्णबहादुर लिम्बु 'कमल', कुरूले तेनुपा-५, धनकुटा
- झपडबहादुर लामिछाने, सरस्वती मावि, प्रीति-५, रामेछाप
- लेखनाथ सुवेदी, मार्गादेवी प्रावि, धनकुटा, बेलहारा-३, धनकुटा
- अमृतप्रसाद चापागाई, पाङ धैरेनी उमावि, पाङ, पर्वत
- झलक शर्मा, सरस्वती प्रावि, थापाठाना-१, पर्वत
- निरमाया श्रेष्ठ, सातकन्या कालिकादेवी प्रावि, कदमबास-१, लप्से, सिन्धुपाल्चोक
- मनिराम भट्टराई, संस्कृत तथा साधारण मावि, रिडी, गुल्मी
- पुष्पराज भण्डारी, शोडषादेवी उमावि, मंगलसेन-७, अछाम

**अन्ताक्षरी-२४ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *वन्दना गुरूङ,* ताङलीचोक मावि, ताङलीचोक-४, गोरखा**

**सही समाधान पठाउने अन्य सहभागीहरू**
- सुशीला खतिवडा, शीतला मावि, खाल्ले, खोटाङ
- बलराम शिवाकोटी, राजकुलेश्वर निमावि, दोलखा
- सुनिता खतिवडा, बुधबारे-७, ट्रान्समिटर चोक, झापा
- ध्रुवकुमार खड्का, जालपादेवी प्रावि, देउराली-१, रामेछाप
- कान्तिबहादुर रायमाझी, दुर्गानदी प्रावि, चुल्ठेपानी, मझुवा, रामेछाप
- प्रेमकृष्ण श्रेष्ठ, प्र.उमावि, झा.रा.-२, बोहोरेटार, सिन्धुली
- कृष्णदेवी राजवंशी, जनज्योती प्रावि, झा.रा.-१, रामेछाप
- शम्भुबहादुर आले मगर, नीलकण्ठेश्वर मावि, कठजोर-७, रामेछाप
- सान्ता, शेर, डम्बर, विष्णु, जनता मावि, रौता, रानीबास-५, उदयपुर
- वीरसिंह बगाल, लटीनाथ प्रावि, बरमुडे, दार्चुला
- देवराज श्रेष्ठ, उदय प्रावि, तीनधारे, ओखलढुङ्गा
- गजेन्द्र प्रकाश थारू, ने.रा.निमावि, बदालपुर-१, बर्दिया
- पुष्पराज भण्डारी, शोडषादेवी उमावि, मंगलसेन-७, अछाम
- कमलप्रसाद भण्डारी, मनकामनादेवी मावि, शेरा-१, अछाम
- शशिधर पौडेल, जनता मावि, पाही, राङखानी, बाग्लुङ
- रत्नराज इटनी, भुवनेश्वरी मावि, चैनपुर-१, धादिङ
- झपडबहादुर लामिछाने, सरस्वती मावि, प्रीति-५, रामेछाप
- रामप्रसाद अधिकारी, किराञ्चोक कार्कीडाँडा मावि, बैरेनी-१, धादिङ
- ओम भुजेल, भू.पू. सैनिक आ.मा.वि., भोटेओडार, लमजुङ
- खड्गविक्रम विष्ट, बैजनाथ मावि, गैलनदी, सुडा-९, कञ्चनपुर
- चेतनकुमार थापा, बाल भैरब प्र. निमावि, लेखगाउँ-१, थारी, सुर्खेत
- गुरूप्रसाद न्यौपाने, रानीटार उमावि, रानीटार-२, पाँचथर
- पोस्तकप्रसाद गजुरेल, महामाया निमावि, जिलिङ-८, नुवाकोट
- मनिराम भट्टराई, संस्कृत तथा साधरण मावि, रिडी, गुल्मी
- रामचन्द्र अधिकारी र गोविन्दप्रसाद अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ
- नारायणप्रसाद नेपाल, जुगल प्रावि, बतासे-४, साकिने, सिन्धुपाल्चोक
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर-१३, मोरङ
- कुलेकेशर राई, लक्ष्मीनारायण प्रावि, वास्तिम-४, भोजपुर
- कमल पौडेल, जनता मावि, पाही, राङखानी-६, बाग्लुङ
- बलराम इटनी, त्रिपुरा सुन्दरी उमावि, खरी-४, धादिङ
- कमानसिंह खनाल, भगवती निमावि, ओवरी-७, बाँके
- देवनारायण चौधरी, हडिया-४, उदयपुर
- चन्द्रप्रसाद घिमिरे, पञ्चपोखरी प्रावि, चुचुरे-५, रामेछाप
- बि.एल. 'उजाड', राइनास एण्ड ग्लोबल स्कूल, चक्रतीर्थ-५, लमजुङ
- हरिश्चन्द्र लम्साल, भैरवकाली उमावि, रम्घा-६, दुइपिप्ले, लमजुङ
- साधना अमात्य, जालपादेवी उमावि, सिन्धुपाल्चोक
- भक्ति घिमिरे 'दुर्बोध', ज्ञानोदय बालबाटिका मावि, सानेपा, ललितपुर
- मीठू डल्लाकोटी, निमावि बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- वैदेहीशरण यादव, उमावि बसबिट्टी, वसन्तपुर-३, महोत्तरी
- रमेशहरि शर्मा ढकाल, ज.ज्यो. उमावि, च.पुर, रौतहट
- धरमबहादुर बुढाथोकी, चन्द्रोदय प्रावि, भावाङ-६, एनावाङ, रोल्पा
- ओमप्रकाश जोशी, भी.न.पा-७, हल्दुखाल, महेन्द्रनगर, कञ्चनपुर
- रामजी राउत, जनज्योति प्रावि, माकुरे, रिस्कु-४, उदयपुर
- जयबहादुर वाईवा, भृकुटी निमावि, सौरे-२, डाँडागाउँ, काभ्रे
- शंकरसिंह साउद, महाकाली जनसेवा उमावि, हल्दुखाल, कञ्चनपुर
- कुमारी थापा मगर, दिपेन्द्र निमावि, जोगीडाँडा, रिस्कु-६, उदयपुर
- गोविन्दप्रसाद ढुङ्गाना, महाँकाल निमावि, ढूलोपर्सेल-१, पकुवाल, काभ्रे
- पल्लवराज जोशी, रिठा चौपाता-८, मैखोली, दार्चुला

**सामान्यज्ञान २४ः कुनै पनि सहभागीबाट सही समाधान प्राप्त हुन सकेन ।**

## मैले पढेको स्कूल

# 'आत्मविश्वास जगायो'

**नवोदिता चौधरी**
सभापति, सांस्कृतिक तथा सामाजिक
ऐक्यबद्धताको आधार निर्धारण समिति, संविधानसभा


प्रमोद आयाम

**तपाईंले कुन स्कूल पढ्नुभयो ?**

मैले तीनवटा स्कूलमा पढेँ । नर्सरीदेखि कक्षा एकसम्म काठमाडौं, ज्ञानेश्वरको इन्टरनेशनल, कक्षा २ देखि ४ पोखरा र कक्षा ५ देखि १० सम्म जावलाखेलको सेन्ट मेरिज स्कूलमा बितेको हो । २०५१ सालमा एसएलसी गरेँ ।

**सेन्ट मेरिजमा पढ्ने अवसर कसरी पाउनुभयो ?**

यसको पहिलो श्रेय त मेरो बुबाआमालाई जान्छ । उहाँहरूले मलाई सेन्ट मेरिजमै पढाउने रहर गर्नुभयो । म पनि त्यहाँको प्रवेश परीक्षा उत्तीर्ण गर्न सफल भएँ ।

**कस्तो थियो स्कूलको पढाइ ?**

सेन्ट मेरिज आफैंमा पहिलेदेखि नै नाम चलेको स्कूल हो । त्यहाँका सबै कुराहरू मलाई असाध्यै राम्रो लाग्थ्यो । खासगरी पठनपाठनको शैली, अतिरिक्त क्रियाकलाप, अनुशासित वातावरण नै सेन्ट मेरिजका मुख्य विशेषता थिए ।

**तपाईं स्कूलमा कस्तो विद्यार्थी हुनुहुन्थ्यो ?**

राम्रै विद्यार्थी थिएँ । सधैं प्रथम श्रेणीमा पास भएँ । पढाइप्रति एकदमै रुचि हुन्थ्यो । कलेजसम्म पनि मलाई फेल भएको अनुभव भएन ।

**सेन्ट मेरिजबाट तपाईंले सिक्नुभएका विशेष कुरा ?**

मेरो जीवनको जग नै त्यही स्कूल हो । त्यसले ममा आत्मविश्वास जगाइदियो । राम्रा आचरण सिकेँ । मेरो अङ्ग्रेजी भाषाको आधार पनि सेन्ट मेरिज नै हो । त्यही स्कूलको जगमा उभिएर मैले बङ्गलादेशबाट बीएस्सी र भारतबाट वातावरण विज्ञानमा प्रथम श्रेणीमा एमएस्सी गर्न सकेँ ।

**स्कूलका सम्झनलायक अरू कुरा ?**

भौतिक तथा शैक्षिक पूर्वाधारको कमी थिएन । शिक्षकले विद्यार्थीका हरेक क्रियाकलापलाई नजिकबाट ख्याल राख्थे । जसलाई जुन कुरामा रुचि हुन्थ्यो, शिक्षकले त्यस्तै किसिमका क्रियाकलाप गराउँथे ।

**आफूलाई पढाउने कुनै शिक्षकको सम्झना छ ?**

बढी विदेशी शिक्षकहरू थिए । त्यसमा पनि मिसहरू बढी थिए । नेपाली शिक्षकमध्ये अञ्जना म्याडम र उहाँको पढाउने शैली मलाई मन पर्थ्यो । उहाँ निकै प्रतिबद्ध शिक्षक हुनुहुन्थ्यो । उहाँकै कारण मेरो अङ्ग्रेजी बढी राम्रो भएको ठान्छु । त्यसैले उहाँप्रति म निकै आभारी छु । साथै, अर्की शिक्षक सिस्टर रुफिनालाई पनि सम्झिरहन्छु ।

**आफूसँग पढेका कतिजना साथीहरूको नाम सम्झनुहुन्छ ?**

केहीलाई सम्झन्छु । जस्तै अनु श्रेष्ठ, रोजी शाक्य, लली बज्राचार्य । उनीहरूमध्ये अनुसँग चाहिँ अहिले पनि सम्पर्क भइरहेको छ । उनी अहिले अमेरिकामा डाक्टर छिन् ।

**सेन्ट मेरिजमा नपढेको भए तपाईंको जीवनमा केही फरक पर्थ्यो ?**

सेन्ट मेरिजको सट्टा अर्को स्कूलमा पढेको भए शायद ममा अहिलेको जस्तो आत्मविश्वास हुँदैनथ्यो होला ।

**आफू पढेको स्कूलमा फर्केर जाने गर्नुहुन्छ ?**

प्रमाणपत्र तहमा पढ्दासम्म वेलावेलामा जान्थेँ । विदेशतिर गएपछि स्कूलसँग 'ग्याप' भयो । तर, गत वर्ष पोखराको सेन्ट मेरिज स्कूलमा चाहिँ गएँ । म पहिले पढ्दाकै प्रिन्सिपल सिस्टर स्कोस्लास्टिका अहिले पनि प्रिन्सिपल हुनुहुँदोरहेछ । एकअर्कालाई भेटेर हामी निकै खुसी भएका थियौं ।

**सेन्ट मेरिजबाट सामुदायिक स्कूलहरूले पनि सिक्नुपर्ने कुराहरू केही छन् ?**

हुन त सामुदायिक स्कूलहरू पनि पहिलेको तुलनामा सुधँदो अवस्थामा छन् । यद्यपि धेरैजसो स्कूलमा व्यवस्थापनमै समस्या देखिन्छ । कुशल व्यवस्थापन, अनुशासित पठनपाठन, पारदर्शिता, शिक्षकको लगनशीलता, नियमित पठनपाठन, अतिरिक्त क्रियाकलापलाई सामुदायिक स्कूलले अनुसरण गर्न सक्छन् ।

**स्कूलहरू सामुदायिक वा निजी कुन हुनु राम्रो ?**

स्कूल त सामुदायिक नै चाहिन्छ । मुलुकको समग्र विकासको आधार नै शिक्षा हो । विदेशतिर सामुदायिक स्कूलहरू कति स्तरीय छन् । तर, हामीकहाँ चाहिँ उल्टो ! निजी स्कूल पनि सञ्चालन होउन् त्यो वेग्लै कुरा हो । तर सामुदायिक स्कूल गतिलो भए मात्रै बहुसङ्ख्यक विद्यार्थीले स्तरीय र सर्वसुलभ शिक्षाको अवसर पाउँछन् ।

**सामुदायिक स्कूलको स्तर कसरी सुधार्न सकिएला त ?**

पहिलो कुरा सरकारले शिक्षाको बजेट बढाउनुपर्छ । त्यसपछि त्यसको सही व्यवस्थापन गर्नुपर्छ । शिक्षकहरूको क्षमता अभिवृद्धि पनि अर्को महत्त्वपूर्ण पक्ष हो । साथै, सामुदायिक स्कूलको स्तर बढाउनका लागि राजनीतिक स्तरबाट पनि यसप्रति प्रतिबद्धता आउनु जरुरी छ ।

# शिक्षक मासिक ग्राहक बन्नका लागि सम्पर्क ठेगाना

१. पाँचथर
सरस्वती पुस्तक पसल, फिदिम, ०२४-६९००८३

२. इलाम
इलाम पुस्तक पसल
फोन: ०२७-५२०४२३, ९८४२६२७४२३

३. झापा
जीविका इन्टरप्राइजेज, बिर्तामोड, ९८४२६२४६७७

४. तेह्रथुम
श्रेष्ठ भण्डार, म्याङलुङ
फोन: ०२६-४६०१९३, ९८४१६८७७०७

५. भोजपुर
त्रिवेणी छापाखाना, फोन: ०२९-४२०१९०

६. मोरङ
- वाणी प्रकाशन
  विराटनगर, ०२१-५२८१२०, ९८०४३०१४४१
- कट्टेल न्यूज एण्ड स्टेशनरी
  विराटनगर, ९८५२०२२५३३, ०२१-४७२३८७

७. सोलुखुम्बु
मेरिना बुक्स एण्ड स्टेशनरी
सल्लेरी: ०३८-५२०१४९, ९७४३००५८००

८. ओखलढुङ्गा
- श्रेष्ठ पत्रपत्रिका सेन्टर
  भैरवटोल: ०३७-५२०२१२
- उदास पुस्तक पसल
  चोकबजार: ०३७-५२०२०२, ९८४१०३४०३७

९. उदयपुर
अनुप पुस्तक पसल
कटारी, ०३५-४५००१३

१०. खोटाङ
श्रेष्ठ बुक्स एण्ड न्युज एजेन्सी
दिक्तेल, ०३६-४२०२३२, ९८४२८४९२३२

११. धनुषा
जनज्योती पुस्तक पसल
जनकपुर, ०४१-५२१८८४

१२. दोलखा
- हारती स्टेशनरी एण्ड सप्लायर्स
  भीमेश्वर, ०४९-४२१३२७, ९८४४०६५४६६
- जिरी स्टेशनरी
  जिरी, ०४९-६९०४७८, ९७४४००१०१६

१३. सिन्धुली
न्यू परजुना स्टेशनरी
सिन्धुली, २ नं. बजार: ०४७-५२००२५

१४. रामेछाप
- जे.एन. पुस्तक पसल
  मन्थली, ०४८-५४०३१०, ९७४१०५००११
- मिलिजुली पुस्तक तथा स्टेशनरी
  मन्थली, ०४८-५४००८३

१५. रौतहट
प्रभात स्टेशनरी, चन्द्रनिगाहपुर ०५५-५४०५०२

१६. पर्सा
माइस्थान बुकसप, वीरगन्ज, ०५१-५२३४५०

१७. बारा
गौरीशंकर पुस्तक भण्डार
निजगढ, ०५३-५४०१९२, ९८४५०९७०५९

१८. मकवानपुर
पत्रपत्रिका सेन्टर, हेटौंडा, ०५७-५२१४३३

१९. काभ्रे
- प्रगति पुस्तक पसल
  बनेपा, ०११-६६१२५७, ९८४१६०६५०६
- श्रेष्ठ ट्रेडर्स, पनौती
  फोन: ०११-४४००५४, ९८४१४७४९५१

२०. सिन्धुपाल्चोक
- केशव स्टेशनरी, चौतारा
  फोन: ०११-६२०२२६, ९८४१९२४४३७
- शुभकामना स्टेशनरी
  बाह्रबिसे, ०११-४८९०८१
- प्रगति स्टेशनरी, बलेफि, ०१-६९१४३१५

२१. काठमाडौं
- ए.बी.जी. स्टेशनरी
  बुढानिलकण्ठ, ०१-४३७७४९५
- किपु बुक प्वाइन्ट, कीर्तिपुर, ०१-४३३१७७५

२२. धादिङ
- त्रिपुरा पुस्तक पसल, धादिङवेसी: ०१०-५२०१९०
- न्यू धादिङ स्टेशनरी
  निलकण्ठ, ०१०-५२०६६५
- हिमाल बुक्स एण्ड स्टेशनरी
  धादिङ, बैरेनी, ०१०-५२९२६०

२३. नुवाकोट
उत्सुक जेनेरल स्टोर, बिदुर, ०१०-५६०४१९

२४. चितवन
नारायणी पुस्तक सदन
नारायणगढ, ०५६-५२१२८०, ९८४५०६३९२३

२५. नवलपरासी
मिलन पुस्तक पसल
सुनवल, ०७८-५७०२११, ९८४७०२२१०८

२६. रूपन्देही
- सरल स्टेशनरी केन्द्र
  भैरहवा, ०७१-५२१७३४, ९८४७०२३२२९
- विशाल पुस्तक पसल, बुटवल, ०७१-५४६५५९

२७. गुल्मी
रेसुङ्गा विज्ञापन सेवा
तम्घास: ०७९-५२०६८६, ९८४७०७२८२६

२८. पाल्पा
श्रेष्ठ न्युज एजेन्सी, तानसेन: ०७५-५२०१८२

२९. तनहुँ
- गण्डकी पुस्तक पसल
  दमौली, ०६५-५६०१२८, ९८५६०२४४५६
- अविद स्टेशनर्स
  डुम्रे, ०६५-५८००५५, ९८४६०६०८०१

३०. गोरखा
रोजिना पुस्तक भण्डार
विद्यालय मार्ग, ०६४-४२०१६३, ९८५६०२७३७५

३१. लमजुङ
झरना पुस्तक पसल
बेसीशहर, ०६६-५२०५१०, ९८४६०९९८३६

३२. कास्की
सफल मिडिया हाउस
पोखरा, ०६१-५३८९१३, ९८५६०२६५७२

३३. अर्घाखाँची
उमेश छापाखाना, सन्धिखर्क, ०७७-४२०१७०

३४. दाङ
- खनाल पुस्तक पसल, भालुबाङ, ०८२-५८०१५८
- जनता बुक स्टल, घोराही
  फोन: ०८२-५६०२६९, ९८४७८३२१५४
- नयाँ ज्योती अफसेट प्रेस
  तुलसीपुर, फोन: ०८२-५२०९२१

३५. रोल्पा
न्यू पूर्णिमा स्टेशनरी एण्ड सप्लायर्स
लिवाङ, ०८६-४४००४०, ९७४८५१५१५१

३६. बाँके
- हिमाल डिस्ट्रिब्युटर, नेपालगन्ज
  फोन: ०८१-५२३८४८, ९८४८०९९३४५
- न्यू त्रिवेणी पुस्तक सदन, धम्बोजीचोक
  फोन: ०८१-५२२५६३, ९८४८०२२७९९
- न्यू आदर्श बुक्स एण्ड स्टेशनरी
  बी.पी.चोक, नेपालगञ्ज, ०८१-५२३८१५
- क्षितिज न्यूज कर्नर
  कोहलपुर, फोन: ०८१-५४१६०८

३७. बर्दिया
- न्यू अर्याल पुस्तक पसल, भुरिगाउँ
  फोन: ०८४-६९२२८१, ९८४८०३५४०३

३८. बाजुरा
सृजना स्टेशनरी एण्ड फोटोकपी सेन्टर
मार्तडी, ०९७-५४१०३४, ९८४८४३२२६३

३९. बझाङ
सगुन स्टेशनरी, ०९२-४२१२३२, ९८४८४५८४६३

४०. दैलेख
शर्मा स्टेशनरी
फोन: ०८९-४२००७४, ९८४८०६२८९६

४१. सुर्खेत
- संगम पुस्तक पसल
  सुर्खेत: ०८३-५२१०७९, ९८४८०४१७०६
- अल्फा स्टेशनरी, बुद्धपथ, ०८३-५२११३७
- न्यू बिहानी पुस्तक पसल
  छिन्चु, फोन: ०८३-५४००५३

४२. जुम्ला
शाही जनरल स्टोर, खलङ्गा बजार
फोन: ०८७-५२००५८, ९८४८३००९८०

४३. कैलाली
- निलम पुस्तक पसल
  अत्तरिया, ०९१-५५०७३८, ९८५८४२०७३८

४४. अछाम
भावुक स्टेशनरी
साँफेबगर: ०९७-६९०१९४, ९७४९०२०९८५

४५. कञ्चनपुर
महाकाली समाचार केन्द्र
महेन्द्रनगर, ०९९-५२१६५३

४६. दार्चुला
चौलानी पुस्तक पसल, गोकुलेश्वर
फोन: ०९३-६९०३३८, ९७४१११८९२५

यहाँहरूलाई उपलब्ध भइरहेको *शिक्षक* मासिकको सहज भुक्तानीको लागि राष्ट्रिय वाणिज्य बैंक, पुल्चोक शाखा अन्तर्गत *ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड/शिक्षक मासिक* को नाममा रहेको चल्ती खाता नं १६१३ मा रकम जम्मा गरिदिनुहुन अनुरोध छ । रकम जम्मा गरेको रसिद सुरक्षित राख्नुहोला । रकम प्राप्त भएपछि तपाईंको नाममा आम्दानी जनाइनेछ ।




Corporate Office (home tv):
Lalitpur-3, Pulchowk, Nepal. P.O.Box No: 20939. Tel: 5009240. Fax: 5009070.
E-mail: help@hometvnepal.com, booking@hometvnepal.com URL: www.hometvnepal.com

Toll Free No. 16600110101